खुला विद्यालयका लागि लक्षित स्वाध्ययन सामग्री

# इतिहास

कक्षा १०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

खुला विद्यालयका लागि लक्षित स्वाध्ययन सामग्री

# इतिहास

कक्षा १०


**लेखकहरू**

माधवप्रसाद दाहाल

होमनाथ पौडेल



नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

२०७७

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०७७

# भूमिका

विद्यार्थीहरूको शिक्षाको पहुँच विस्तारका लागि खुला विद्यालय शिक्षा पद्धतिको भूमिका महत्त्वपूर्ण हुन्छ । खुलाशिक्षा पद्धतिले आर्थिक, सामाजिक, भौगोलिक तथा यस्तै अन्य कारणबाट विद्यालय शिक्षा पूरा गर्न नसकेका बालबालिका तथा विद्यालय उमेर कटिसकेका व्यक्तिहरूलाई शिक्षाको अवसर प्रदान गरी शिक्षाको मूल धारमा ल्याउने उद्देश्य राख्दछ ।

विद्यालय शिक्षाको पाठ्यक्रममा आधारित रहेर विगत वर्षहरूमा साविकको शैक्षिक जनशक्ति विकास केन्द्रबाट कक्षा दशको अनिवार्य विषयका स्वाध्ययन सामग्रीहरू विकास हुँदै आएकोमा यस केन्द्रबाट गत आ. व. मा थप ४ ओटा ऐच्छिक विषयका स्वाध्ययन सामग्री विकास भइ सार्वजनिकीकरण भइसकेका छन् । यस वर्ष चारओटा ऐच्छिक विषयका स्वाध्ययन सामग्री विकास गर्ने कार्यक्रम रहेको सन्दर्भमा यो एउटा सामग्री विकास भएको छ ।

औपचारिक शिक्षा कक्षा दशको **"इतिहास"** विषयको पाठ्यक्रमको आधारमा खुला विद्यालयको कक्षा दशको यो स्वाध्ययन सामग्री निर्माण गरिएको छ । कक्षा आठ पास गरेका व्यक्तिहरूले पनि कक्षा दशको परीक्षामा सहभागी हुन सक्ने प्रावधान भएकाले यस सामग्रीमा कक्षा नौको विषयवस्तुहरूलाई समेत समेटी सिकारुमैत्री विषयवस्तु प्रस्तुतिमा निरन्तरता कायम गर्ने प्रयास गरिएको छ । विद्यार्थीहरूले आफैँले पढेर सिक्न सकुन् भन्ने उद्देश्यले विषयवस्तुहरूलाई सरल र व्यवहारिक बनाउने कोशिस गरिएको छ । यस प्रकार यो सामग्री पाठ्यपुस्तकको सट्टामा नभई परिपुरकको रुपमा विकास गरिएको हो ।

यस **"इतिहास"** विषयको लेखन कार्य गर्नुहुने लेखकद्वय श्री माधवप्रसाद दाहाल र श्री होमनाथ पौडेललाई धन्यवाद दिन चाहन्छु । पुस्तक लेखनका क्रममा समय समयमा सल्लाह र सुझाव प्रदान गर्नुहुने यस केन्द्रका उपमहानिर्देशक श्री विष्णुप्रसाद अधिकारी र लेखन कार्यको संयोजन गर्नुहुने पाठ्यक्रम तथा सामग्री शाखाका निर्देशक श्री राजकुमार थापा, शाखा अधिकृत श्री भीमादेवी कोइरालालाई धन्यवाद दिन चाहन्छु ।

यस पुस्तकको विषयवस्तु सम्पादन गर्नुहुने निर्देशक श्री राजकुमार थापा, भाषा सम्पादन गर्नुहुने निर्देशक श्री गणेशप्रसाद भट्टराई, चित्र तथा लेआउट डिजाइन र कभरपेज डिजाइन गर्नुहुने श्री जयराम कुइँकेल प्रति आभार प्रकट गर्दछु । अन्त्यमा यस पुस्तकलाई थप परिमार्जित, परिष्कृत बनाउन सम्बन्धित पाठक तथा सरोकारवालाहरूबाट सदैव रचनात्मक सुझाव तथा प्रतिक्रियाको अपेक्षा समेत गर्दछु ।

डा. तुलसी प्रसाद थपलिया
महानिर्देशक
शिक्षा तथा मानवस्रोत विकास केन्द्र

# विषयसूची


| पाठ | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|
| **एकाइ - एक** | **मध्यकालीन नेपाल** | **१** |
| पाठ- १ | सिँजा राज्यको सभ्यता | १ |
| पाठ-२. | सिमरौनगढ राज्यको सभ्यता | ७ |
| पाठ- ३ | बाइसी राज्यहरू | १३ |
| पाठ ४ | चौबिसी राज्यहरू | १६ |
| पाठ- ५ | सेन राज्यहरू | २१ |
| पाठ- ६ | काठमाडौँ उपत्यकाका राज्यहरू | २५ |
| पाठ- ७ | मध्यकालीन नेपालका राज्यहरूको सम्बन्ध | ३४ |
| **एकाइ - दुई** | **आधुनिक नेपाल** | **३८** |
| पाठ - १ | २००७ सालको क्रान्तिका कारण र उपलब्धिहरू | ३८ |
| पाठ - २ | २००७ देखि २०१७ सालसम्मको राजनीतिक ..... | ४२ |
| पाठ - ३ | निर्दलीय पञ्चायती व्यवस्थाको उदय र अन्त्य | ४६ |
| पाठ - ४ | २०४६ को जनआन्दोलन र उपलब्धि | ५० |
| पाठ -५ | आम निर्वाचन | ५४ |
| पाठ -६ | २०५२ देखि २०६२ सम्मको घटनाक्रम | ५९ |
| पाठ -७ | जनआन्दोलन बैसट्ठी-त्रिसट्ठी र संविधानसभा | ६२ |
| पाठ - ८ | २०६३ देखि २०७४ सम्मका मुख्य मुख्य घटनाहरू | ६७ |
| पाठ - ९ | सङ्घीय शासनपद्धति (सङ्घ, प्रदेश र स्थानीय तह) | ७२ |
| **एकाइ- तीन** | **विश्वका सभ्यताहरू** | **७९** |
| पाठ - १ | ग्रिक तथा रोमन सभ्यता | ७९ |

| | | |
|---|---|---|
| पाठ- २ | वैदिक सभ्यता | ८५ |
| **एकाइ - चार** | **विश्वका क्रान्ति** | **८८** |
| पाठ : १ | रुसी क्रान्ति | ८८ |
| पाठ : २ | रुसी क्रान्तिका परिणामहरू | ९४ |
| पाठ : ३ | भारतीय स्वतन्त्रता सङ्ग्राम (सन् १८८५-१९४७) | ९९ |
| पाठ : ४ | भारतीय स्वतन्त्रता सङ्ग्रामका परिणामहरू | १०४ |
| पाठ : ५ | चीनको जनवादी क्रान्ति | १०७ |
| **एकाइ - पाँच** | **विश्वयुद्ध** | **११३** |
| पाठ : १ | द्वितीय विश्वयुद्ध | ११३ |
| पाठ : २ | दोस्रो विश्वयुद्धका परिणामहरू | ११९ |
| **एकाइ - छ** | **विश्वव्यापी सङ्गठनको अवधारणा** | **१२३** |
| पाठ : १ | संयुक्त राष्ट्र सङ्घ | १२३ |
| पाठ : २ | संयुक्त राष्ट्रसङ्घ र नेपाल | १३१ |
| **एकाइ - सात** | **प्रयोगात्मक क्षेत्र** | **१३६** |
| पाठ : १ | ऐतिहासिक खोज | १३६ |
| पाठ : २ | समयरेखा निर्माण र प्रयोग | १३९ |

# एकाइ एक मध्यकालीन नेपाल

## पाठ - १ सिँजा राज्यको सभ्यता

### परिचय, महत्त्व र नेपालको इतिहासमा काल विभाजन

इतिहास विगतका गतिविधिहरूको सँगालो हो । इतिहास जीव र निजीव सबैको हुन्छ । इतिहासको परिभाषा दिने क्रममा इतिहासकारहरूमा एकमत छैन । इतिहासकारहरूको भावमा भने उस्तै कुरा पाइन्छ । वास्तवमा प्रमाणका आधारमा गरिएका विभिन्न कालखण्डको अध्ययन नै इतिहास हो र यसमा कारण, घटना, समय, स्थान, परिणाम आदिको सिलसिला मिलेको हुनुपर्दछ ।

इतिहासको अध्ययनले मानिसलाई विगतका विभिन्न पक्षहरूको जानकारी लिन वर्तमानको अवलोकन गर्न सिकाउँछ । विगत र वर्तमानको तुलनात्मक अध्ययनले विभिन्न समयका घटनाहरूको मूल्याङ्कन र समालोचना गर्ने क्षमताको विकास गर्दछ । फलस्वरूप: मानिसमा नयाँ योजनाको निर्माण तथा भविष्यको मार्ग निर्देशन गर्ने क्षमताको विकास गर्दछ । इतिहासले नै मानिसलाई आफ्ना पूर्खाको योगदान र उनीहरूले स्थापित गरेका संस्कारहरूको संरक्षण र अभ्यास गर्न सिकाउँछ ।

नेपालको अध्ययनका विद्वान्हरूले नेपालको इतिहासलाई मुख्यतः प्राचीन काल (वि.सं.९३७ सम्म), मध्यकाल (वि.सं.९३७-१८२५) र आधुनिक काल ( वि.सं.१८२५ देखि हालसम्म) गरी तीन कालमा विभाजन गरेका छन् ।

### सिँजा राज्य

इतिहासको मध्यकालमा सिँजा नामको प्रसिद्ध राज्य थियो । यो राज्य वर्तमान नेपालको कर्णाली प्रदेशमा पर्दथ्यो । हालको जुम्ला जिल्लाको सिँजा उपत्यकामा यसको राजधानी भएकाले यस राज्यलाई सिँजा राज्य भनेर चिनिन्थ्यो । यस राज्यको स्थापना बाह्रौं शताब्दीको सुरुतिर भएको थियो । सिँजा राज्यका संस्थापक राजा नागराज हुन् र उनी तिब्बतको गुगेबाट सिँजामा आएर यो राज्यको स्थापना गरेका थिए । सिँजाका राजाहरू खस वंशका भएकाले यिनीहरूलाई खस राजा र यिनीहरूको राज्यलाई खस राज्य भनेर समेत चिनिन्छ । सिँजामा नागराजपछि चाप, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल राजा

भएका थिए । अन्य केही राजाहरू र उनीहरूको योगदानका विषयमा तल चर्चा गरिने छ ।

### (क) क्राचल्ल

क्राचल्ल क्राधिचल्लका छोरा हुन् । यिनको जन्म नागराजको छैटौँ पुस्तामा भएको हो । यिनी सिँजाका निकै शक्तिशाली र कुटनीतिक क्षमता भएका राजा थिए । यिनको गुणगान गाइएको एउटा शिलालेख कुमाउँको बालेश्वर मन्दिरमा पाइएको छ । यस शिलालेखले त्यसकालमा खस राज्य कुमाउँसम्म विस्तार भएको पुष्टि गर्दछ ।

काक्रे बिहार



### (ख) अशोकचल्ल

क्राचल्लका छोरा अशोकचल्ल न्यायप्रेमी, धार्मिक तथा प्रतापी राजा थिए । सुर्खेतको काँक्रे विहार यिनैले बनाएका हुन् । यिनको प्रसस्ति गाइएका स्तम्भ र शिलालेखहरू गढवाल र बोधगयामा समेत प्राप्त भएका पाइएका छन् ।

### (ग) जितारी मल्ल

आफ्नो नामको पछाडि मल्ल उपाधि लगाउने खस राजा जितारी मल्ल हुन् । यिनको काठमाडौँ उपत्यका माथिको पटक पटकको आक्रमणले उपत्यकावासीहरू निकै आत्तिएका थिए । काठमाडौँ उपत्यकामा त्यसबेला अनन्तमल्लले राज्य गरिरहेका थिए । जितारीमल्लको आक्रमणबाट आत्तिएर अनन्त मल्लले उनीसँग सम्झौता गरेका थिए । काठमाडौँ उपत्यका मल्ल राजाहरूमाथि विजय प्राप्त गरेकाले जितारी मल्लले आफ्नो आफ्ना पूर्खाहरू **चल्ल** उपाधि त्याग गरी **मल्ल** उपाधि ग्रहण गरेका हुन् भन्ने इतिहासकारहरूको राय रहेको छ ।

### (घ) रिपु मल्ल

रिपु मल्ल सिँजा राज्यका उत्तराधिकारी होइनन् । यिनले सत्तामा **कु** गरेर सिँजाका राजा भए । यही बेला रिपु मल्लले आफ्ना जेठाबाबु अक्षय मल्ललाई हटाई आफू राजा भए । यिनले काठमाडौँ र लुम्बिनीको यात्रा गरेका थिए । लुम्बिनीको अशोक स्तम्भमा यिनी र यिनका छोरा सङ्ग्राम मल्लको नाम उल्लेख भएको छ ।

### (ङ) आदित्य मल्ल

आदित्य मल्ल निकै धार्मिक प्रकृतिका मानिस थिए र यिनले भिक्षु बनेर जीवन शैली चलाइरहेका थिए । तर त्यस बेला खस राज्यमा जालझेल र षड्यन्त्रका कारणले उतारचढावहरू आएको हुँदा यिनले त्यहाँको शासनमा हात हाले । त्यसबेला सिँजा राज्यमा कु गरेर रिपु मल्लले शासन गरिरहेको थिए । दोस्रो पटक आदित्य मल्ले रिपु मल्ल र उनका छोरा सँग्राममल्लमाथि **कु** गरी राज्यको जिम्मेवारी आफ्नो हातमा लिए । यिनले काठमाडौँमाथि समेत आक्रमण गरेका थिए । आदित्य मल्लको शेषपछि यिनका ज्वाईं पुण्य मल्ल खस राज्यको राजा भए ।

### (च) पृथ्वी मल्ल

पृथ्वी मल्ल निकै प्रभावशाली र दूरदर्शी राजा थिए । यिनले राज्यको विस्तार तथा प्रशासनिक सुधारका लागि विशेष योगदान दिएका थिए । खस राज्यको इतिहास जान्ने स्रोत दुल्लुको कीर्तिस्तम्भ हो र यसको स्थापना पृथ्वी मल्लले गरेका थिए ।

### (छ) अभय मल्ल

अभय मल्लको शासन कालमा भारदारहरूका बिचमा शक्ति सङ्घर्षको भयो । यस प्रकारको षड्यन्त्र र सङ्घर्षको परिणामस्वरूप अभय मल्लको शासनकालपछि मलय वर्माले यहाँको सत्ता कब्जा गरे । उनी खस राज्यका शक्तिशाली भारदार थिए । यसपछि क्रमशः खस राज्यबाट बाइसे राज्यहरूको विकास भयो ।

## सिँजा राज्यको सभ्यता

वर्तमान नेपालमा खस सभ्यताको महत्त्वपूर्ण योगदान रहेको छ । जसलाई तलका बुँदामा चर्चा गरिएको छ ।

## (क) राजनीतिक अवस्था

नेपालमा विकेन्द्रीकरणको अभ्यास खस राज्यबाट भएको मान्न सकिन्छ । त्यसबेला यस राज्यको विस्तार टाढाटाढासम्म भएको थियो । केन्द्रबाट सिधै शासन चलाउन सम्भव नभएको हुनाले खस राजाहरूले विकेन्द्रीकरणको अभ्यास गरेका थिए । राज्यको अन्तिम निर्णय गर्ने अधिकार राजामा हुन्थ्यो र उनी नै सबैका प्रमुख हुन्थे । राजाको मृत्युपछि उनको जेठो छोरा राजा हुने गरी राज्यको उत्तराधिकार कायम गरिएको हुन्थ्यो । राजकाजमा सघाउनका लागि राजकुमारहरूलाई विभिन्न जिम्मेवारी दिइएको हुन्थ्यो । त्यस्ता जिम्मेवारीपूर्ण पदहरू सेनापति, मण्डलेश्वर, अमात्य आदि हुन्थे । राजाको छोरा नभएमा राज्यको जिम्मेवारी ज्वाईंमा जाने गर्दथ्यो । महाअमात्य, अमात्य, भण्डारी, राजगुरु आदि राजनीतिक पदहरू थिए । प्रशासनलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि गुप्तचर, प्रेक्षक, अडै, महातारा आदिजस्ता पदहरूको सिर्जना गरिएको थियो ।

## (ख) समाजिक अवस्था

खस समाज वर्ण व्यवस्थामा आधारित थिएन । मानिसहरूले गर्ने काम जातअनुसार थिएनन् । खसहरूको आफ्नै भाषा थियो सो भाषालाई खस भाषा भनिन्थ्यो र हाल आएर यो भाषा नेपाली भाषा बनेको छ । राजपरिवारका नारीहरू भने निकै सम्मानित र उच्च ओहदामा थिए । तर सर्वसाधारण वर्गका नारीहरूको अवस्थाको भने कुनै जानकारी नै पाइँदैन ।

## (ग) धार्मिक अवस्था

सिँजा राज्यमा धार्मिक सहिष्णुताको राम्रो विकास भएको थियो । खस राजाहरू पशुपतिनाथ, स्वयम्भूनाथ तथा मच्छेन्द्रनाथको दर्शन गर्नका लागि काठमाडौँ आउँथे भने बौद्ध परम्पराअनुसारका आचरण पनि गर्दथे ।


## (घ) चाडपर्व

खस राज्यमा हिन्दु तथा बौद्ध संस्कारसँग सम्बन्धित चाडपर्वहरू मनाइन्थ्यो । कुलपूजा, दसैं, तिहार, बुद्ध जयन्ती, एकादशी, चैते दसैं, नव वर्ष, वैशाख पूर्णिमा आदि सिँजामा मनाइने महत्त्वपूर्ण चाडपर्वहरू थिए ।

## (ङ) आर्थिक अवस्था

कृषि, पशुपालन, उद्योग, व्यापार आदि खस राज्यका मानिसहरूले अवलम्बन गरेका आर्थिक क्रियाकलापहरू थिए । यस कालमा व्यापारको निकै राम्रो विकास भएको थियो । भारत र तिब्बतसँग यो राज्यको व्यापार चल्दथ्यो । व्यापारका लागि बाटाको प्रबन्ध समेत भएको थियो ।

**सिँजाका राजाहरू**



## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) खस राज्यको स्थापना कसले गरेका थिए ?

(ख) कुन राजाको पालादेखि खस राज्यमा भारदारहरूको हस्तक्षेप सुरु भयो ?

(ग) के कारणले दुल्लुको कीर्तिस्तम्भ महत्त्वपूर्ण छ ?

(घ) सिँजा राज्यका प्रथम र अन्तिम राजा को हुन् ?

२. **तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) अशोक चल्ललाई किन प्रतापी राजा भनिएको हो ? उनको योगदानको उल्लेख गर्नुहोस् ।

(ख) धार्मिक प्रकृतिका भए पनि आदित्य मल्लले किन रिपु मल्ल र सँग्राम मल्लमाथि कु गरी राज्यको शासनको भार आफ्नो हातमा लिएका होलान् ?

(ग) वर्तमान नेपालमा सिँजा राज्यको कस्तो राजनीतिक प्रभाव रहेका् छ ? छोटकरीमा लेख्नुहोस् ।

## पाठ- २ सिमरौनगढ राज्यको सभ्यता

हालको बारा (सिमरा)लाई राजधानी बनाई कर्नाटक वंशका राजा नान्यदेवले वि.सं. ११५४ मा एउटा राज्य स्थापना गरेका थिए । सो राज्यलाई तिरहुत तथा डोय राज्यको नामले समेत चिनिन्थ्यो । यो राज्यको सिमाना पूर्वमा कोसी नदी, पश्चिममा राप्ती नदी, उत्तरमा चुरे पर्वत तथा दक्षिणमा भगीरथी नदीसम्म फैलिएको थियो । यो राज्यका संस्थापक नान्यदेवले आफ्नो राज्य विस्तारका लागि काठमाडौँ उपत्यका (नेपाल मण्डल) माथि समेत आक्रमण गरेका थिए । यो आक्रमणमा उपत्यकाको फौजले नान्यदेवको फौजलाई खड्गले काटेर पराजित गरेको थियो । नान्यदेव पछिका मल्लदेव, गङ्गादेव (गोङ्गदेव), नरसिंहदेव, रामसिंहदेव, हरसिंहदेव आदि यहाँका प्रसिद्ध राजाहरू हुन् ।

**मल्लदेव :** नान्यदेवपछि उनका छोराहरू मल्लदेव र गङ्गादेव राजा भएको भन्ने पाइन्छ । तर मल्लदेव कहाँका राजा भए भन्ने कुरा भने स्पष्ट हुँदैन ।

**गङ्गादेव :** इतिहासकारहरूले गङ्गादेवलाई नै नान्यदेवका उत्तराधिकारी भएको दावी गर्दछन् । गङ्गादेव कुटनीतिक, प्रशासनिक तथा सैनिक सङ्गठनमा कुशल राजा थिए । यिनले बङ्गालमाथि विजय पाएका थिए र आफ्नो राजकाजलाई व्यवस्थित गर्नका लागि राज्यलाई विभिन्न प्रगन्नाहरूमा विभाजन गरेका थिए । हरेक प्रगन्नालाई व्यवस्थित रूपले चलाउनका लागि "चौधरी"हरूको नियुक्ति गर्ने प्रावधान बनाएका थिए । यिनले दरभङ्गालाई समेत आफ्नो अस्थायी राजधानीका रूपमा विकसित गरेका थिए

**नरसिंहदेव :** गङ्गादेवको मृत्युपछि यिनले राज्यभार सम्हालेका थिए । यिनी धर्मात्मा र दयालु राजा भएका हुनाले यिनको शासनकालमा चारैतिर शान्ति कायम भएको थियो । तर यिनी राजनीतिमा भने प्रबल राजाको रूपमा देखिंदैनन् ।

**रामसिंहदेव :** इतिहासकारहरूले रामसिंह देवलाई तिरहुत (मिथिला)का कुशल तथा प्रतापी राजाको रूपमा व्याख्या गरेका छन् । यिनले आफ्नो दरबार र राज्यको सुरक्षाका लागि निकै बलियो किल्ला बनाएका थिए । किल्लाभित्र यिनको दरबार थियो । दरबारलाई शत्रुहरूबाट सुरक्षित राख्नका लागि सातओटा पर्खाल र एक्काइसओटा खाल्टाहरू बनाइएको थियो । हरेक खाल्टालाई पानीले भरिएको थियो । दरबारमा

एघारओटा दरबाजाहरू थिए र प्रत्येक दरवाजामा धनुर्विद्यामा कुशल योद्धाहरू राखिएका थिए । यिनको शासनकालमा कला, संस्कृति, भाषा तथा साहित्यको राम्रो विकास भएको थियो । यिनले विद्वान्हरूको निकै सम्मान गर्दथे र कानुनी राज्यको स्थापनाकालागि सनातन विधिअनुसार अनेक नियमहरू बनाई कार्यान्वयन गरेका थिए ।

**हरसिंहदेव :** प्रसिद्ध तथा अन्तिम कर्नाटक राजा हरसिंहदेव कसका उत्तराधिकारी हुन् भन्ने कुरा स्पष्ट छैन । हरसिंहदेवले आफ्नो शासनकालमा काठमाडौँ उपत्यकामाथि पटक-पटक हमला गर्दा यहाँको जनजीवन तहसनहस भएको थियो । यिनले आफ्नी इष्टदेवी तलेजु भवानीलाई सिम्रौनगढबाट भक्तपुरमा ल्याई स्थापित गरेका थिए । वि.सं. १३८२ मा हरसिंहदेवको शासनकालमा दिल्लीका सुल्तान (राजा) गयासुद्धिन तुगलकले तिरहुत (सिम्रौनगढ) माथि आक्रमण गरी यो राज्य ध्वस्त पारिदिए । युद्धमा पराजित भएपछि राजा हरसिंहदेव सपरिवार दोलखातिर भाग्ने क्रममा बाटैमा उनको मृत्यु भयो । राजाको मृत्युले रानी देवलदेवी, छोरा जगत सिंह तथा अन्य सहयोगीहरू अलपत्र परिरहेका थिए । यस अवस्थामा  नेपाल मण्डलका राजा रुद्र मल्लले उनीहरूलाई भादगाउँ दरबारमा शरण दिइ राखे । देवलदेवीले आफ्नो साथमा तुलजाभवानी पनि ल्याएकी थिइन् । यिनलाई भक्तपुरमै स्थापित गरियो र मल्ल राजाहरूले समेत तुलजा भवानीलाई आफ्नी इष्टदेवी मानेर उनको आराधना गर्न थाले । यसपछि देवलदेवी काठमाडौँ उपत्यकाको राजनीतिमा समेत सक्रिय भएको पाइन्छ ।

कर्नाटक वंशीय राजाहरूको पतन भएपछि दिल्लीका सुल्तान गयासुद्धिनले कामेश्वर ठाकुर नामक एक ब्राह्मणलाई सिम्रौनगढको राजा बनाए । यो वंशले पनि करिब २०० वर्षसम्म यहाँ राजकाज सञ्चालन गरे ।

## सिम्रौनगढको सभ्यता

अन्वेषण र उत्खननका आधारमा सिम्रौनगढ राज्यको सभ्यताको अध्ययन भएको छ । त्यहाँको सभ्यतालाई इतिहासकार चन्द्रप्रसाद त्रिपाठीले निम्नलिखित रूपमा प्रस्तुत गरेका छन् :

**(क) वास्तुकला :** सिम्रौनगढमा पाइएका विभिन्न अवशेषहरूको अध्ययन गर्दा यहाँ वास्तुकलाको  राम्रो विकास भएको पाइएको छ । सुरक्षा वास्तु, प्रासाद वास्तु, भवन वास्तु तथा इनार आदि यहाँका वास्तुकलाका उदाहरणहरू हुन् । यहाँ

विभिन्न संरचनाहरूको निमार्णका लागि पाकेका इँटाहरूको प्रयोग हुने गरेको थियो ।

(ख) **मूर्तिकला :** मूर्तिकला सिम्रौनगढको महत्त्वपूर्ण सभ्यता तथा संस्कृति मानिन्छ । ढुङ्गाका मूर्ति तथा माटाका विभिन्न खेलौनाहरू समेत यहाँ उपलब्ध भएका छन् । तलेजुको मूर्ति र गढीमाईको मूर्ति त्यसकालको मूर्तिकलाका नमुनाहरू हुन् ।

(ग) **सिम्रौनगढको भोजन :** सिम्रौनगढको उत्खनन गर्दा माछाका काँडा, बँदेलका नङ्ग्रा तथा घोँगीका  अवशेशषहरू पाइएका छन् । यी अवशेषहरू अध्ययन गर्दा माछामासु तत्कालीन सिम्रौनढको भोजनका परिकारहरू थिए भन्ने कुरा बुझिन्छ ।

(घ) **लिपि :** सिम्रौनगढका राजा रामसिंहदेवका केही अभिलेखका अवशेषहरू पाइएका छन् र ती अभिलेखहरूमा मैथिली भाषा र लिपिको प्रयोग भएको देख्दा सिम्रौनगढमा मैथिली भाषा र लिपिको प्रचलन गरेको कुरा बुझिन्छ ।

(ङ) **मुद्राको विकास :** सिम्रौनगढ राज्यमा मुद्राको अवशेष नपाइएको र कौडाहरू पाइएकाले मुद्राको रूपमा कौडाको प्रयोग भएका हुन सक्छ । पैसालाई कौडी भन्ने चलन यहीँबाट चलेको हुनसक्छ ।

(च) **धर्म :** सिम्रौनगढ राज्य हिन्दु सनातन धर्ममा आधारित थियो र यहाँका मानिसहरूले मूर्तिपूजा गर्दथे । यहाँका राजा तथा जनताले सनातन धर्मको अवलम्बन गरे पनि अन्य धर्महरूको सम्मान गर्दथे । राजा रामसिंहदेवले  तिब्बती भिक्षुहरूप्रति अगाध आदर र सम्मान प्रकट गरेका थिए ।


सैनिक सङ्गठनका दृष्टिकोणले यो सभ्यता निकै बलियो र शसक्त थियो । नान्यदेव तथा हरिसिंहदेवले पटकपटक उपत्यकामाथि हमला गरी यहाँको जनजीवन तहसनहस बनाउनु, सिम्रौनगढमा बलियो किल्ला निर्माण गर्नु तथा गयासुद्धिन तुगलकसँग मुकाविला गर्न तयार हुनुले यहाँको सैनिक सङ्गठन बलियो थियो भन्ने कुरा पुष्टि गर्दछ । त्यसै गरी राज्यको आन्तरिक प्रशासन समेत निकै बलियो र प्रभावकारी थियो । राज्य सञ्चालनका लागि विकेन्द्रीकरणको अभ्यास गर्न थालिएको थियो । यसका लागि चौधरी र पटवारीहरू नियुक्त गर्ने चलन चलेको थियो । न्याय र व्यवस्थाका लागि सनातन विधिमा आधारित कानुन निर्माण गरी कानुनी राज्यको अवधारणा समेत अघि

बढेको थियो । यहाँ भाषा र साहित्यको पनि राम्रै विकास भएको र विद्वान्वर्गले सम्मान पाएका उदाहरणहरू पाइन्छन् । धार्मिक दृष्टिले यो राज्य सनातन हिन्दु संस्कृतिमा आधारित थियो । शक्तिदेवीका आराधना तथा पूजापाठ हुने गर्दथे । राजपरिवारले तुलजा/तलेजुलाई आफ्नी इष्टदेवी मान्दथे । त्यसै गरी गढीमाईको स्थापना पनि यही कालमा भएको थियो । हरिसिंहदेवले काठमाडौँ उपत्यकामा आक्रमण गरेपछि पशुपतिनाथको दर्शन गरेका र तुलादान गरेका प्रमाणहरूले समेत कर्नाटक वंशीय राजाहरू निकै धार्मिक थिए भन्ने कुरा स्पष्ट पार्दछन् । त्यस सभ्यतामा साधारणवर्गका नारीको स्थान के थियो भन्ने कुरा स्पष्ट नभए पनि राजदरबारका नारीहरू उच्च तथा सम्मानित हुन्थे । देवलदेवीले भक्तपुर दरबारमा समेत राजनीतिमा सक्रिय भएको हुँदा राजनीतिमा समेत नारीहरूको भूमिका रहेको देखिन्छ ।

सिम्रौनगढको सभ्यताले काठमाडौँ उपत्यकामा पनि प्रभाव पारेको थियो । सिम्रौनगढका किल्लाहरूबाट प्रभावित भएर उपत्यकाका राजाहरूले विभिन्न किल्लाहरूको निर्माण गरेका थिए । उपत्यकाका मठमन्दिर तथा पार्टी पौवाहरूको निर्माणमा समेत सिम्रौनगढ सभ्यताको प्रभाव परेको थियो । तलेजु भवानीलाई सिम्रौनगढबाट ल्याई यहाँ स्थापित गरिएकको थियो । उपत्यकाको साहित्य र सङ्गीतमा मैथिली भाषाको व्यापक प्रयोग हुन्थ्यो । कतिपय मल्ल राजाहरूले त मैथिली भाषामा नाटक समेत लेखेर मञ्चन गराउँथे । उपत्यकाका विभिन्न मन्दिरको नित्य पूजा तथा अन्य धार्मिक कार्यका लागि मल्ल राजाहरूले मैथिली ब्राह्मणको नियुक्ति गरेका थिए । उपत्यकाका विभिन्न मठमन्दिरहरूमा गाइने भजनमा मैथिली शब्दहरूको प्रयोग भएको छ ।

यसप्रकार सिम्रौनगढको सभ्यताले राजनीतिक, सामाजिक, धार्मिक तथा कुटनीतिक क्षेत्रमा राम्रो उन्नति गरेको बुझिन्छ ।

**सिमरौनगढका राजाहरू**




## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सिम्रौनगढ राज्यका प्रथम र अन्तिम राजाको नाम लेख्नुहोस् ।

(ख) सिम्रौनगढमा कर्नाटक वंशले जम्मा कति वर्ष शासन चलाएको थियो ?

(ग) सिम्रौनगढका कुन राजाले कला, भाषा र संस्कृतिको विकासमा जोड दिएका थिए ?

(घ) कर्नाटक वंशपछि सिम्रौनगढमा कुन वंशको शासन स्थापित भयो ?

(ङ) सिम्रौनगढको सभ्यता किन तहसनहस भयो ?

**२. तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) सिम्रौनगढका राजाहरूमा नान्यदेव र हरिसिंहदेव प्रसिद्ध हुनुका कारणहरू छोटकरीमा लेख्नुहोस् ।

(ख) प्रगन्ना र चौधरी भनेको के हो ? स्पष्ट पार्नुहोस् ।

(ग) गङ्गादेवलाई तपाइँ के कारणले सिम्रौनगढका प्रतापी राजा मान्नुहुन्छ ?

(घ) देवलदेवी को हुन् र उनी कसरी भक्तपुर दरबारमा आइपुगिन् ?

(ङ) सिम्रौनगढको सभ्यताले काठमाडौँ उपत्यकाको सभ्यतामाथि के कस्तो प्रभाव पारेको थियो ? उदाहरण दिएर लेख्नुहोस् ।

# पाठ- ३ बाइसी राज्यहरू

नेपाल एकीकरण हुनुभन्दा अगाडिको युग मध्यकालीन युग हो । यसकालमा नेपालको कर्णाली प्रदेशमा बाइसी, गण्डकी प्रदेशमा चौबिसी, उपत्यकामा मल्ल र पुर्बी नेपालमा सेन राज्यहरू अस्तित्वमा आएका थिए । बाइसी, चौबिसी, मल्ल र सेन बाहेक गोरखा र मुस्ताङ पनि छुट्टै स्वतन्त्र राज्यको रूपमा स्थापना भइरहेका थिए । सङ्ख्याको आधारमा हेर्दा कर्णाली प्रदेशका २२, गण्डकी प्रदेशका २४, उपत्यकाका ३, पूर्वका ३, गोरखा र मुस्ताङ २ गरी हालको नेपालमा नेपालमा ५४ ओटा राज्यहरू थिए । यी आपसमा स्वतन्त्र थिए ।

सिँजाका राजा अभय मल्लको शासनकालपछि कर्णाली प्रदेशमा बाइसी राज्यहरू स्थापना भए । ती प्रमुख बाइसी राज्यहरू यसप्रकार थिए :

| क्र.सं. | राज्यको नाम | स्थापना मिति | संस्थापक राजा | एकीकरण मिति | अन्तिम राजा |
|---|---|---|---|---|---|
| १. | बझाङ | वि.सं.१५०३ | शक्तिसिंह | बि.सं. १८४७ मा समुन्द्र सिंहले नेपालको आधिपत्य स्वीकार) | |
| २. | थलहरा | वि.सं. १५०३ | जक्तिसिंह | वि.सं.१८४६ | गजेन्द्र सिंह |
| ३. | बाजुरा | वि.सं. १६५० | डुँगरसिंह | वि.सं. १८४७ | अनन्त पाल |
| ४ | डोटी | वि.सं. १४०९ | निरय पाल | वि.सं. १८४६ | दीप शाही |
| ५. | अछाम | वि.सं. १४५३ | जगती वर्मा | वि.सं. १८४७ | देवचन्द्र शाह |
| ६. | दर्ना | वि.सं. १४९४ | उदय वर्मा | वि.सं. १८४७ रुद्र शाहले नेपालको आधिपत्य स्वीकार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | दैलेख | वि.सं. १४५३ | मलय वर्मा | वि.सं. १८४६ | कर्ण शाही |
| ८. | दुल्लु | वि.सं. १४५३ | मलय वमा | १८४६,उत्तिम शाहीले नेपालको आधिपत्य स्वीकार | |
| ९. | जाजरकोट | वि.सं. १४६१ | | १८४३ राजा गजेन्द्र शाहले नेपालको आधिपत्य स्वीकार | |
| १० | जुम्ला | वि.सं. १४५० | | वि.सं. १८४६ | सूर्यभान शाह |
| ११. | धुलीकोट | वि.सं. १६२५ | प्रभात राय | वि.सं. १८४६ | भूपनारायण शाही |
| १२. | सल्यान | वि.सं. १४७५ | सुमेरु वर्मा | नेपाल एकीकरणमा सहयोग गरेको हुनाले आश्रित राज्य | |
| १३. | रुकुम | वि.सं. १४७५ | नरी वम | वि.सं. १८४६ | राज शाही |
| १४ | जहारी | वि.सं. १४७५ | माधव वम | वि.सं. १८४७ | |
| १५ | पल्लो मुसीकोट | वि.सं. १४७५ | जयतु वर्मा | वि.सं. १८४६ | मुकुन्द शाही |
| १६ | गजुल | वि.सं. १५५० | जुधासिंह | वि.सं. १८४३ | गजेन्द्रपाल सेन |
| १७ | खुम्री | वि.सं. १६२३ | इन्द्रपाल सेन | वि.सं. १८४३ | |
| १८ | मालनेटा | वि.सं. १७९० | मदनराज | वि.सं. १८६३ | रूपनारायण शाह |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | फलाबाङ् | कुनै समयमा स्थापना भएर नेपाल एकीकरण हुनुभन्दा अगाडि नै सल्यान राज्यमा विलीन भएको | | | |
| २० | दाङ | | दलीसिंह | बि. सं. १८४३ | नवलसिंह |
| २१ | छिल्लीकोट | वि.सं. १७०३ | | वि.सं. १८४७ | वीरभद्र शाह |
| २२ | बाँफीकोट | वि.सं. १४७५ | जगदीश बम | वि.सं. १८४६ | अति मल्ल |

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) मध्यकालमा हालको कर्णाली प्रदेशमा कतिओटा राज्यहरू थिए ?

(ख) बझाङ राज्यको स्थापना कसले र कहिले गरेका थिए ?

(ग) बाँफीकोटका अन्तिम राजा को थिए ?

(घ) जुम्ला राज्यको स्थापना कहिले भएको थियो ?

(ङ) कुन बाइसी राज्य सबैभन्दा पहिला स्थापना भएको थियो ?

**२. तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) कस्तो परिस्थितिका कारणले बाइसी र चौबिसी राज्यहरूको स्थापना भएको थियो ?

(ख) बाइसी राज्यहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण राज्य कुन थियौ ? किन ?

(ग) कुन कुन बाइसी राज्यहरू एकै समयमा स्थापना भएका थिए ? स्थापनाको मितिका आधारमा लेख्नुहोस् ।

## पाठ - ४ चौबिसी राज्यहरू

कर्णाली प्रदेशमा बाइसी राज्यहरू भएजस्तै त्रिशूलीदेखि पश्चिम र राप्तीदेखि पूर्वमा करिब २४ ओटा राज्यहरू स्थापना भएका थिए । विभिन्न कारणले यिनीहरूको सङ्ख्यामा घटबढ भइरहन्थ्यो । नेपाल एकीकरणको समयमा निम्न अनुसारका चौबिसी राज्यहरू थिए :


| क्र.सं. | राज्यको नाम | स्थापना मिति | संस्थापक राजा | एकीकरण मिति | अन्तिम राजा |
|---|---|---|---|---|---|
| १ | प्युठान | वि.सं. १५६० | लटराज | वि.सं. १८४२ | रुद्र प्रताप चन्द |
| २ | अर्घा | बि.सं. १४९० | जिल्ल राई | वि.सं. १८४३ मा पाल्पामा गाभिएको | |
| ३ | खाँची | वि.सं. १४९२ | जयन्त शाह | वि.सं. १८४३ मा पाल्पामा गाभिएको | |
| ४ | गुल्मी चारपाला | बि.सं. १४९३ | वीर शाह | वि.सं. १८४३ मा पाल्पामा गाभिएको | |
| ५ | धुर्कोट | वि.सं.१४६५ | खड्गराज मल्ल | वि.सं. १८४३ मा पाल्पामा गाभिएको | |
| ६ | इस्मा | वि.सं. १५५० | च्यवनराज भट्ट अर्जेल | वि.सं. १८४३ मा पाल्पामा गाभिएको | |
| ७ | मुसीकोट | वि.सं. १५५० | जयचन्द्र सिंह | वि.सं. १८४३ मा पाल्पामा गाभिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | गलकोट | वि.सं. १६३१ | जितारी मल्ल | वि.सं. १८४२ देखि आश्रित राज्य | |
| ९ | पर्वत | बि.सं. १४९३ | आनन्द वम | वि.सं. १८४३ | कीर्तिवम मल्ल |
| १० | कास्की | वि.सं. १५२४ | कुलमण्डन खाण | वि.सं. १८४२ | सिद्धिनारायण शाह |
| ११ | लमजुङ | बि.सं. १५५० | यशोब्रह्म शाह | वि.सं. १८४२ | वीरभूपाल शाह |
| १२ | तनहुँ | वि.सं. १६१० | भृङ्गी सेनल | वि.सं. १८४१ | हरकुमारदत्त सेन |
| १३ | रिसिङ | वि.सं. १५५० | जयचन्द्र सिंह | वि.सं. १८४२ | हरिनारायण सेन |
| १४ | घिरिङ | वि.सं. १६०० | | बि.सं. १८४२ | |
| १५ | ढोर | वि.सं. १५१० | दशरथ खाण | वि.सं. १८४२ | शिवनारायण खाण |
| १६ | सतहुँ | वि.सं.१५१० | शिरशिम्बु खाण | वि.सं.१८४२ | दीर्घ शाही |
| १७ | गहौं | वि.सं. १५१० | दशरथ खाण | वि.सं. १८४२ | घेरु खाण |
| १८ | भिरकोट | वि.सं. १५०० | जैन खाण | वि.सं. १८४२ | प्रेम अमर खाण |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | नुवाकोट | वि.सं. १५१० | | वि.सं. १८४२ | |
| २० | पैयुँ | वि.सं. १५०२ | रामसिंह सेन | वि.सं. १८४२ | अकवरसिंह सेन |
| २१ | पाल्पा | वि.सं. १५५० | रुद्रसेन | वि.सं. १८६१ | पृथ्वीपाल सेन |
| २२ | रामपुर | वि.सं. १६१० | खड्ग सेन | वि.सं. १८४२ | दुर्लभ सेन |
| २३ | विनायकपुर/बुटवल | वि.सं. १६१० | विनायक सेन | वि.सं. १७१० मा पाल्पामा समाहित | |
| २४ | बलिहाङ | वि.सं. १४०० | | वि.सं. १५८० गुल्मी, अर्घा, खाँची र पाल्पामा विलीन | |

| क्र.सं. | राज्यको नाम | स्थापना मिति | संस्थापक राजा | एकीकरण मिति | अन्तिम राजा |
|---|---|---|---|---|---|
| १ | मुस्ताङ | वि.सं. १३७० | मिचे धिउँकल विष्ट | वि.सं. १८४६ | बघेल विष्ठ |
| २ | गोरखा | वि.सं. १६१६ | द्रव्य शाह | | पृथ्वीनारायण शाह |

# शाह वंशावली


मिन्चा खान
(नुवाकोटका राजा)
भक्ति खान (नुवाकोटका राजा)
विचित्र खान (कास्कीका राजा)
नराज खान
कुलमण्डन खान
यशोब्रम्ह शाह (लमजुङका राजा)
[redacted]
नरहरि शाह (लमजुङका राजा)
द्रव्य शाह
(गोरखाका संस्थापक राजा)
पुरेन्द्र शाह
छत्रपति
राम शाह
राम शाह
(दाजुको मृत्युपछि राज्यारोहण)
कृष्ण शाह
रुद्र शाह
पृथ्वीपति शाह
नरभपाल शाह
पृथ्वीनारायण

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कुन क्षेत्रका राज्यलाई चौबिसी राज्य भनेर चिनिन्थ्यो ?

(ख) सबैभन्दा पुरानो चौबिसी राज्य कुन हो ?

(ग) कुन कुन राज्यहरूलाई त्रिशक्ति भनेर चिनिन्थ्यो ?

(घ) रजौटा भनेको के हो ?

(ङ) पाल्पा राज्यको एकीकरण कहिले भएको थियो ?

**२. तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) पर्वत राज्यको सङ्क्षिप्त परिचय दिनुहोस् ।

(ख) चौबिसी राज्यहरूमा कास्की राज्यलाई किन महत्त्वपूर्ण मानिन्छ ?

(ग) पाल्पाले किन चौबिसी राज्यहरूका विरुद्ध नेपाललाई सहयोग गरेको होला ? यसबाट पाल्पालाई के फाइदा भयो ? लेख्नुहोस् ।


# पाठ - ५ सेन राज्यहरू



*राजा मुकुन्द सेनको सालिक*

एघारौँ सेनहरू बङ्गालबाट नेपाल प्रवेश गरेका हुन् । वि.सं. १५५० मा रुद्र सेनले पाल्पा राज्यको स्थापना गरेका थिए । रुद्र सेनपछि मुकुन्द सेनले पाल्पा राज्यको सिमाना पूर्वमा कोसी नदीसम्म विस्तार गरे । तर यिनका शेषपछि यो राज्य यिनका छोराहरूले आपसमा विभाजन गरे ।

राजा मुकुन्दका छोरा विनायक सेनले विनायकपुर र माणिक्य सेन पाल्पाको राजा भए । त्यसै गरी भृङ्गी सेन तनहुँ र लोहाङ सेन मकवानपुरका राजा भए । यसरी पाल्पा राज्य चार राज्यमा विभाजित भयो । पछि पूर्वतर्फ मकवानपुर, चौदण्डी र विजयपुर राज्यहरू स्थापना भए । यी राज्यलाई पूर्वका सेन राज्य भनेर चिनिन्थ्यो ।




## मकवानपुर

लोहाङसेनले वि.सं. १६१० मकवानपुर राज्यको स्थापना गरेका हुन् । यिनले चतरामा बराहको स्थापना गरेका थिए । हाल यसलाई "बराह क्षेत्र धाम" भनिन्छ ।



*बराह मन्दिर, बराह क्षेत्र*

लोहाङ सेनका नाति हरिहर सेनले "हिन्दुपति"को उपाधि समेत धारण गरेका थिए । यिनैको कारणले गर्दा सेन राजाहरूलाई "हिन्दुपति" तथा "पूर्वका वादशाह" समेत भनियो । यो राज्य पूर्वमा टिस्टा, पश्चिममा तनहुँ, उत्तरमा चुरे र दक्षिणमा चम्पारनसम्म फैलिएको थियो । हिन्दुपति हरिहर सेनका उत्तराधिकारी युवराज शुभ सेनले पितालाई हटाइ आफू राजा बने । राजा शुभ सेनका भतिज विधाताइन्द्र सेनले विजयपुर राज्यको स्थापना गरे । यी दुबै राज्यहरूमा किचलो भइरहयो । वि.सं. १८१९ मा राजा दिग्बन्धन सेनको शासनकालमा मकवानपुरलाई नेपालमा एकीकरण गरियो ।


## चौदण्डी

मकवानपुरका राजा हेमकर्ण सेनका माइला भाइ जगत सेनले वि.सं. १७६४ मा चौदण्डी राज्यको स्थापना गरेका हुन् । कर्ण सेनको शासनकालमा वि.सं. १८३० मा यो राज्यको विशाल नेपालमा एकीकरण भएको हो ।

## विजयपुर

मकवानपुरका राजा लोहाङ सेनले मोरङ/विजयपुर राज्यमाथि आफ्नो अधिकार कायम गरेका थिए । मकवानपुरका राजा शुभ सेनका भतिज विधाताइन्द्र सेनले स्वतन्त्र विजयपुर राज्यको स्थापना गरेका हुन् । मकवानपुरमा शुभ सेन र विजयपुरमा विधाताइन्द्र सेनलाई भारदारहरूले दिल्लीमा लगेर कैद गरे । यसपछि माणिक सेन मकवानपुर र महिपति सेन विजयपुरका राजा भए । राजा कामदत्त सेनको त्यहाँका मन्त्री बुद्धिकर्ण राईले हत्या गरिदिए । वि.सं. १८३१ म विजयपुरको पनि नेपालमा एकीकरण भएको थियो ।

# पूर्वका सेन राज्य र राजाहरू



## अभ्यास

१. **तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सेनहरू कहिले नेपाल प्रवेश गरेका थिए ?

(ख) पाल्पा राज्यको स्थापना कहिले र कुन राजाले गरेका हुन् ?

(ग) गण्डकी क्षेत्रको पहिलो स्वतन्त्र सेन राज्यको नाम लेख्नुहोस् ।


२. **तलका प्रश्नको छेटकरीमा उत्तर दिनुहोस् :**

(क) राजा मुकुन्द सेनको मृत्युपछि पाल्पा राज्यको अवस्थाका बारेमा चर्चा गर्नुहोस् ।

(ख) लोहाङ सेनलाई किन महत्त्वाकांक्षी र प्रतापी राजा मानिन्छ ? सेन राज्यको स्थापना र विकासमा उनको योगदानको चर्चा गर्नुहोस् ।

# पाठ- ६ काठमाडौँ उपत्यकाका राज्यहरू

काठमाडौँ उपत्यकामा नवौँ शताब्दीमा लिच्छवि शासनको अन्त्य भएको थियो । यसपपछि कुन वंशको शासन स्थापना भयो भन्ने स्पष्ट हुन सकेको छैन । नवौँदेखि बाह्रौँ शताब्दीको बिचको इतिहास स्पष्ट नभएको हुनाले यो अवधिलाई “अन्धकारको युग” भनिन्छ । बारौ शताब्दीपछि भने मल्लहरूले शासन गर्दथे । राजा अरिदेव मल्लले सर्वप्रथम मल्ल उपाधि धारण गरेका हुन् । उनले वि.सं. १२५७ -१२७४ सम्म शासन गरेका थिए । राजा अरिदेव कुस्ती खेलिरहेको समयमा छोरा अभयको जन्म भएकाले अरिदेव आफ्नो नामको पछाडि “मल्ल” राखेका हुन् । कस कसले राज्य संचालन गरे भन्ने कुरा स्पष्ट छैन । तल दिइएका मध्ये प्रायः सबै राजा भएको अन्दाज गरिन्छ ।



## (क) जयस्थिति मल्ल

जयस्थिति मल्ल काठमाडौँका प्रसिद्ध मल्ल राजा हुन् । उनलाई राजकुमारीसँग विवाह गर्नका लागि दरबारमा ल्याइएको थियो । राजा रुद्र मल्लका छोरा नभएका हुनाले रुद्र मल्लको मृत्युपछि उनकी छोरी नायकदेवीले राजकाजको काम गर्न थालिन् । नायकदेवीले छोरी राजल्लदेवीलाई जन्माएपछि स्वर्ग भइन् । उनै टुहुरी बालिका राजल्लदेवीसँग जयस्थिति मल्लको विवाह भयो र यही विवाहको नाताले जयस्थिति मल्लले काठमाडौँको राजकाज सम्हाल्न थाले । यसबेला काठमाडौँ उपत्यकाको अवस्था बिग्रेको थियो । जयस्थिति मल्लले आफ्नो राज्यको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक अवस्था र परराष्ट्र सम्बन्धमा समेत सुधार गरेका हुनाले यिनको शासन काललाई "राम राज्य" भनिन्छ ।

जयस्थिति मल्ल महान समाज सुधारक राजा हुन् । यिनी राजा हुँदा उपत्यकाका समाजमा बेथिति थियो । उनले कीर्तिनाथ उपाध्याय, रघुनाथ झा, श्रीनाथ भट्ट, महीनाथ भट्ट र रामनाथ झा गरी पाँच जना भारतीय ब्राह्मणहरूको सहयोगमा नीति बनाई समाजमा थिति कायम गरेका थिए । आर्थिक सुधारका लागि जमीनलाई चार श्रेणीमा विभाजन गरेर त्यसको मूल्य निर्धारण गरेका गरेका थिए । जयस्थिति मल्लले नै मानापाथी र ढक तराजुलाई व्यवस्थित गरी प्रचलनमा ल्याएका थिए । यिनले अपराधका आधारमा सजाय दिने व्यवस्था गरेर न्याय क्षेत्रमा समेत सुधार गरेका थिए । पशुपतिनाथका उन्मत्त भैरव र लवकुशको मूर्ति, भादगाउँको नृसिंह तथा पाटनको कुम्भेश्वर मन्दिरको निर्माण गरेर यिनले धार्मिक क्षेत्रमा समेत योगदान दिए । यिनको मृत्यु भएपछि वि.सं. १४५२ मा ज्योतिर्मल्ल यहाँका राजा भए ।

## (ख) यक्ष मल्ल

यक्ष मल्ल जयस्थिति मल्लका नाति हुन् । यिनी निकै पराक्रमी थिए र आफ्नो राज्यको सिमाना टाढाटाढासम्म विस्तार गरेका थिए । तर यिनको मृत्युपछि यो राज्यलाई यिनका छोराहरूले अंश लगाई विभाजन गरे ।

## विभाजित उपत्यकाका राज्यहरू

### (क) कान्तिपुर




*हनुमान ढोका*

यक्ष मल्लका माहिला छोरा रत्न मल्लले वि.सं. १५३८ मा कान्तिपुर राज्यको स्थापना गरेका हुन् । हालको काठमाडौँलाई त्यस बेला कान्तिपुर भनिन्थ्यो । यो राज्यमा १४ जना राजाहरूले राज्य गरेका थिए । महीन्द्र मल्ल, प्रताप मल्ल, जयप्रकाश मल्ल आदि यहाँका प्रसिद्ध राजाहरू हुन् ।

महीन्द्र मल्ल प्रजा पालक राजा थिए । आफ्नो राज्यका प्रजाले खाना खाएको यकिन भएपछि मात्र आफूले खाना खाने हुनाले यिनलाई "सबैले खाएपछि खाने राजा" भनिन्थ्यो । यिनले सर्वप्रथम चाँदीको मुद्रा प्रचलनमा ल्याएका थिए र सो मोहोरलाई "महीन्द्र मल्ली" भनिन्थ्यो ।

राजा प्रताप मल्ल कान्तिपुरका प्रसिद्ध राजा हुन् । यिनले दरबारको मूल ढोकामा हनुमानको मूर्ति स्थापना गरेका थिए । त्यसैले सो दरबारको नाम हनुमानढोका रहन गएको हो । रानी पोखरीको निर्माण पनि यिनैले गराएका हुन् । यिनी विद्वान् तथा साहित्यप्रमी राजा थिए र आफ्नो नामको अगाडि "कविन्द्र" लेख्ने गर्दथे । यिनले दरबारको भित्तामा विश्वका १५ भाषाका लिपिहरू कुदाएका थिए । जयप्रकाश मल्ल कान्तिपुरका अन्तिम मल्ल राजा हुन् । कान्तिपुरमा कुमारी राख्ने चलन यिनैले चलाएका हुन् । यिनको शासनकालमा वि.सं. १८२५ असोज १३ मा पृथ्वीनारायण शाहले कान्तिपुरमाथि विजय प्राप्त गरेका थिए । कान्तिपुर( काठमाडौं) राज्यमा निम्नलिखित राजाहरूले शासन गरेका थिए :


रत्न मल्ल
अमर मल्ल
सूर्य मल्ल
नरेन्द्र मल्ल
महीन्द्र मल्ल
सदाशिव मल्ल
शिवसिंह मल्ल
हरिहरसिंह मल्ल
लक्ष्मीनरसिंह मल्ल
प्रताप मल्ल
भपालेन्द्र मल्ल
भाष्कर मल्ल
जयवीर मल्ल
जगज्जय मल्ल
जयप्रकाश मल्ल

## (ख) पाटन

पाटन भनेको हालको ललितपुर हो । सिद्धिनरसिंह मल्ल प्रसिद्ध र चलाख राजा थिए । यिनले कान्तिपुर तथा भादगाउँबाट पाटनलाई सुरक्षित राख्नका लागि गोरखाका राजा राम शाहसँग मित्रता कायम गरेका थिए । यिनी धार्मिक राजा थिए । यिनले चन्द्रायणको व्रत गरी गर्मीमा पञ्चाग्नी ताप्ने र जाडामा चिसो ढुङ्गामा बसी तपस्या गर्ने गर्दथे । वि.सं. १६९३ मा यिनैले पाटनको कृष्ण मन्दिरको निर्माण गराएका थिए ।




*पाटनको कृष्ण मन्दिर*

श्रीनिवास मल्ल राजा हुँदा उपत्यकाका तीन आपसी द्वन्द्वको अवस्था थियो । यिनी प्रभावशाली राजा भएका हुनाले मकवानपुरका राजाले श्रीनिवास मल्ललाई हात्ती उपहार दिएका थिए ।

योगनरेन्द्र मल्ल श्रीनिवास मल्लका छोरा हुन् । यिनको राज्यकालमा उपत्यकाका राज्यहरूका बिचमा युद्धहरू भए । भादगाउँसँगको युद्धमा चाँगुमा बसेर तमाखु तानिरहेको बेला वि.सं. १७६२ मा यिनको मृत्यु भयो । भादगाउँको जासूसले यिनको तमाखुमा विष हालिदिएको थियो भन्ने इतिहासकारहरूको भनाइ छ । यिनले पाटन दरबार अगाडि आफ्नो शालिक स्थापना गराए । यो शालिकको शिरमा चरा रहेको छ । यिनले "जबसम्म यो सालिकको रङ खुइलिँदैन र शिरको चरा उडेर जाँदैन, तबसम्म म जीवित छु भन्ने सम्झनू" भनेका थिए । राजा योगनरेन्द्र मल्ल मरेका छैनन् भन्ने सम्झेर अहिले पनि पाटन दरबारको एउटा झ्याल खुला राख्ने र एउटा कोठामा ओछ्यान तयार पारेर राख्ने गरिन्छ ।

योगनरेन्द्र मल्लका छोराहरू नभएका हुँदा राज्यको जिम्मेवारी छ प्रधानहरूको हातमा पर्न गयो । यिनीहरूले आफूलाई मन पर्ने व्यक्तिलाई राजा बनाउने र मन

नपरेमा राजाबाट हटाउने गर्दथे । यिनीहरूलाई “राजा बनाउने मानिस (King Makers)” समेत भनिन्थ्यो । अन्त्यमा तेजनरसिंह मल्लको शासनकालमा वि.सं. १८२५ असोज २४ गते पृथ्वीनारायण शाहले पाटन विजय गरे । पाटनका राजाहरू यसप्रकार थिए :



## (ग) भादगाउँ



भक्तपुरको पचपन्न झ्याल भएको दरबार

हालको भक्तपुरको पुरानो नाम भादगाउँ हो र उपत्यकाको विभाजन हुनुभन्दा अगाडि नेपाल मण्डलको राजधानी भादगाउँ नै थियो । उपत्यकाको विभाजन हुनुभन्दा अगाडि यो राज्यको नाम नेपाल मण्डल थियो । यक्ष मल्लका जेठा छोरा राय मल्ल स्वतन्त्र भादगाउँका प्रथम राजा हुन् ।


जगज्योर्ति मल्ल भादगाउँका प्रसिद्ध राजा हुन् । यिनले अनन्तलिङ्गेश्वरमा नेपाली भाषामा अभिलेख राख्न लगाएका थिए । कुमारीको पूजा गर्ने चलन पनि यिनैलृ चलाएका हुन् । भक्तपुरको विस्केट जात्रा र ठिमीको भैरव जात्रा पनि यिनैले चलाएका हुन् ।

जगतप्रकाश मल्लले ढुङ्गाका सिंह तथा गरूढका मूर्तिहरू बनाउन लगाएका थिए । यिनले तलेजुको मण्डप बनाई त्यहाँ आफ्नो शालिक स्थापना गरेका थिए । यो मण्डपलाई “स्नेह मण्डप” भनिन्छ । यिनलाई “नेपाल चूडामणि”को उपाधिले समेत चिनिन्छ ।

जितामित्र मल्लले ढुङ्गे धारा र राजकुलाको निर्माण गरेका थिए । वत्सलादेवी मन्दिर पनि यिनैले बनाएका हुन् । यिनले आफ्नो नामको अगाडि “सुमति” लेख्ने गर्दथे ।

भूपतीन्द्र मल्ल कलाकारीताका लागि प्रसिद्ध मानिन्छन् । मालती चोकमा सुन्धारा तथा दरबारको ढोकामा नृसिंह र हनुमानको स्थापना राजा भूपतीन्द्र मल्लले गराएका हुन् । वि.सं. १७५९ मा यिनले न्यातपोल देवलको निर्माण गराएका थिए । यसलाई पाँच तले मन्दिर भनेर पनि चिनिन्छ । यो सिद्धिलक्ष्मीको मन्दिर हो । त्यस्तै ५५ झ्याले दरबार र स्वर्णद्वार पनि यिनैले बनाउन लगाएका हुन् । ५५ झ्याले दरबार अगाडि ढुङ्गाको स्तम्भमा राखिएको शालिक यिनैको हो ।

रणजित मल्लको शासनकालमा वि.सं. १८२६ मङ्सिर १ गते पृथ्वीनारायण शाहले भादगाउँ विजय गरे । यही विजयसँगै आधुनिक नेपालको थालनी भयो ।



## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) काठमाडौँ उपत्यकाको मध्यकालको सुरुको अवस्थालाई किन अन्धकारको युग भनिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(ख) कोसँगको वैवाहिक सम्बन्धका आधारमा जयस्थिति मल्ल राजनीतिमा आएका थिए ?

(ग) यक्ष मल्ललाई किन पराक्रमी राजा मानिन्छ ? कुनै एक कारण लेख्नुहोस् ।

(घ) कुन राजाले सबैले खाएको यकिन भएपछि मात्र आफूले खाना खान्थे ?

**२. तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) नेपालको इतिहासमा कुन समयलाई अन्धकारको युग भनेर चिनिन्छ र त्यो युगलाई किन अन्धकारको युग भनिएको हो ?

(ख) सबैभन्दा पहिला मल्ल उपाधि धारण गर्ने राजा को हुन् र उनले किन यो उपाधि धारण गरेका हुन् ? छोटकरीमा लेख्नुहोस् ।

(ग) जयस्थिति मल्लले के कस्ता सामाजिक सुधारका कार्यहरू गरेका थिए ? छोटकरीमा लेख्नुहोस् ।

(घ) राजा प्रताप मल्लले कस्ता कार्यहरू गरेका थिए ? बुँदामा लेख्नुहोस् ।

(ङ) "पाटनका छ प्रधानहरू स्वेच्छाचारी थिए ।" के तपाईं यो भनाइसँग सहमत हुनुहुन्छ ? कसरी ?

(च) "राजा भूपतीन्द्र मल्ल कलाकारिताका पारखी राजा थिए ।" यो भनाइलाई उनको योगदानको आधारमा पुष्टि गर्नुहोस् ।

# पाठ- ७ मध्यकालीन नेपालका राज्यहरूको सम्बन्ध

## (क) आन्तरिक सम्बन्ध

मध्यकालीन नेपालका राज्यहरूबिचको सम्बन्ध स्थिर प्रकारको थिएन । यिनीहरूका बिच कहिले सुमधुर सम्बन्ध हुन्थ्यो भने कहिले आपसमा झगडा हुन्थ्यो ।

पूर्वमध्यकालका सिँजा, काठमाडौँ उपत्यका र सिमरौनगढका बिचमा अस्थिर सम्बन्ध थियो । बेला बखत सिमरौनगढ र सिँजाले उपत्यकामाथि आक्रमण गर्दथे । यस्तो अवस्थामा सिँजाले उपत्यकामाथि आक्रमण गर्दा सिमरौनगढ र सिमरौनगढले आक्रमण गर्दा सिँजाले उपत्यकालाई सहयोग गर्दथे ।

सिँजा र उपत्यकाको सम्बन्ध स्थिर किसिमको नभए खस र मल्लहरूका बिच वैवाहिक सम्बन्ध पनि स्थापित भएको थियो । तिब्बतसँगको व्यापारमा यिनीहरूको मेलमिलाप थियो । खस राजाहरू देवदेवीहरूको दर्शन गर्नका लागि उपत्यकामा आउँथे । यिनीहरूले उपत्यकामाथि पटकपटक आक्रमण समेत गरेका थिए ।

त्यसै गरी उपत्यका र सिमरौनगढको सम्बन्ध राम्रो नभए पनि यिनीहरूका बिचमा वैवाहिक सम्बन्ध स्थापना भएको थियो । सिमरौनगढका राजा हरिसिंह देवकी रानी देवलदेवी काठमाडौँ उपत्यकाकी राजकुमारी थिइन् । सिमरौनगढका राजाहरूले पटकपटक उपत्यकामाथि आक्रमण गरेर नोक्सानी पारेका थिए । सिमरौनगढमाथि दिल्लीका सुल्तान गयासुद्धिन तुगलकले आक्रमण गरेपछि सिमरौनगढको राजपरिवारले उपत्यकामा शरण लिएको थियो ।

उत्तरमध्यकालमा बाइसी र चौबिसीहरूका बिचको सम्बन्ध पनि स्थिर किसिमको थिएन । चौबिसीहरूमा पाल्पा, पर्वत र लमजुङलाई "त्रिशक्ति" भनेर चिनिन्थ्यो । गोरखा राज्य निकै शक्तिशाली भएको हुनाले चौबिसीहरूसँग यसको दुस्मनी थियो । गोरखाले चौबिसीहरूलाई आपसमा फुटाउनका लागि पाल्पा, तनहुँ तथा लमजुङसँग मित्रता कायम गरेको थियो । खाँची, पर्वत, पाल्पासँग गोरखाको वैवाहिक सम्बन्ध थियो भने अन्य राज्यहरूसँग दौत्य सम्बन्ध थियो ।

### बाइसीहरूबिचको आपसी सम्बन्ध

बाइसीहरूमा आपसी सम्बन्ध राम्रो थिएन । जुम्ला र डोटी राज्यहरू शक्तिशाली भएका हुनाले यिनीहरूले अरुमाथि थिचोमिचो गर्दथे । साना राज्यहरूले यी ठुला राज्यहरूसँग सम्बन्ध विस्तार गरी आफू सुरक्षित हुन चाहन्थे ।

### उपत्यकाका राज्यहरूको आपसी सम्बन्ध

उपत्यकाका राजाहरू एउटै वंशका भएपनि यिनीहरूका बिचमा दुस्मनी थियो । यिनीहरूले  आपसमा युद्ध गर्ने र अर्काको राज्य हडप्ने गर्दथे  एक राज्यले अर्को राज्यलाई दबाउनका लागि सेन राज्य तथा गोरखासँग पनि सहयोग लिने गर्दथे ।

### सेन राज्यहरूको आपसी सम्बन्ध

पहिलो सेन राज्य पाल्पा हो र यहीँका सेनहरूले तनहुँ, मकवानपुर, विजयपुर र चौदण्डीमा सेन राज्यहरू स्थापना गरेका थिए । यिनीहरूका बिच राम्रो मेलमिलाप थिएन । पुर्वी सेन राज्यहरूले उपत्यकाका राज्यहरूसँग सम्बन्ध स्थापित गरेका थिए भने उपत्यकाका राजाहरूको तराईसँग वैवाहिक सम्बन्ध थियो ।

गोरखा र उपत्यकाका राज्यहरूका बिचको सम्बन्ध पनि दिगो थिएन । रामशाहको शासन कालमा यिनीहरूको निकै राम्रो सम्बन्ध थियो । राम शाहले पाटनका व्यापारीहरूलाई गोरखामा २४ कोठी खोल्न लगाएका थिए । पृथ्वीनारायण शाहले भादगाउँका युवराजसँग मित लगाएका थिए र  कान्तिपुरसँग वाणिज्य सन्धि गरेका थिए ।

गोरखा र मकवानपुरका बिचमा सम्बन्ध भएपनि राम्रो थिएन । पृथ्वीनारायण शाहले मकवानपुरमा विवाह गरेका थिए तैपनि यिनीहरूका बिचमा शत्रुता कायमै थियो ।

जाजरकोट, सल्यान र बझाङजस्ता बाइसी राज्यहरूसँग गोरखाको सम्बन्ध राम्रो थियो । उपत्यका र मकवानपुरको पनि राम्रो सम्बन्ध थियो ।

## (ख) वैदेशिक सम्बन्ध

मध्यकालमा सिँजा र उपत्यकाका राज्यहरूले तिब्बत र भारतसँग व्यापार गर्दथे । सिमरौनगढको व्यापार प्रायः भारतसँग हुन्थ्यो । जुम्लाले भोटबाट सुन ल्याएर

यहाँका सुनारहरूलाई गाल्न लगाउँथ्यो । बझाङले पनि भोटसँग व्यापार गर्दथ्यो । यसप्रकार बाइसी राज्यहरूले भोट र भारतसँग प्रत्यक्ष/अप्रत्यक्ष सम्बन्ध स्थापना गरेका थिए ।

सल्यान, पाल्पा र तनहुँको भारतका रजौटाहरूसँग नजिकको सम्बन्ध थियो । अतः भारतसँग व्यापार गर्दथे । पाल्पाले मुस्ताङको बाटो हुँदै भोटसँग पनि व्यापार गर्दथ्यो । त्यस्तै मुस्ताङ र भोटले वैवाहिक नाता पनि कायम गरेकाले यिनीहरूका बिचमा सुमधुर सम्बन्ध थियो । गोरखाले पनि भोटसँग व्यापार गर्दथ्यो ।

मकवानपुर र चौदण्डीले दक्षिणतर्फ आफ्नो भूभाग विस्तार गरेका थिए र उनीहरूसँग सिर्तो उठाउँथे । विजयपुर र मोरङ राज्यको पनि भारतीय रजौटाहरूसँग सम्बन्ध थियो ।

उपत्यकाका तीनै राज्यहरूको भारत तथा भोटसँगसम्बन्ध थियो । काठमाडौँबाट तिब्बत र भारतका बिचको व्यापार सञ्चालन हुन्थ्यो । काठमाडौँ उपत्यकाका मानिसहरू ल्हासा पुगेर व्यापार गर्ने गर्दथे ।

काठमाडौँ उपत्यकाका राजाहरूले भारतबाट चाँदी ल्याई मोहोर बनाउँथे भोट पठाउँथे । अर्कोतर्फ मङ्गोलियाको बुकी सुन उपत्यकामा ल्याएर गालिन्थ्यो । बाइसी-चौबिसी सबै राज्यका मानिसहरूले भोटमा अन्न लैजाने र त्यहाँबाट नुन साट्ने गर्दथे ।

## अभ्यास

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) मध्यकालका राज्यहरूका बिचमा किन राम्रो सम्बन्ध नभएको होला ? कुनै एक कारण लेख्नुहोस् ।

(ख) चौबिसी राज्यहरू किन गोरखासँग डराएका होलान् ?

(ग) बाइसी राज्यहरूमा कुन कुन राज्यहरू शक्तिशाली थिए होला ?

(घ) मध्यकालमा राज्यहरूका बिचको सम्बन्ध किन स्थिर हुन नसकेको होला ?

(ङ) पाटन र गोरखाबिचको व्यापारिक सम्बन्ध कसले स्थापना गरेका थिए ?

**२. तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) राज्यहरूका बिचमा किन राम्रो सम्बन्ध हुनु पर्दछ ? कुनै चार कारण दिनुहोस् ।

(ख) उपत्यकाका राज्यहरूको सम्बन्धको चर्चा गर्दै एक अनुच्छेद लेख्नेहोस् ।

(ग) बाइसी तथा चौबिसी राज्यहरूको वैदेशिक सम्बन्ध कस्तो थियो ? छोटकरीमा लेख्नुहोस् ।

## एकाइ - दुई आधुनिक नेपाल

## पाठ - १ २००७ सालको क्रान्तिका कारण र उपलब्धिहरू

नेपालको इतिहासमा पृथ्वीनारायण शाहले भादगाउँको एकीकरण गरेपछि आधुनिक कालको थालनी भएको मानिन्छ । नेपाल अङ्ग्रेज युद्धपछि नेपालको राजनीतिक अवस्था गन्जागोल भयो । यही परिस्थितिमा वि.सं. १९०३ सालबाट राणा शासनको स्थापना भयो । यो व्यवस्था राणाहरूको जहानीया व्यवस्था थियो । जनताका अधिकारहरू सङ्कुचित गरिएका थिए भने राणाहरूले असीमित अधिकार प्रयोग गर्दथे । अतः यो व्यवस्थाको अन्त्यका लागि वि.सं. २००७ सालमा देशमा क्रान्ति भएको थियो । यो क्रान्तिका धेरै कारणहरू थिए । तीमध्ये केही यसप्रकार थिए:

### (क) राणाहरूको आन्तरिक कलह

जङ्बहादुरले रोलक्रमको नियम बनाएका थिए । यो नियम प्राइममिनिस्टरको पदका लागि थियो । यसैका कारणले राणाहरूका बिचमा आन्तरिक कलह सुरु भयो । त्यसैगरी राणाहरूका ए, बी र सी गरी तीन समूह बने । “ए” समूहका राणाहरू मात्र प्राइममिनिस्टर एन्ड कमान्डर-इन-चिफ हुन पाउने भए । “सी” समूहका राणाहरू कारवाहीमा परे । तिनै कारवाहीमा परेका राणाहरू नै राणाशासनको अन्त्यका लागि सङ्गठित भए ।

### (ख) भ्रष्टाचारी शासन

राणाहरू भ्रष्टाचारी थिए । राज्यकोष राणा प्रधानमन्त्रीको अधीनमा हुन्थ्यो र उनले राज्यकोषलाई आफ्नो इच्छाअनुसार परिचालन गर्दथे । राणाहरूको सम्पत्ति करमुक्त हुन्थ्यो । देशका उच्च पदहरूमा राणाहरूले मात्रै रहन्थे ।

### (ग) चेतनाको विकास

यातायात, सञ्चार, शिक्षा आदि कारणले देशका नागरिकहरूमा चेतनाको वृद्धि भएको थियो । यही चेतनाका कारणले राणा शासनका विरुद्ध नेपाली नागरिकहरू एकताबद्ध भए ।


### (घ) भारतीय स्वतन्त्रताको प्रभाव

नेपालका राणाहरूलाई अङ्ग्रेजको सहयोग थियो । भारतको स्वतन्त्रता सँग्राममा नेपालीहरू समेत सहभागी भएका थिए । नेपालमा क्रान्ति गर्नका लागि भारतको समेत सहयोग मिलेको थियो ।

### (ङ) नेपाली काँग्रेसको स्थापना र बैरगनियाँ सम्मेलन

वि.स.२००६ साल चैत्र २४ गते नेपाली काँग्रेस पार्टीको स्थापना भयो र सो पार्टीले वि.सं.२००७ असोज १२ र १३ गते भारतको बैरगनियाँमा सम्मेलन गरी नेपालमा र क्रान्ति गर्ने निर्णय गऱ्यो । नेपाली काँग्रेसले थिरबम मल्लको मुक्तिसेना गठन गरी विभिन्न स्थानहरूमा तालिम दिन थाल्यो ।

## २००७ सालको क्रान्ति र यसका उपलब्धिहरू



थिरबम मल्ल

क्रान्ति अगाडि नेपाली काँग्रेसले देशका विभिन्न स्थानहरूमा हवाइजहाजबाट पर्चा छऱ्यो । वि.सं.२००७ कात्तिक २७ गते वीरगगञ्ज आक्रमण गरेर क्रान्तिको थालनी गऱ्यो । यही आक्रमणमा मुक्तिसेनाका कमान्डर थिरबम मल्लले वीरगति प्राप्त गरे । वीरगञ्जपछि पुर्बी मोर्चाका कलैया, महोत्तरी, सर्लाही, वीरगञ्ज, विराटनगर, झापा एवम् अन्य पहाडी भागहरू मुक्ति सेनाको कब्जामा आए ।

पश्चिमको भैरहवा मोर्चामा नेपाली काँग्रेसले आवश्यक हतियारहरू पठाउन सकेको थिएन । यस अवस्थामा यहाँका कमान्डर डा. कुँवर इन्द्रजित सिंह (डा. के.आई. सिंह)ले आफ्नै पहलमा हतियारहरू खोजी भैरहवामा आक्रमण गरे र अस्थायी सरकार गठन गरे । काठमाडौँका जनतालाई तर्साउने उद्देश्यले राणाहरूले सैनिक प्रदर्शनी गर्ने, गोली चलाउने एवम् कफ्र्युलगाउने समेत गरे ।

## क्रान्तिका परिणाहरू

### (अ) दिल्ली सम्झौता

देशको परिस्थिति नियन्त्रण गर्न नसकेपछि तत्कालीन राणा प्रधानमन्त्री मोहन समसेरले भारतसँग मध्यस्थताका लागि अनुरोध गरे । वि.सं. २००७ फागुन १

(सन् १९५७ फेब्रुअरी १२) गते भारतको मध्यस्थतामा नेपाली काँग्रेस, राजा त्रिभुवन र राणा गरी तीन पक्षको बिचमा दिल्लीमा एउटा सम्झौता भयो । यसैलाई दिल्ली सम्झौता भनिन्छ । यो सम्झौताले नेपालमा भएको क्रान्ति रोक्यो र नेपालमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गऱ्यो । यही सम्झौताका आधारमा राजा त्रिभुवन नेपाल आई २००७ साल फागुन ७ गते निम्नलिखित कुराहरूको घोषणा गरेका थिए :

- बालिग मताधिकारका आधारमा दुईवर्षभित्र वैधानिक सभाको गठन गर्ने र त्यही संविधान सभाले देशको संविधान बनाउने
- मोहनसमसेर प्राइममिनिस्टर रहेको १० सदस्यीय राणा-काँग्रेस सरकार गठन गर्ने
- त्रिभुवन नै नेपालका वैधानिक राजा हुने र देशको सम्पूर्ण राजकीय अधिकार राजामा जाने
- सम्पूर्ण राजबन्दीहरूलाई बिनासर्त रिहाइ गर्ने

**(आ) राजनीतिक अन्योल**

राणा शासनको अन्त्यपछि आमूल परिवर्तन हुन्छ भन्ने सोच थियो । तर देशमा स्थिर सरकार बन्न सकेन । सरकारको फेरबदल भइरह्यो । पार्टीहरूका बिच सहयोगको वातावरण नबनी राजनीतिक अन्योलको वातावरण सृजना भयो ।

**(इ) नेपालको अन्तरिम शासन विधान २००७ जारी**

नेपालमा यो क्रान्तिभन्दा अगाडि राणाहरूको हुकुमी शासन चलिरहेको थियो । तर राणा शासनको अन्त्य भएपछि वि.सं. २००७ चैत्र १७ गते “नेपालको अन्तरिम शासन विधान २००७” को घोषणा भयो । प्रजातन्त्रको यो एउटा उपलब्धि पनि थियो ।

**(ई) नागरिक अधिकारको प्रत्याभूति**

राणा शासनका कालमा देशको सम्पूर्ण अधिकार राणाहरूमा केन्द्रित थियो । प्रजातन्त्रको स्थापना भएपछि देशमा संविधान बन्यो र यसले नागरिक हकको प्रत्याभूति गऱ्यो ।

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कुन घटनापछि नेपालको इतिहासमा आधुनिक कालको थालनी हुन्छ ?

(ख) राणा शासनको अन्त्यतिर कुन कुन घटनाहरूले नेपाली जनतामा चेतनाको विकास गराएका थिए ?

(ग) दिल्ली सम्झौतामा कस कसले भाग लिएका थिए ?

(घ) दिल्ली सम्झौतालाई किन त्रिपक्षीय सम्झौता भनिन्छ ?

**२. तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) के कारणले राणा परिवारमा आन्तरिक कलह थियो र यसको परिणाम के भयो ?

(ख) राणा शासन कसरी भ्रष्टाचारी थियो ?

(ग) बैरगनिया सम्मेलन भनेको के हो र नेपालको इतिहासमा यो किन महत्त्वपूर्ण छ ? चर्चा गर्नुहोस् ।

(घ) दिल्ली सम्झौताका सर्तहरू लेख्नुहोस् ।

## पाठ- २ २००७ देखि २०१७ सालसम्मको राजनीतिक अभ्यास र सुधारहरू

नेपालमा राणाशासनको अन्त्य भइसकेपछि झन्डै ३२ ओटा पार्टीहरूको स्थापना भयो । यी पार्टीहरूमा एकता कायम हुन सकेन । अतः देशको राजनीतिक अवस्था अस्थिर हुन गयो । त्यस अवधिमा देशमा निम्नलिखित सरकारहरूको गठन र पतन भयो :

**(क)** राणा-काँग्रेस अन्तरिम सरकार– वि.सं.२००७ फागुन ७

(ख) नेपाली काँग्रेसको एकदलीय सरकार– वि.सं. २००८ मङ्सिर १

(ग) परामर्शदार्त सरकारको गठन –वि.सं. २००९ सालको साउन ३० गते

(घ) राष्ट्रिय प्रजा पार्टीको सरकार–वि.सं. २०१० असार २ गते

(ङ) राष्ट्रिय सरकारको निर्माण– वि.सं.२०१० फागुन ७ गते

(च) सल्लाहकार सभाको गठन–वि.सं २०११ वैशाख १ गते

(छ) सल्लाहकार सभाको गठन–वि.सं. २०११ चैत १ गते

(ज) टङ्कप्रसाद आचार्यको सरकार–वि.सं.२०१२ माघ १३ गते

(झ) डा.के.आई. सिंहको सरकार–वि.सं. २०१४ साल साउन ११ गते

(ञ) राजाको प्रत्यक्ष शासन र कामचलाउ सरकार–बि.सं. २०१५ जेठ २ गते

### आमनिर्वाचन २०१५ र प्रजातान्त्रिक सरकार

नेपालमा प्रतिनिधि सभा र महासभा गरी दुई सदनात्मक व्यवस्थापिका रहने व्यवस्था गरिएको थियो । प्रतिनिधि सभाको निर्वाचनका लागि देशलाई १०९ निर्वाचन क्षेत्रहरूमा विभाजन गरिएको थियो । वि.सं. २०१५ फागुन ७ गते देशमा प्रथम पटक प्रतिनिधि सभाकालागि आमनिर्वाचन भयो । देशका कूल १०९ मध्ये निर्वाचन क्षेत्रहरूमध्ये नेपाली काँग्रेरले दुइतिहाइ बहुमत सहित देशका ७४ स्थानमा विजय प्राप्त गऱ्यो । अन्य दलहरूमा नेपाली राष्ट्रिय गोरखा परिषद्ले –१९, संयुक्त प्रजातन्त्र पार्टीले – ५, नेपाल कम्युनिस्ट पार्टीले –४, स्वतन्त्रले –४ र अन्य दलहरूले –३ स्थान प्राप्त गरे । यसमा एकजना मात्र महिलाले डडेल्धुराबाट चुनाव जितेकी थिइन् । उनको नाम द्वारिका देवी

ठकुरानी थियो । वि.सं. २०१६ जेठ १३ गते बी.पी.कोइरालाको प्रधानमन्त्रित्वमा १९ सदस्यीय मन्त्रिमण्डल गठन भयो । यो नै देशको पहिलो जननिर्वाचित सरकार थियो ।

**जननिर्वाचित सरकारका क्रियाकलाप**

**प्रशासनिक गतिविधिहरू**

- "भ्रष्टाचार निवारण आयोग"को गठन गऱ्यो ।
- लोक सेवा आयोगका गतिविधिहरूलाई व्यवस्थित गरियो ।
- कर्मचारीहरूको तलब वृद्धि गऱ्यो ।
- रजौटा उन्मूलन भयो ।
- तीनओटा उच्च अदालतको स्थापना भयो ।

**आर्थिक एवम् सामाजिक गतिविधिहरू**

- जङ्लको राष्ट्रियकरण भयो ।
- भूमिहीन वर्गलाई जमिनको वितरण गरियो ।
- भूमिसुधार लागु भयो ।
- विर्ता एवम् जमिन्दारी प्रथाको अन्त्य भयो ।
- भारतसँग वि.सं. २०१७ भाद्र २७ (सन १९६० सेप्टेम्वर ११) मा पारवाहन तथा वाणिज्य सन्धि भयो ।

**कुटनीतिक गतिविधि :** यसबेला सरकारले भारत र चीनसँग समदुरीको सम्बन्ध स्थापना गर्न सफल भएको थियो ।

**राजा महेन्द्रको प्रत्यक्ष शासन**

वि.सं. २०१७ पुस १ गते राजा महेन्द्रले प्रधानमन्त्री बी.पी. कोइरालालाई गिरफ्तार गराए । त्यसै दिन सम्पूर्ण मन्त्री एवम् राजनीतिक दलका नेताहरूलाई समेत गिरफ्तार गरे । राजाले शाही घोषणद्वारा नेपाल अधिराज्यको संविधान २०१५ को धारा ५५ को प्रयोग गरी प्रतिनिधि सभा र सरकार भङ्ग गरे । यस बेला राजाले राजनीतिक दल र सरकारलाई निम्नलिखित आरोपहरू लगाइएको थियो :

- सत्ता र शक्तिको दुरुपयोग गर्दै प्रशासनलाई विकृत बनाएको र भ्रष्टाचार गरेको
- राष्ट्रियहितलाई प्राथमिकता नदिई अराष्ट्रिय तत्त्वका गतिविधिहरू बढाएको
- देशमा शान्ति सुरक्षा कायम गर्न नसकेको
- अबैज्ञानिक आर्थिक नीति अबलम्बन गरेको
- राजा, राजमुकुट र संविधानप्रति आँच आउने काम गरेको
- राष्ट्रियता एवम् सार्वभौमिकतामाथि आघात पुऱ्याएको

**प्रजातान्त्रिक कालमा भएका सुधारहरू**

प्रजातन्त्रका दस वर्षमा भएका केही सुधारहरू यसप्रकार छन्:

**आर्थिक उपलब्धिहरू**

- वि.सं. २०१३ साल आश्विन २२ गते पहिलो पञ्चवर्षीय योजनाको घोषणा
- भूमि सुधार मन्त्रालय तथा भूमिसुधार आयोगको स्थापना, विर्ता उन्मूलन
- वि.सं.२०१३ वैशाख १४ मा राष्ट्र बैङ्कको स्थापना
- त्रिभुवन राजपथको निर्माण र नागरिक उड्डयन प्राधिकरणको स्थापना

**प्रशासनिक उपलब्धिहरू**

- निर्वाचन आयोग, लोक सेवा आयोग, कानुन/न्याय आयोगको स्थापना
- वि.सं.२०१३ जेठ ८ मा सर्वोच्च अदालतको स्थापना
- वि.सं. २०१२ मङ्सिर २८ मा संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त
- काठमाडौँ नगरपालिका तथा प्रतिनिधि सभाको निर्वाचन

**शैक्षिक उपलब्धि**

- वि.सं. २००७ सालमा शिक्षा विभागको स्थापना
- कन्या कलेजको स्थापना
- राष्ट्रिय शिक्षा बोर्ड र राष्ट्रिय शिक्षा योजना आयोगको गठन

– राष्ट्रिय शिक्षक शिक्षण/तालिम केन्द्रको स्थापना

– त्रिभुवन विश्वविद्यालय र कलेज अफ एजुकेसनको स्थापना

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) राणा शासनको अन्त्य भएपछि नेपालमा कतिओटा पार्टी बनेका थिए ?

(ख) प्रजातान्त्रिक व्यवस्थाको पहिलो सरकारको नाम के हो ?

(ग) आम निर्वाचन २०१५ मा कुन दलले बहुमत पाएको थियो ?

(घ) पुस १ गतेलाई किन कालो दिन भनिन्छ ?

(ङ) पञ्चवर्षीय योजना भनेको के हो ?

**२. तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) वि.सं. २००७ सालदेखि २०१७ सालको अवधिमा बनेका कुनै पाँच सरकारको नाम लेख्नुहोस् ।

(ख) जननिर्वाचित सरकारका गतिविधिहरूको चर्चा गर्नुहोस् ।

(ग) प्रजातन्त्रको अन्त्य गर्नेबेला राजा महेन्द्रले राजनीतिक दलहरू कस्ता आरोपहरू लगाइएका थिए ? लेख्नुहोस् ।

(घ) आफ्नो कापीमा तल दिइएको जस्तै तालिका बनाई वि.सं.२००७ सालदेखि वि.सं.२०१७ सालको अवधिमा भएका उपलब्धिहरू लेख्नुहोस् :

| क्र.सं. | आर्थिक उपलब्धि | प्रशासनिक उपलब्धि | शैक्षिक उपलब्धि |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |


# पाठ - ३ निर्दलीय पञ्चायती व्यवस्थाको उदय र अन्त्य

## (क) पञ्चायती व्यवस्थाको स्थापना

वि.सं.२०१५सालको निर्वाचनमा नेपाली काँग्रेसलाइ बहुमत प्राप्त भएकाले वि.सं. २०१६ साल जेठ १३ गते बी.पी. कोइरालाको प्रधानमन्त्रित्वमा १९ सदस्यीय मन्त्रिमण्डलको गठन भयो तर अति महत्त्वाकाङ्क्षी राजा महेन्द्रलाई नेपाली काँग्रेस मन परेको थिएन । राजाले आफ्नो इच्छाअनुसार देशमा शासन चलाउन चाहन्थे । प्रजातान्त्रिक व्यवस्थामा राजाको इच्छाअनुसारको शासन चल्न सक्दैनथ्यो । अतः राजा महेन्द्रले २०१७ साल पुस १ गते प्रजातान्त्रिक व्यवस्थाको अन्त्य गरी पञ्चायती व्यवस्थाको स्थापना गरे । पञ्चायती व्यवस्था अप्रजातान्त्रिक व्यवस्था थियो । आफूले कार्यान्वयन गरेको व्यवस्थालाई बलियो बनाउनका लागि राजा महेन्द्रले वि.सं. २०१९ साल पुस १ गतेका दिन नेपालको संविधान २०१९ जारी गरे । जसअनुसार नेपालको सार्वभौमसत्ता तथा देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका सबै अधिकारहरू राजामा केन्द्रित गरियो ।

## (ख) २०३६ को आन्दोलन र जनमत सङ्ग्रह

पञ्चायती व्यवस्थालाई मजबुत बनाउँदै गर्दा शिक्षा क्षेत्रमा पनि नयाँ व्यवस्थाहरू गरिएका थिए । सरकारले विद्यार्थी सङ्गठनहरूमाथि प्रतिबन्ध लगाउँदै उनीहरूलाई दमन गरेको थियो । यही परिस्थितिमा वि.सं २०३५ चैत्र १ मा पाकिस्तानको सैनिक सरकारले जननिर्वाचित प्रधानमन्त्री जुल्फिकार अलि भुट्टोलाई फाँसीको सजाय दियो । भुट्टोलाई फाँसी दिएको विरोधमा नेपालका विद्यार्थीहरूले पाकिस्तानी राजदुतावासमा विरोध पत्र बुझाउने निर्णय गरे । विद्यार्थीहरूको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरेपछि



*Students' Demonstration*

विद्यार्थीहरूले यसको विरोधमा सङ्घर्ष गर्न थाले । जनताले पनि विद्याथीहरूको आन्दोलनमा साथ दिएपछि राजा वीरेन्द्रले २०३६ साल जेठ १० गतेका दिन शाही सन्देशमार्फत जनमत सङ्ग्रह गर्ने घोषणा गरे । जसबमोजिम वि.सं. २०३७ साल वैशाख २० गते दिनमा जनमत सङ्ग्रह भयो । जसअनुसार पञ्चायती व्यवस्थाको पक्षमा २४ लाख ३३ हजार ४ सय ५२ र बहुदलको पक्षमा २० लाख ७ हजार ९ सय ६५ मत मत परेको घोषणा गरियो ।

(ग) **पञ्चायती व्यवस्थाको अन्त्यका कारण**



जनआन्दोलन २०४६ को आन्दोलनको झलक

जनमत सङ्ग्रहले पनि पञ्चायती व्यवस्थामा खासै सुधार हुन सकेन । यो व्यवस्था देशमा शान्ति सुरक्षा कायम र आधारभूत मानव अधिकारको प्रत्याभूति गर्न असफल भयो । जनप्रतिनिधिहरू जनताप्रति नभई राजा र व्यवस्थाप्रति उत्तरदायी हुन्थे । यिनै कारणले पनि पञ्चायती व्यवस्था असफल रह्यो । निर्दलीय पञ्चायती व्यवस्था अन्त्य हुनका निम्नलिखित कारणहरू थिए :

**(अ) व्यवस्थाका समर्थहरूमा मतभेद**

पञ्चायती व्यवस्थाका समर्थकहरूमध्ये एउटा समूहले जनप्रतिनिधिहरू जनताप्रति उत्तरदायी हुनुपर्दछ भन्ने मत राख्दथ्यो भने अर्को समूहले राजा र पञ्चायतका सङ्गठनहरूप्रति उत्तरदायी हुनुपर्ने विचार राख्दथ्यो । यही विचारले पञ्चहरू दुई भागमा विभाजित भए ।

**(आ) मानव अधिकारको हनन**

पञ्चायती व्यवस्थामा नेपाली जनताका आधारभूत मौलिक हकहरूको प्रत्याभूति भएको थिएन । यो व्यवस्थामा राजा नै राज्य तथा सरकार प्रमुख हुन्थे । जनताहरूलाई पञ्चायती व्यवस्था, सरकार, राजा र राजपरिवारका गलत कार्यहरूको टीकाटिप्पणी गर्ने सबै नागरिकलाई कठोर सजाय गरिन्थ्यो ।

### (इ) संवैधानिक प्रावधान

नेपालको संविधान २०१९ जनप्रतिनिधिहरूले नबनाएर राजा स्वयम्ले जारी गरेका हुनाले यो अप्रजातान्त्रिक थियो । यो संविधानको पटक पटक संशोधन भए पनि प्रजातान्त्रिक प्रावधानहरू समावेश हुन सकेनन् । यसका प्रावधानअनुसार राजनीतिक दलहरू प्रतिबन्धित नै रहे ।

### (ई) प्रजातन्त्रवादीहरूको दमन

पञ्चायती व्यवस्थाको थालनीदेखि नै राजा महेन्द्रले प्रजातन्त्रवादीहरूको दमन गर्न थालेका थिए । यो क्रम राजा वीरेन्द्रको शासनकालमा पनि कायम रह्यो । राजाको नीतिबाट प्रजातन्त्रवादीहरू निराश भएका थिए । वि.सं. २०३३ साल पुस १६ गते बी.पी. कोइराला राष्ट्रिय मेलमिलापको नीति लिएर भारतबाट नेपाल फर्किए । तर सरकारले बी.पी. माथि कडा निगरानी बढायो । प्रजातन्त्रवादीहरूलाई दमन गर्ने क्रम २०४६ सालसम्म नै कायम रह्यो ।

### (उ) बाह्य प्रभाव

२०४६ को सुरुतिर युरोप र एसियामा राजनीतिक उथल-पुथलहरू भए । सोभियत सङ्घको खुला आर्थिक नीतिले गर्दा पुर्बी युरोपबाट कम्युनिस्ट राज्य पद्धतिको अन्त्य हुन लाग्यो । जर्मनी, रुमानिया, बुल्गेरिया, मङ्गोलिया आदि मुलुकमा राजनीतिक परिवर्तनहरू भए । यसले नेपाली जनतालाई आन्दोलन सञ्चालन गर्न अनुकूल वातावरण तयार भयो ।

### (ऊ) नेपाल - भारत सम्बन्ध

वि.सं. २०४५ चैत्र १० देखि नेपाल भारत व्यापार तथा पारवाहन सन्धिको म्याद समाप्त भयो र भारतले सो सन्धिलाई नवीकरण नगरी नेपालसँग व्यापार गर्ने २१ नाकाहरूमध्ये १९ नाकाहरू बन्द गरिदियो । त्यसै गरी पारवाहनका १५ नाकामध्ये १३ नाकाहरू बन्द गरिदियो । यसले नेपालमा अत्यावश्यक सामग्रीहरूको आपूर्तिमा समस्या आयो । यो सम्बन्ध सुधार गरी अभावको अवस्था अन्त्य गर्न तत्कालीन पञ्चायती सरकार असमर्थ रह्यो ।

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) २०१५ सालको निर्वाचनमा कुन दलले बहुमत पाएको थियो ?

(ख) प्रथम जननिर्वाचित प्रधानमन्त्री को थिए ?

(ग) पञ्चायती व्यवस्था कहिलेबाट सुरु भयो ?

(घ) नेपालको संविधान २०१९ कहिले देखि जारी भएको थियो ?

**२. तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) जनमत सङ्ग्रहको कारण र परिणामको चर्चा गर्नुहोस् ।

(ख) नेपाली जनताहरूले किन पञ्चायती व्यवस्था मन पराएनन् ?

(ग) पञ्चहरूमा आपसी विभाजन हुने कारणहरू के के थिए ? उल्लेख गर्नुहोस् ।

# पाठ -४ २०४६ को जनआन्दोलन र उपलब्धि

वि.सं.२०४६ साल फागुन ७ गतेदेखि नेपालमा जनआन्दोलनको थालनी भयो । यो आन्दोलनको नेतृत्व तत्कालीन प्रतिबन्धित नेपाली काँग्रेस र संयुक्त वाम मोर्चाले गरेका थिए । यो आन्दोलनको मुख्य उद्देश्य पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्नु थियो । जनआन्दोलन दबाउनका लागि सरकारले अनेक प्रयास गरेपनि सरकारको पहल सफल हुन सकेन । पञ्चायती सरकारका दमनले कैयौँ प्रजातन्त्रवादी नेता कार्यकर्ताहरू गिरफ्तार भए, कैयौँका अङ्गभङ्ग भएभने कतिपयले सहादत प्राप्त गरे । लाठी चार्ज, अश्रु ग्यास, पानीका फोहोरा र गोली प्रहार गर्दा पनि आन्दोलनकारीहरू टसको मस भएनन् । राजा वीरेन्द्रले नेपाली जनतासँग हार खाए र वि.सं. २०४६ चैत्र २६ गते राति दलमाथि लागेको प्रतिबन्ध हटाए । यसपछि नेपालमा प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापन भयो र जनआन्दोलन रोकियो । यो जनआन्दोलनका उपलब्धिहरू यसप्रकार थिए :

## (अ) प्रजातन्त्रको पुनर्स्थापना र अन्तरिम सरकारको गठन

नेपाली काँग्रेस र संयुक्त वाम मोर्चाले जनआन्दोलनको नेतृत्वमा गरेका थिए । यो जनआन्दोलन सञ्चालन गर्नका लागि यी दुबै पक्षका नेताहरू रहेको् एउटा समिति गठन गरिएको थियो र सो समितिलाई "संयुक्त जनआन्दोलन" समिति भनिन्थ्यो । यो समितिले गणेशमान सिंहलाई जनआन्दोलनका सर्वोच्च कमान्डर तोकेको थियो । यो आन्दोलनको सफलतापूर्वक अन्त्य भएपछि राजा वीरेन्द्रले राजाले २०४७ वैशाख ६ गते नेपाली काँग्रेसका सभापति श्री कृष्णप्रसाद भट्टराईको



*प्र.मं.कृष्णप्रसाद भट्टराई*

प्रधानमन्त्रित्वमा ११ सदस्यीय अन्तरिम मन्त्रिमण्डलको गठन गरे । यो सरकारका जिम्मेवारीहरू यसप्रकार थिए :

- भारतसँग सम्बन्ध सुधार गर्ने
- नयाँ संविधानको निर्माण र घोषणा गर्ने
- नयाँ संविधानको आधारमा २०४८ जेठसम्ममा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गराउने

### (आ) राजनीतिक स्थिरताको स्थापना

प्रजातान्त्रिक व्यवस्थाको स्थापनाले प्रजातन्त्र विरोधीहरू दुःखी भएका थिए र उनीहरूले आतङ्कको सिर्जना गरिरहेका थिए । देशमा लुटपाट र आगजनीका घटनाहरू बढ्दै गइरहेका थिए । आफ्नो औपाचारिक पोसाक लगाएर आतङ्क मच्चाइरहेका पाँच जना प्रहरीहरूले जनताको आक्रमणमा परी ज्यान गुमाए । त्यसै गरी बागमती अञ्चलाधीशको कार्यालयमा समेत आगजनी भयो । धरपकड र गोली काण्डहरू समेत भए । तर अन्तरिम सरकारले आफ्ना कामहरूलाई निरन्तरता दिन थालेपछि यस्ता घटनाहरू काबुमा आए ।

### (इ) छानबिन आयोग गठन

जनआन्दोलनको समयमा घटेका घटनाहरूको मूल्याङ्कन गर्ने, जनधनको क्षतिको जाँच गर्ने र जनआन्दोलन दबाउन सहयोग गर्नेहरूलाई कारबाहीको सिफरिस गर्ने उद्देश्यले एउटा आयोग गठन गर्नु आवश्यक थियो । त्यसैले जनार्दनलाल मल्लिकको अध्यक्षतामा एउटा आयोग गठन भयो । यो आयोगलाई मल्लिक आयोगको नामले चिनिन्छ । यसले तोकिएको समयमा आफ्नो काम सकेर नेपाल सरकारलाई आफ्नो प्रतिवेदन बुझायो । तर सरकारले सो प्रतिवेदन सार्वजनिक भने गरेन ।

### (ई) आर्थिक सङ्कट समाधान

वि.सं.२०४५ सालमा नेपाल भारत वाणिज्य तथा पारवाहन सन्धिको समयावधि समाप्त भएको थियो र यो सन्धिको नवीकरण हुन सकेको थिएन । यसले गर्दा नेपालको आर्थिक क्षेत्रमा सङ्कट सिर्जना भएको थियो । अन्तरिम सरकारका

प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले भारतको भ्रममण गरी यो समस्याको समाधान गरे । यसपछि नेपालको आर्थिक अवस्था सामान्य रूपमा सुचारु भयो ।

### (उ) प्रजातान्त्रिक संविधानको निर्माण

देशको राजनीतिक व्यवस्था परिवर्तन भएपछि त्यही व्यवस्थाअनुकूलको संविधान निर्माण गर्नुपर्दछ । प्रजातान्त्रिका संविधान निर्माणका सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायधीश विश्वनाथप्रसाद उपाध्यायको अध्यक्षतामा ९ सदस्यीय संविधान सुधार सुझाव आयोगको गठन भयो । यो आयोगले निर्माण गरेको संविधानलाई वि.सं. २०४७ कात्तिक २३ राजा वीरेन्द्रले शाही घोषणाद्वारा कार्यान्वयन गरे । यो संविधानमा २३ भाग १३३ धारा र ३ अनुसूची थिए ।

## अभ्यास

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) जनआन्दोलन २०४६ को मूल उद्देश्य के थियो ?

(ख) जनआन्दोलन २०४६ मा कुन कुन दुई समूहको सहभागिता थियो ?

(ग) जनआन्दोलन २०४६ मा कुन राजनेतालाई सर्वोच्च कमान्डर घोषणा गरिएको थियो ।

(घ) संविधान सुधार सुझाव आयोगका अध्यक्ष को थिए ?

(ङ) नेपाल अधिराज्यको संविधान २०४७ कहिलेदेखि लागु भएको थियो ? पूरा मिति लेख्नुहोस् ।

**२. तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा गठन भएको अन्तरिम सरकारका मुख्य उद्देश्यहरू के के थिए ?

(ख) प्रजातन्त्रको पुनर्स्थापना भइसकेपछि देशमा स्थिरता कायम हुन नसक्नुका कारणहरू के के हुन सक्छन् ? कुनै चार कारणहरू सोचेर लेख्नुहोस् ।

(ग) मल्लिक आयोग भनेको के हो ? मल्लिक आयोगका जिम्मेवारीहरूको सूची बनाउनुहोस् ।


**३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) जनआन्दोलनको परिचय दिनुहोस् । वि.सं.२०४६ सालमा जनआन्दोलन गर्नु आवश्यक थियो त ? आफ्नो राय प्रस्तुत गर्नुहोस् ।

(ख) जनआन्दोलन २०४६ का उपलब्धिहरूको सूची तयार गर्नुहोस् ।

# पाठ - ५ आम निर्वाचन

देसका सबै बालिग नागारिकहरूको सहभागितामा गरिने स्थानीय, प्रदेश तथा सङ्घीय निर्वाचनलाई आम निर्वाचन भनिन्छ । नेपालमा विभिन्न समयमा आम निर्वाचनहरू भएका थिए । नेपालमा पहिलो आम निर्वाचन वि.सं. २०१५ सालमा प्रतिनिधि सभाका लागि भएको थियो ।



*निर्वाचन*

## (क) आम निर्वाचन २०४८



नेपाल वि.सं. २०४८ सालमा प्रतिनिधि सभाका लागि आम निर्वाचन भएको थियो । त्यस बेलाको संसद्का माथिल्लो सदन राष्ट्रिय सभामा ६० जना र तल्लो सदन प्रतिनिधि सभामा २०५ जना प्रतिनिधिहरू रहने प्रावधान थियो । वि.सं. २०४८ वैशाख २९ मा प्रतिनिधि सभाका २०५ स्थानका लागि निर्वाचन सम्पन्न भएको थियो । यो निर्वाचन प्रजातान्त्रिक नेपालको दोस्रो निर्वाचन थियो । कुनै पनि निर्वाचनमा सहभागी हुनका लागि राजनीतिक दलहरू निर्वाचन आयोगमा दर्ता हुनुपर्दछ । यसपटक निर्वाचन आयोगमा दर्ताका लागि निवेदन दिएका ४४ दलहरूमध्ये जम्मा ४० दलहरूमात्र दर्ता भएका थिए । तर दर्ता भएका सबै दलहरूले निर्वाचनमा भाग लिएनन् । जम्मा २० दलले मात्र आफ्ना उम्मेदवारहरू खडा गरेका थिए । यो निर्वाचनमा जम्मा ६५.१५ प्रतिशत मतदान भएको थियो ।

२०४८ सालको निर्वाचन परिणाम

| क्र.सं. | दलको नाम | प्राप्त स्थान |
|---|---|---|
| १ | नेपाली काँग्रेस | ११० |
| २ | ने.क.पा. एमाले | ६९ |
| ३ | संयुक्त जनमोर्चा | ९ |
| ४ | नेपाल सदभावना पार्टी | ६ |
| ५ | राष्ट्रिय प्रजातन्त्र दल (चन्द) | ३ |
| ६ | राष्ट्रिय प्रजातन्त्र दल(थापा) | २ |

## (ख) मध्यावधि निर्वाचन २०५१




वि.सं. २०४८ को निर्वाचनको परिणामअनुसार नेपाली काँग्रेस संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा वि.सं. २०४८ जेठ १५ गते सरकार गठन भयो । यो सरकार नेपालको दोस्रो जननिर्वाचित सरकार थियो । यो सरकार नेपाली काँग्रेसको एकमना सरकार भएर पनि दलभित्रको मतान्तरका कारणले पूर्ण अवधि काम गर्न सकेन । फलस्वरूप वि.सं. २०५१ साल कात्तिक २९ गते सम्पन्न मध्यावधि निर्वाचन भयो । यो निर्वाचनमा विभिन्न २४ ओटा राजनीतिक दलहरूको सहभागिता रहेको थियो ।

मध्यावधि निर्वाचन २०५१ को परिणाम

| क्र.सं. | दलको नाम | प्राप्त स्थान |
|---|---|---|
| १ | नेपाली काँग्रेस | ८३ |
| २ | ने.क.पा. एमाले | ८८ |
| ३ | नेपाल सद्भावना पार्टी | ३ |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २० |
| ५ | नेपाल मजदुर किसान पार्टी | ४ |
| ६ | स्वतन्त्र उम्मेदवार | ७ |
| | | |

यो निर्वाचनमा कुनै पनि दलको स्पष्ट बहुमत नभएको र दुई वा सोभन्दा बढी दल मिलेर पनि सरकार गठन गर्न सकेनन् । त्यसैले संसद्मा सवैभन्दा सदस्य सङ्ख्या रहेको दलले अल्पमतको सरकार गठन गर्नुपर्ने अवस्था आयो । सोही अनुरूप  नेकपा एमालेको संसदीय दलका नेता मनमोहन अधिकारीको नेतृत्वमा बि.स.. २०५१ मङ्सिर १३ गते सरकार गठन भयो । यो नेपालको पहिलो कम्युनिस्ट पार्टीको सरकार थियो । यो सरकारले “आफ्नो गाउँ आफैं बनाऔं” भन्ने लोकप्रिय नाराका साथा जनपरिचालन गऱ्यो भने सामाजिक सुरक्षा भत्ताको पनि थालनी गऱ्यो । यो अल्पमतको सरकारका यी दुई उदाहरणीय कामहरू हुन् । तर राजनीतिक अस्थिरताका कारणले गर्दा  गठन भएको ९ महिनामै नेकपा एमालेको सरकारको



*मनमोहन अधिकारी*

अन्त्य भयो । यो सरकारलाई नेपालको राजनीतिक इतिहासमा ९ महिने सरकार भनेर पनि चिनिन्छ ।

### (ग) आम निर्वाचन २०५६

वि.सं. २०५६ वैशाख २० र जेठ २ गते गरी दुई चरणमा तेस्रो प्रतिनिधि सभाको निर्वाचन सम्मन्न भयो । यो निर्वाचनमा ३९ राजनीतिक दलहरू चुनावी प्रतिस्पर्धामा थिए । त्यसमध्ये जम्मा ७ दलको मात्रै प्रतिनिधित्व हुन सकेको थियो ।

आवधिक निर्वाचन २०५६ को परिणाम

| **क्र.सं.** | **दलको नाम** | **प्राप्त स्थान** |
|---|---|---|
| १ | नेपाली काँग्रेस | ११३ |
| २ | ने.क.पा. एमाले | ६९ |
| ३ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ११ |
| ४ | सद्भावना पार्टी | ५ |
| ५ | राष्ट्रिय जनमोर्चा | ५ |
| ६ | संयुक्त जनमोर्चा | १ |
| ७ | नेपाल मजदुर किसान पार्टी | १ |

वि.सं. २०५६ जेठ १७ गते कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रित्वमा सरकार गठन भयो । तर दलभित्रको द्वन्द्वका कारणले प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले आफ्नो पदबाट राजिनामा दिनुपऱ्यो । वि.सं.२०५६ चैत्र ८ गते प्रधानमन्त्रीमा गिरिजाप्रसाद कोइराला नियुक्त भए ।

## अभ्यास

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) आमनिर्वाचन २०४८ कति गते सम्पन्न भएको थियो ?

(ख) २०४८ सालको आमनिर्वाचनमा जम्मा कति दलहरू सहभागी थिए ?

(ग) आमनिर्वाचन २०४८ को निर्वाचनमा कुन दल प्रमुख प्रतिपक्षी दलको रूपमा स्थापित भएको थियो ?

(घ) मध्यावधि निर्वाचनको पूरा मिति लेख्नुहोस् ।

(ङ) नौ महिने सरकारका प्रधानमन्त्री को थिए ?

(च) वाम सरकारका दुई महत्त्वपूर्ण कामहरू के के थिए ?

**२. तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) मध्यावधि निर्वाचनको मत परिणामलाई स्तम्भ चित्रमा देखाउनुहोस् ।

(ख) मध्यावधि निर्वाचन भनेको कस्तो निर्वाचन हो र किन वि.सं.२०५१ सालमा नेपालमा मध्यावधि निर्वाचन गरिएको थियो ? सङ्क्षेपमा चर्चा गनुहोस् ।

(ग) मनमोहन अधिकारीको प्रधानमन्त्रित्वमा गठन भएको सरकार किन अन्य सरकारहरूभन्दा लोकप्रिय भएको होला ? अबको सरकार यस्तै लोकप्रिय बन्नका लागि के कस्ता योजनाहरू कार्यान्वयन गर्नुपर्ला ?

(घ) वि.सं. २०४८, २०५१ र २०५६ का निर्वाचन परिणामका तथ्याङ्कका आधारमा एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

# पाठ -६ २०५२ देखि २०६२ सम्मको घटनाक्रम

## (क) माओवादी विद्रोह



माओवादी जनसेना

वि.सं. २०५२ साल फागुन १ गते नेकपा माओवादीले जनविद्रोह सुरु गरेको थियो । मार्क्सवाद, लेनिवाद र माओवाद यो पार्टीको मूल सिद्धान्त थियो । यो दलले वि.सं. २०५२ सालको माघमा तत्कालीन सरकार समक्ष ४१ सूत्रीय माग राख्दै फागुन ५ भित्र ती मागहरू सम्बोधन नभएमा विद्रोह गर्ने चेतावनी दियो । तर सरकारबाट कुनै प्रतिक्रिया नआएको भन्दै २०५२ फागुन १ गतेबाट जनयुद्धको थालनी गऱ्यो । जनयुद्धको थालनी गर्दा रोल्पा, रुकुम र सिन्धुलीका एक एकओटा प्रहरीचौकीमा आक्रमण गरिएको थियो । यो जनयुद्धको मूल उद्देश्य शोषणमुक्त समाजको सिर्जना गर्ने र सर्वहारा वर्गको राज्य स्थापना गर्ने भनिएको थियो ।

## (ख) दरवार हत्याकाण्ड, २०५८




राजा दीपेन्द्र

वि.सं. २०५८ साल जेठ १९ गते राती नेपालको नारायणहिटी राजदबारममा काण्ड भयो । यही नै नेपालको इतिहासमा दरबार हत्याकाण्डका नामले परिचित छ । यो हत्याकाण्डमा राजपरिवारका १० जना सदस्यहरूको एकैपटक ज्यान गएको थियो । यो घटनामा तत्कालीन राजा वीरेन्द्रको मृत्यु भएकाले जेठ २० गतेका दिनमा अर्धमृत अवस्थामा

रहेका युवराज दीपेन्द्रलाई नेपालको राजा घोषित गरियो तर सोही २२ गते राजा दीपेन्द्रलाई पनि अस्पतालले मृत घोषणा गरेको हुनाले २३ गतेको दिनमा वीरेन्द्रका माइला भाइ ज्ञानेन्द्रलाई नेपालको राजा घोषित गरियो ।

दरबार हत्याकाण्डको जाँचबुझ गरी प्रतिवेदन पेस गर्नका लागि राजा ज्ञानेन्द्रले सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायधी केशवप्रसाद उपाध्यायको अध्यक्षतामा प्रतिनिधि सभाका सभामुख तारानाथ रानाभाट र प्रतिनिधि सभामा प्रमुख प्रतिपक्ष दलका नेता माधवकुमार नेपाल रहेको ३ सदस्यीय उच्चस्तरीय छानबिन समिति गठन गरे । तत्कालीन युवराज दीपेन्द्रले लागु औषध सेवन गरी अन्धाधुन्द गोली चलाउँदा यो घटना घटेको प्रतिवेदन छानबिन समितिले पेस गर्‍यो ।

**(ग) दरबार हत्या काण्डपछिका घटनाक्रम**

- वि.सं. २०५८ जेठ १८दरबार हत्याकाण्ड
- वि.सं. २०५८ श्रावण ११ गते शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त
- वि.सं. २०५९ जेठ ८ प्रतिनिधिसभा भङ्ग र कार्तिक २७ गते मध्यावधि निर्वाचन हुने घोषणा
- वि.सं.२०५९ असोज १८ गते प्रधानमन्त्री शेरबहादुर देउबालाई राजाद्वारा असक्षम भन्दै अपदस्थ
- वि.सं. २०६१ माघ १९ गते राजाद्वारा राजकीय सत्ता आफ्नो हातमा

## अभ्यास

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सशस्त्र विद्रोह भनेको के हो ?

(ख) नेपालमा कहिलेदेखि सशस्त्र विद्रोहको थालनी भएको थियो ?)

(ग) राजा वीरेनद्रको वंश नाश हुने गरी भएको हत्याकाण्डलाई किन दरबार हत्याकाण्ड भनिएको होला ?

(घ) ज्ञानेन्द्रलाई कहिले नेपालको राजा घोषणा गरिएको हो ?

**२. तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) नेकपा माओवादीको निर्माण र सिद्धान्तबारे छोटकरीमा लेख्नुहोस् ।

(ख) नेकपा माओवादीले गरेको जनयुद्धको मूल उद्देश्य लेख्नुहोस् ।

(ग) दरबार हत्याकाण्डमा को को मारिएका थिए ? तपाईंले सम्झेका नामहरू लेख्नुहोस् ।

# पाठ -७ जनआन्दोलन बैसट्ठी-त्रिसट्ठी र संविधानसभा



*जनआन्दोलन २०६२/०६३*

वि.सं. २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रको प्रतिगमनको कदम जनआन्दोलन बैसट्ठी-त्रिसट्ठीको मूल कारण थियो । यस दिन राजाले जनतालाई प्राप्त अधिकारको अन्त्य गरी देशको सम्पूर्ण राजकीय सत्ता आफ्नो हातमा लिएका थिए र आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गरेका थिए । राजाको यो कदम विरुद्ध वि.सं.२०६२ मङ्सिर ७ गते नेकपा माओवादी र सात राजनीतिक दलहरूबिच भारतको राजधानी नयाँ दिल्लीमा एक सम्झौता भयो । यही सम्झौतालाई बाह्र बुँदे दिल्ली सम्झौता भनिन्छ । यो सम्झौताप्रति राजनीतिक दलहरूले नेपालमा जनआन्दोलनको घोषणा गरे । यही आन्दोलनलाई जनआन्दोलन –२ तथा २०६२-०६३ को जनअन्दोलन भनिन्छ । यो आन्दोलन २०६२ साल चैत्र २४ गतेदेखि २०६३ वैशाख ११ गतेसम्म जम्मा १९ दिने चलेको थियो । त्यसैले नेपालको राजनीतिक इतिहासमा यसलाई १९ दिने आन्दोलन भनिन्छ ।

## जनअन्दोलनका कारणहरू

### (क) राजनीतिक दलहरू र राजाबिचको सङ्घर्ष

राणा शासनको अन्त्यदेखि नै राजा र जनताका बिचमा सुमसधुर सम्बन्ध स्थापना हुन सकेको थिएन । राजा महेन्द्रको प्रजातन्त्र विरोधी नीति, वीरेन्द्रको जनआकाङ्क्षाहरूप्रतिको उदासीनता तथा ज्ञानेन्द्रका अप्रजातान्त्रिक कदमले नेपाली जनतामा राजाप्रतिको विश्वास घट्न गएको थियो । जनता र राजनीतिक दलहरू प्रजातन्त्रको पक्षमा उभिन्थे भने राजा सधैं प्रजातन्त्र विरोधी हुन्थे ।जनताले राजाबाट आफ्नो अधिकार फिर्ता लिनका लागि राजासँग सङ्घर्ष गर्न थाले । अतः यो सङ्घर्ष नै आन्दोलनको एक कारण बन्न गयो ।

### (ख) समाचार माध्यमहरूको

राजा ज्ञानेन्द्रले आफ्नो निरङ्कुशता बढाउँदै लगे । उनले समाचार माध्यमहरूमाथि समेत निगरानी राख्ने र प्रतिबन्ध लगाउने काम गरे । तर समाचार माध्यमहरूले भूमिगत रूपमा समेत राजाका गलत कार्यहरूका विरुद्ध जनचेतना फैलाउने काम गरे । अतः सञ्चार जगत् पनि आन्दोलनको एउटा कारण बन्न गयो ।

### (ग) नागरिक समाजको भूमिका

जनअधिकारको प्रत्याभूति, शान्ति स्थापना तथा सुशासन कायम गर्नका लागि नागरिक समाजले समेत सडक आन्दोलन गऱ्यो । नागरिक समाजको आव्हानमा देशका जनताहरूको व्यापक सहभागिता भयो । अतः २०६२-६३ को जनआन्दोलन सफल पार्न नागरिक समाजको अत्यन्त ठुलो भूमिका रह्यो ।

### (घ) माओवादी र सरकारको ज्यादति

वि.सं. २०५२ सालदेखि नेकपा माओवादीले सुरु गरेको जनयुद्धको कारणले सर्वसाधारण मानिसहरू निकै त्रसित भएका थिए । माओवादीले सर्वसाधारण जनतालाई सरकारी सुराकीको आरोप लगाई कठोर सजाय दिन्थे । अर्कोतर्फ सरकारी पक्षका सुरक्षाकर्मी पनि गाउँगाउँमा गएर सर्वसाधारण जनतालाई माओवादी र उनीहरूको जासुस भन्दै सजाय दिन्थे । यसले गर्दा कुनै पहुँच नभएका सर्वसाधारण जनता दुबै पक्षबाट अत्याचारमा परेका थिए । अतः यस्तो अत्याचार र दमनबाट मुक्तहुने जनताको चाहना पनि जनआन्दोलनको एउटा कारण थियो ।

### (ङ) आफ्नो अधिकारप्रति जनताको सावधानी

राजा ज्ञानेन्द्रको शाही कदमले जनताका मौलिक अधिकारहरू हनन भए । यिनै अधिकारहरू प्रचलनमा ल्याउने जनताको चाहना नै यो आन्दोलनको एउटा कारण थियो । आफ्ना खोसिएका अधिकारहरू प्राप्तिका लागि सडकमा ओर्लिए ।

### (च) नेपाली काँग्रेसको गणतान्त्रिक नीति

संवैधानिक राजतन्त्र नेपाली काँग्रेसको परम्परागत नीति थियो । तर राजा ज्ञानेन्द्रले नेपाली जनताको अपमान गरेपछि नेपाली काँग्रेसले आफ्नो यो नीतिमा परिवर्तन गर्‍यो । यसले गर्दा नेपाली काँग्रेसको अन्य गणतन्त्रवादी दलहरूसँग सहकार्य हुन सक्यो । यही नीतिले सात राजनीतिक दल र माओवादीका बिचमा बाह्र बुँदे सम्झौता भयो र संयुक्त जनआन्दोलन हुन सक्यो ।

### (छ) अन्य मुलुकहरूको पहल

नेपालमा चलेको जनआन्दोलन र सरकारको अत्याचारी प्रवृत्तिप्रति बाह्य चासो बढिरहेको थियो । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार सम्बन्धी उच्च आयोग, युरोपेली युनियन, अमेरिकी सरकार, भारत आदि मुलुकहरूले नेपालको स्थितिप्रति चिन्ता व्यक्त गरिरहेका थिए । यसले गर्दा राजा ज्ञानेन्द्रको मनोवल घटिरहेको थियो भने नेपाली जनता र राजनीतिक दलहरूको मनोबल बढिरहेको थियो ।

यी लगायत अन्य विभिन्न काणहरूले गर्दा २०६२-६३ सालको जनआन्दोलन भएको थियो । यो आन्दोलनमा २५ जनाले सहादत प्राप्त गरेका थिए ।

## संविधान सभा



*संविधान सभा भवन*

संविधान सभाको मुख्य काम देशमा संविधान बनाउने हो । यसको गठन जनप्रतिनिधिहरूबाट गरिन्छ । अतः यो जनप्रतिनिधिहरू भएको संस्था हो । फ्रान्स संविधान सभाको गठन गर्ने विश्वको पहिलो मुलुक हो भने अमेरिकाको संविधान संविधान सभाले बनाएको विश्वको पहिलो संविधान हो । नेपालमा संविधान सभाको अवधारणा वि.सं. २००७ सालमा बनाइएको थियो । राजा त्रिभुवनले नै संविधान सभाको आवश्यकता महसुस गरी आफ्नो घोषणामा यो कुरा उल्लेख गरेका थिए । तर

२०६४ साल चैत्र २८ गते संविधान सभाको निर्वाचन गरियो । नेपालमा पहिलो पटक ६०१ जना जनप्रतिनिधि भएको संविधान सभाको गठन भयो । तर यो संविधान सभाले तोकिएको समयमा संविधान निर्माण गर्न नसकेको हुनाले वि.सं. २०६९ जेठ १४ गते यो संविधान सभाको विघटन भयो र पुनः २०७० कात्तिक ४ गतेसंविधान सभाको दोस्रो निर्वाचन भयो ।



नेपालमा जम्मा ६०१ जना प्रतिनिधिहरू रहेको संविधान सभाको गठन भएको थियो । यसका लागि पहिलो हुने निर्वाचित हुने प्रणालीअनुसार २४० जना प्रतिनिधिहरू निर्वाचित भएका थिए भने समानुपातिक निर्वाचन प्रणालीअनुसार ३३५ जना प्रतिनिधिहरू निर्वाचित भएका थिए । बाँकी र २६ जना सदस्यहरू मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखद्वारा मनोनीत भएका थिए ।

संविधान सभाले संविधान निर्माण गरी २०७२ असोज ३ गते जारी गर्‍यो । यसपछि सो संविधान सभा व्यवस्थापिका संसद्मा परिणत भई २०७४ माघ ७ गतेसम्म कायम रह्यो ।

## अभ्यास

### १. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :

(क) प्रतिगमनको कदम भनेको के हो ?

(ख) राजा ज्ञानेन्द्रले किन आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गरेका थिए ?

(ग) बाह्र बुँदे सम्झौता कहिले भएको थियो ?

(घ) जनआन्दोलन –२ कहिलेदेखि कहिलेसम्म चलेको थियो ?

(ङ) संविधान सभाको गठन गर्ने विश्वको पहिलो मुलुक कुन हो ?

(च) नेपालमा सर्वप्रथम संविधान सभाको निर्वाचन कहिले भएको थियो ?

२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) राजनीतिक दलहरू र राजाकाबिचमा कस्तो सङ्घर्ष चलेको थियो ? सङ्क्षेपमा लेख्नुहोस् ।

(ख) समाचार माध्यमहरूले कसरी जनआन्दोलन २०६२/०६३ लाई सहयोग गरेका थिए ?

(ग) वि.सं. २०५२ सालपछि नेपाली जनताले कसरी माओवादी र सरकारको ज्यादतिबाट प्रताडित हुनु परेको थियो ? छोटकरीमा लेख्नुहोस् ।

(घ) नेपालमा किन दोस्रो पटक पनि संविधान सभाको चुनाव गर्न परेको होला ? आफ्नो विचार लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् :**

(क) दरवार हत्याकाण्ड पनि जनआन्दोलन चर्काउने एक आधार थियो । के तपाईं यो भनाइसँग सहमत हुनुहुन्छ ? भनाइको पक्ष वा विपक्षमा आफ्ना विचारहरू राख्नुहोस् ।

(ख) जनआन्दोलन २०६२-६३ का कारणहरूले लेखी चर्चा गर्नुहोस् ।

(ग) बाह्र बुँदे सम्झौता भनेको कस्तो सम्झौता हो र यसले जनआन्दोलन २०६२-६३ लाई कसरी सहयोग गऱ्यो ? चर्चा गर्नुहोस् ।

(घ) संविधान सभाको आवश्यकता र नेपालमा संविधान सभा भन्ने विषयमा एउटा लेख लेख्नुहोस् ।

# पाठ - ८ २०६३ देखि २०७४ सम्मका मुख्य मुख्य घटनाहरू

## (क) प्रतिनिधि सभाको पुनर्स्थापना

राजा ज्ञानेन्द्रले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा वि.सं. २०५९ जेठ ८ गते प्रतिनिधि सभाको विघटन गरेका थिए भने वि.सं. २०६१ सालमा देशको सम्पूर्ण अधिकार आफ्नो हातमा लिएका थिए । जनआन्दोलन २०६२/२०६३ को परिणामअनुसार राजा ज्ञानेन्द्रले २०६३ वैशाख ११ प्रतिनिधि सभा पुनर्स्थापना गरे ।

## (ख) प्रजातान्त्रिक सरकारको गठन र प्रतिनिधि सभाको अधिवेशन

२०६३ वैशाख १२ गते गिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीमा नियुक्त भए । उनले सात राजनीतिक दलको प्रतिनिधित्व गरिरहेका थिए । २०६३ वैशाख १५ गते पुनर्स्थापित प्रतिनिधि सभाको वैठक बस्यो । वैशाख २० गते बसेको मन्त्रिपरिषद्को वैठकले माओवादीलाई लगाएको आतङ्ककारीको आरोप फिर्ता गर्ने र सो दलका नेता कार्यकर्ता माथि लागेको रेडकर्नर नोटिस हटाउने निर्णय गऱ्यो । नेकमा माओवादीले युद्धविरामको घोषणा गऱ्यो ।

## (ग) प्रतिनिधि सभाको ऐतिहासिक घोषणा/संसदीय घोषणा

२०६३ साल जेठ ४ गते प्रतिनिधि सभाले गरेको घोषणा निकै महत्त्वपूर्ण छ । यो घोषणामा निम्नलिखित कुराहरू उल्लेख भएका थिए :

- नेपालको व्यवस्थापिकीय अधिकार प्रतिनिधिसभाले प्रयोग गर्ने
- संविधान सभाको निर्माण सम्बन्धी प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुने
- संसद्कको अधिवेशनकको आव्हान प्रधानमन्त्रीले गर्ने र यसको अन्त्य निजको सिफारिसमा सभामुखले गर्ने
- देशको सम्पूर्ण कार्यकारी अधिकार मन्त्रिपरिषद्मा रहने र उप्रान्त श्री ५ को सरकारलाई नेपाल सरकार भनिने

- मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति जवाफदेही रहने । देशको प्रशासन, सेना, प्रहरी तथा सरकारका सम्पूर्ण कार्यकारी अङ्गहरू मन्त्रिपरिषद्को नियन्त्रणमा रहने
- शाही नेपाली सेनाको नाम नेपाली सेना हुने
- नेपाली सेनाको नियन्त्रण र परिचालनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को गठन हुने
- प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने र नेपाली सेनालाई समावेशी बनाइने
- राजपरिषद्लाई खारेज गर्ने र सो संस्थाले गरिरहेका काम/कारबाहीहरू प्रतिनिधिसभाले गर्ने
- राजगद्दी उत्तराधिकारी सम्बन्धी नियम बनाउने, संशोधन गर्ने तथा खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहने
- राजाको खर्च र सुविधा प्रतिनिधिसभाले निर्णय गरेबमोजिम हुने
- राजाको निजी सम्पत्ति र आयमा नियम अनुसार कर लाग्ने ।
- श्री ५ ले गरेका काम/कारबाही र गतिविधिहरूमाथि प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन पाइने ।
- हालसम्म कायम रहेको राज प्रासाद सेवालाई निजामती सेवामा परिवर्तन गर्ने
- राजदरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले निर्णय गरेबमोजिम हुने
- हाल कायम रहेको नागरिक्तासम्बन्धी समस्या तत्काल समाधान गर्ने
- कायम रहेको राष्ट्र गानलाई परिवर्तन गर्ने
- नेपाल धर्मनिरपेक्ष राज्य हुने
- देशको राज्य संयन्त्र प्रतिनिधिसभाप्रति बफादार रहने र प्रतिनिधिसभाको निर्णयअनुसार सञ्चालन हुने

- ➢ विशिष्ट पदाधिकारी तथा कर्मचारीहरूले प्रतिनिधिसभाबाट आफ्नो पद तथा गोपनीयताको सपथ लिनुपर्ने । यसो गर्न नचाहने पदाधिकारीहरू पदमुक्त हुने
- ➢ यो घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ का प्रावधान तथा अन्य कानुनहरू बाझिएको हदसम्म रद्द हुने
- ➢ यो घोषणाको कार्यान्वनयनमा आएका बाधा-अड्काउहरू फुकाउने अधिकार प्रतिनिधिसभामा रहने

## (घ) सरकार–माओवादी शान्तिवार्ता

मओवादी जनयुद्ध चलिरहेका बेला विभिन्न समयमा प्रधानमन्त्री शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द तथा सूर्यबहादुर थापाले समेत वार्ताको पहल गरेका थिए । तर ती वार्ताहरू सफल हुन सकेनन् ।

२०६३ जेठ १२ गतेबाट नेपाल सरकार र नेकपा मओवादीबिच वार्ता सुरु भयो । असार २ गते माओवादी र सात राजनीतिक दलकाबिचमा वार्ता सम्पन्न गरी आठ बुँदे सहमति पारित गरियो । यो सहमति पत्रमा सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरूबाट हस्ताक्षर भएको थियो । यसमा हस्ताक्षर गर्ने प्रतिनिधिहरू यसप्रकार थिए :



*सातदल र माओवादीवीच शिखर वैठक*

(अ) गिरिजाप्रसाद कोइराला –प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति

(आ) क. माधवकुमार नेपाल–महासचिव, नेकपा एमाले

(इ) शेरबहादुर देउवा– सभापति, नेपाली काँग्रेस (प्रजातान्त्रिक)

(ई) अमिक शेरचन –उपप्रधानमन्त्री तथा अध्यक्ष, जनमोर्चा नेपाल

(उ) नारायणमान विजुक्छे– अध्यक्ष, नेपाल मजदुर किसान पार्टी

(ऊ) भरत विमल यादव–उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

(ए) प्रभुनारायण चौधरी– अध्यक्ष, वाममोर्चाका नेपाल

(ऐ) क.प्रचण्ड–नेकपा माओवादी

## (ङ) विस्तृत शान्ति सम्झौता



सरकार -माओवादी शान्ति सम्झौतामा हस्ताक्षर गर्दै

विस्तृत शान्ति सम्झौता नेपालको राजनीतिक इतिहामा निकै महत्त्वपूर्ण घटना हो । २०६३ मङ्सिर ५ गते सरकार र माओवादीबिच वृहत शान्ति सम्झौता भएको थियो । यो संझौताले नेपालमा राजनीतिक परिर्वतन, जनयुद्ध औपचारिक समाप्ति, मानवअधिकार आदि पक्षलाई समेटेको थियो ।

## अभ्यास

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) प्रतिनिधि सभाको पुनर्स्थापनाको पूरा मिति लेख्नुहोस् ।

(ख) जनयुद्धको समयमा नेकपा माओवादीका नेता तथा कार्यकर्ताहरूमाथि कुन कुन आरोप लागेका थिए ?

(ग) माओवादीसँग भएको पहिलो चरणको शान्तिवार्ता कुन प्रधानमन्त्रीको पालामा भएको थियो ?

(घ) विस्तृत शान्ति सम्झौता भनेको के हो ?


२. **तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) प्रतिनिधि सभाको पुनर्स्थापनासम्बन्धी जानकारी दिँदै एक अनुच्छेद लेख्नुहोस् ।

(ख) विस्तृत शान्ति सम्झौता कहिले भएको थियो र यसले कसरी नेपालको राजनीतिक तथा सामाजिक क्षेत्रमा परिवर्तन ल्याएको थियो ?

(ग) प्रतिनिधि सभाको ऐतिहासिक घोषणा भनेको के हो ? यसका मुख्य मुख्य बुँदाहरू लेख्नुहोस् ।

# पाठ - ९ सङ्घीय शासनपद्धति (सङ्घ, प्रदेश र स्थानीय तह)




विश्वमा प्रायः दुई किसिमका शासन पद्धतिहरू अभ्यासमा रहेका छन् । कतिपय मुलुकहरूमा एकात्मक शासन पद्धतिहरू अभ्यास गरिन्छ भने केही मुलुकहरूले सङ्घीय शासन पद्धतिको अभ्यास गरेको पाइन्छ । एकात्मक शासन पद्धति केन्द्रीकृत हुन्छ भने सङ्घीय शासन पद्धतिमा राज्यसत्ताको अधिकार सङ्घ र एकाइहरूमा विभाजन गरिन्छ ।

नेपालको परिप्रेक्ष्यमा तराई काँग्रेस पार्टीले वि.सं.२००८ सालमा सङ्घीय शासनको माग गरेको थियो । यसप्रकार नेपालमा सर्वप्रथम सङ्घीयताका विषयमा आफ्नो विचार राख्ने दल तराई काँग्रेस हो । त्यसै गरी वि.सं. २०१५ मा रघुनाथ ठाकुरले सङ्घीयताको माग उठाएका थिए । २०४६ को जनआन्दोलनपछि नेपालका केही राजनीतिक दलहरूले सङ्घीय शासन पद्धतिलाई आफ्नो विधानमा समेत राखेका थिए ।

जनयुद्धको समयमा नेकपा माओवादीले नेपाललाई ११ ओटा स्वायत्त गणराज्यहरूमा विभाजन गरेको थियो र माओवादीले देशलाई ११ ओटा स्वायत्त राज्यहरूमा विभाजन गर्ने प्रस्ताव समेत अघि सारेको थियो । विभिन्न राजनीतिक दलहरूले यस विषयमा

आफ्ना राय प्रस्तुत गरेका थिए । अन्त्यमा देशलाई ७ ओटा प्रदेशहरूमा विभाजन गरि सङ्घीयताको अभ्यास गर्ने निर्णय भयो ।

सङ्घीय शासन पद्धतिलाई विभिन्न तीन तहहरूमा अभ्यास गरिन्छ । ती तहहरू यस प्रकार रहेका छन् :

**(क) सङ्घीय/केन्द्रीय तह**

सङ्घीय भनेको केन्द्रीय तह हो । यसले समग्र देशको प्रतिनिधित्व गर्दछ । सङ्घीय सरकारका तीन अङ्गहरू सङ्घीय व्यवस्थापिका, कार्यपालिका र न्यापालिका हुन् ।

**(अ) सङ्घीय व्यवस्थापिका**

नेपालको संविधानअनुसार सङ्घीय व्यवस्थापिका प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक हुने छ । प्रतिनिधि सभामा जम्मा २७५ जना प्रतिनिधिहरू रहने छन् । प्रतिनिधि सभाको गठनका लागि नेपाललाई १६५ निर्वाचन क्षेत्रहरूमा विभाजन गरिने छ र प्रत्येक निर्वाचन क्षेत्रबाट वालिग मताधिकारका आधारमा एक एक जना प्रतिनिधिहरू निर्वाचित हुने छन् । यसका लागि प्रत्यक्ष निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने) को अभ्यास गरिने छ । बाँकी ११० जना प्रतिनिधिहरू समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने छन् । प्रतिनिधि सभाको समयावधि पाँच वर्षको हुने छ । यसरी प्रतिनिधि सभाको गठन भएपछि सदनलाई सुचारु रूपमा सञ्चालन गर्नका लागि एक जना सभामुख र एक जना उपसभामुखको चयन हुने छ । ती दुई जना फरक लिङ्ग र फरक दलका हुनुपर्ने छ ।

त्यस्तै राष्ट्रिय सभामा जम्मा ५९ जना सदस्यहरू रहने छन् । राष्ट्रिय सभाको गठनका लागि प्रत्येक प्रदेशमा एक एक ओटा निर्वाचक मण्डलको गठन हुने छ । यो निर्वाचक मण्डलमा प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहने छन् । यो निर्वाचक मण्डलले आफ्नो प्रदेशबाट आठ जना प्रतिनिधिहरू निर्वाचित गरी राष्ट्रिय सभामा पठाउने छ । ती आठ जनामध्ये

कम्तीमा तीन जना महिला, एक जना दलित, एक जना अपाङ्गता भएको वा अल्पसङ्ख्यक समूहको हुनुपर्दछ । यसप्रकार एउटा प्रदेशबाट आठ जनाको दरले जम्मा सात प्रदेशबाट ५६ जना प्रतिनिधिहरू राष्ट्रिय सभाका लागि निर्वाचित हुने छन् । बाँकी तीन जना नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने छन् र ती तीन जनामध्ये एक जना महिला हुनुपर्ने छ ।

राष्ट्रिय सभा एक स्थायी सदन हुने छ र यसका सदस्यहरूको पदावधि छ वर्षको हुने छ । यस सदनका एकतिहाइ सदस्यको पदावधि हरेक दुई वर्षमा सकिने छ । राष्ट्रिय सभाको गठन भइसकेपछि यसका गतिविधिहरू सुचारु गर्नका लागि एक जना अध्यक्ष र एक जना उपाध्यक्षको चयन गरिने छ । उनीहरू फरक लिङ्गका हुनुपर्ने छ ।

**(आ) सङ्घीय कार्यपालिका**

नेपालको संविधानअनुसार केन्द्रमा सङ्घीय कार्यपालिका हुन्छ । जसअन्तर्गत बढीमा २५ सदस्यीय मन्त्रिपरिषद् ब्यवस्था गरिएको छ । देशको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा हुन्छ । मन्त्रिपरिषद्को गठन सम्बन्धी संवैधानिक प्रावधानहरू यसप्रकार छन् :

- राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने छ ।
- प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने छ ।
- प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र प्रधानमन्त्री नियुक्त हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा

राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छ ।

- कुनै पनि दलको बहुमत प्राप्त नभएको अवस्थामा नियुक्त प्रधानमन्त्रीले नियुक्तिको मितिले तीस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गरिसक्नुपर्ने छ ।

### (इ) सङ्घीय न्यायपालिका

तीन तहका न्यायपालिकाहरूमध्ये सर्वोच्च अदालत सङ्घीय न्यायपालिका हो । उच्च अदालत प्रदेश न्यायपालिका हो । स्थानीय न्याय निरुपणका लागि जिल्ला अदालत र स्थानीय न्यायिक निकायहरू रहने छन् । सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने छन् । संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने छ ।

## (ख) प्रदेश/राज्य तह

### (अ) प्रदेश व्यवस्थापिका

प्रदेशको व्यवस्थापिका एकसदनात्मक हुने छ । जसलाई प्रदेश सभा भनिने छ । प्रदेश सभाको गठन यसप्रकार हुने छः

- सम्वन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा हुने सदस्य
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुन आउने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य
- प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुने छ ।

### (आ) प्रदेश कार्यपालिका

प्रदेशको कार्यसञ्चालनका लागि प्रत्येक प्रदेशमा प्रदेश प्रमुखहरू रहने छन् । ती प्रदेश प्रमुखहरू नेपाल सरकारको प्रतिनिधिहरू हुने छन् र उनीहरूको नियुक्ति मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने छन् । त्यसैगरी प्रत्येक प्रदेशमा प्रदेश मन्त्रिपरिषद् रहने छ । यो मन्त्रिपरिषद्को प्रमुख मुख्यमन्त्री हुने छन् र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुन्छ । प्रदेश मन्त्रिपरिषद्मा मुख्यमन्त्रीसहित प्रदेश सभाका कुल सदस्य सङ्ख्याको बीस प्रतिशतमा नबढ्ने गरी प्रदेश मन्त्रिपरिषद् गठन हुने छ ।

## (ग) स्थानीय तह

गाउँपालिका र नगरपालिका स्थानीय सरकारका तहहरू हुन् ।

### (अ) गाउँ कार्यपालिका

- प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका अध्यक्ष रहने छ र निजको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुने छ ।
- गाउँ कार्यपालिकामा एकजना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष र निर्वाचित सदस्यहरू रहने छन् ।
- ती निर्वाचित सदस्यहरूमा चार जना महिला र दुई जना दलित वा अल्पसङ्ख्यक हुने छन् ।

**नेपालमा स्थानीय निकायहरू**

| | |
|---|---|
| गाउँपालिका– | ४६० |
| नगरपालिका – | २७६ |
| उपमहानगरपालिका – | ११ |
| महानगरपालिका – | ०६ |

### (आ) नगरपालिका

- प्रत्येक नगर कार्यपालिकामा एक जना नगर कार्यपालिका प्रमुख रहने छ र निजको अध्यक्षतामा नगर कार्यपालिका गठन हुने छ ।
- नगर कार्यपालिकामा एकजना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष रसदस्यहरू रहने छन् ।

- ➢ ती निर्वाचित सदस्यहरूमा पाँच जना महिला र तीन जना दलित वा अल्पसङ्ख्यक हुने छन् ।

नेपालको सङ्घीय संरचनाअन्तर्गत हरेक जिल्लामा जिल्ला समन्वय समिति रहने छ । यो स्थानीय निकायहरूको माथिल्लो एकाइ हो । यसको मूल काम जिल्ला भरिका गाउँपालिका र नगरपालिकाहरूका बिचमा समन्वय कायम गर्नु हो ।

यो सङ्घीयताको कार्यान्वयनका लागि २०७४ मङ्सिर १० र मङ्सिर २१ गते गरी दुई चरणमा सङ्घीय तथा प्रदेश संसद्को निर्वाचन सम्मन्न भइ कार्यपालिका समेत गठन भएका छन् ।

त्यसै गरी २०७४ वैशाख ३१, असार १३ र असोज २ गते गरी तीन चरणमा स्थानीय तहको समेत निर्वाचन सम्पन्न गरिएको थियो ।

## अभ्यास

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) सङ्घीयताको परिभाषा दिनुहोस् ।

(ख) नेपालमा सङ्घीयताको आवश्यकताका बारेमा सर्वप्रथम कसले विचार राखेका थिए ?

(ग) नेपालका तीन प्रशासनिक तहहरू के के हुन् ?

(घ) सङ्घीय व्यवस्थापिकाका दुई सदनहरूको नाम लेख्नुहोस् ।

(ङ) राष्ट्रिय सभामा कति जना सदस्यहरू रहने व्यवस्था छ ?

(च) प्रदेश प्रमुखको नियुक्ति कसले गर्दछन् ?

**२. तलका प्रश्नको छोटकरीमा उत्तर लेख्नुहोस् :**

(क) सङ्घीय कार्यपालिकाको गठन प्रकृया उल्लेख गर्नुहोस् ।

(ख) तपाईंको घर कुन प्रदेशमा पर्दछ ? तपाइँ प्रदेश सरकारका मन्त्रीहरूको नाम खोजेर लेख्नुहोस् ।

(ग) गाउँ कार्यपालिकाको गठन कसरी हुन्छ ? छोटकरीमा लेख्नुहोस् ।

(घ) जिल्ला समन्वय समितिको परिचय दिनुहोस् ।

**३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**


(क) सङ्घीय व्यवस्थापिकाको गठन प्रक्रिया लेख्नुहोस् ।

(ख) नेपालजस्तो सानो मुलुकमा सङ्घीयता आवश्यक छ ? तर्कपूर्ण उत्तर लेख्नुहोस् ।

**एकाइ- तीन** # विश्वका सभ्यताहरू

**पाठ १** ## ग्रिक तथा रोमन सभ्यता

(क) **ग्रिक सभ्यता**



ग्रीस राज्य


ग्रिक सभ्यताको अर्को नाम युनानी सभ्यता हो र यसलाई विश्वको पुरानो सभ्यता मानिन्छ ।यो सभ्यताको विकास हालको ग्रिसमा भएको थियो । यहाँका मानिसलाई जलमार्गको प्रयोगमा सहजता भएकाले प्राचीन ग्रिसले विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति गरेको थियो । यो सभ्यता करिब ४०० वर्षसम्म कायम रहेको थियो । यसको थालनी ई.पू. १२औं शताब्दीमा भएको र पतन ई.पू. ८औं शताब्दीमा भएको थियो । प्राचीनकालमा ग्रिस एउटा महान् साम्राज्य थियो र यसमा नगर राज्यहरू स्थापना भएका थिए । यी नगर राज्यहरूलाई पोलिस स्टेट भनिन्थ्यो । यी सबै नगरराज्यहरूको भाषा, धर्म तथा संस्कृति एउटै थियो । एउटै संस्कृति भए पनि राजनीतिक भिन्नताका कारणले यी राज्यहरूमा आपसी कलहको वातावरण सिर्जना भएको थियो ।

**(ख) शासन पद्धति**

प्राचीन ग्रिसका विभिन्न नगर राज्यहरूमा स्पार्टा र एथेन्स प्रमुख थिए । यहाँका नगर राज्यहरूमा एकै प्रकारको शासन व्यवस्था थिएन । निरङ्कुश शासन पद्धति थियो भने एथेन्समा प्रजातान्त्रिक व्यवस्थाको अभ्यास गरिन्थ्यो । पछिल्लो समयमा यहाँका अन्य नगरराज्यहरूले समेत प्रजातान्त्रिक अभ्यासको थालनी गरेका थिए ।

शासनलाई व्यवस्थित गर्नका लागि ई.पू. ५०८ मा एथेन्समा संविधानको निर्माण समेत गरियो । संसदीय व्यवस्थाको थालनी पनि एथेन्सबाटै भएको हो ।

## (ग) साहित्य र दर्शन



हेरोडट्स

साहित्य र दर्शन ग्रिस साम्राज्यका योगदान हुन् । होमरले ओडिसी र इलियड भन्ने महाकाव्यहरूको रचना गरेका थिए । कवि हेसोइडले वर्क अफ द डेज (Work of the Days) र डिसेन्ट अफ द गड्स (Descent of the Gods)" भन्ने काव्यहरूको रचना गरेका थिए । यसकालमा नाटक विधाको समेत विकास भएको थियो । इतिहासको लेखन पनि यही सभ्यताकै देन हो । हेरोडटस्ले सर्वप्रथम पर्सियन वार (Persian War) नामक इतिहासको किताब लेखेका हूनाले उनलाई इतिहासका पिता (Father of History) समेत भनिन्छ । दर्शनका क्षेत्रमा सुकरात, प्लेटो र अरस्तुको योगदान अतुलनीय छ ।

## (घ) मूर्तिकला र वास्तुकला



एथिनादेवीको मूर्ति

मूर्तिकला र वास्तुकलाको विकास यी नगर राज्यहरूमा राम्ररी भएको थियो । फिडियाना नामक मूर्तिकारले एथिनादेवीको मूर्ति बनाएका थिए । त्यस्तै अर्का मूर्तिकार फिडिसले जियस देवताको मूर्ति बनाएका थिए । पार्थेनियन मन्दिर त्यसकालको वास्तुकलाको नमुना हो । यो मन्दिर हस्तिहाड तथा सुनले सिङ्गारिएको थियो ।

## (ङ) आधुनिक विश्वलाई ग्रिक सभ्यताको देन

- प्रजातन्त्रको थालनी र विकास
- संविधानको निर्माण

- दर्शनको विकास
- साहित्य र इतिहास लेखन
- मूर्तिकला र वास्तुकला

## (च) रोमन सभ्यता

ग्रिस सभ्यताको पतनपछि सोही स्थानमा रोमन सभ्यताको विकास भएको हुनाले यो सभ्यतालाई ग्रिस सभ्यताको निरन्तरता भनिन्छ । ई.पू. ७५३ मा रोमुलस र रोमस नाम गरेका जुम्ल्याहा दाजुभाइले रोम नगरको स्थापना गरेका हुन् । रोम सहरमा प्राचीन रोमन सभ्यताको विकास भएको थियो ।



प्राचीन रोम

त्यसकालमा मिश्र (Egypt), मेसोपोटामिया, कार्थेज आदि सभ्यताको पनि विकास भएको थियो । यी राज्यहरूमध्ये कार्थेज निकै शक्तिशाली हुनाले यसले सिसिलीलाई समेत आफ्नो अधिनमा राखेको थियो । यो कालमा रोम र कार्थेजका बिचमा निकै प्रतिस्पर्धा हुन्थ्यो र यी दुई साम्राज्यहरूका बिचमा ३ चरण गरेर ११८ वर्षसम्म युद्ध पनि भएको थियो । यो युद्धलाई प्युनिक युद्ध (Punic War) भनेर समेत चिनिन्छ । कार्थेजमा प्युनिसस् (Punicus) जातिको शासन थियो र यही प्युनिसस् भन्ने शब्दबाट प्युनिक बन्न गएको हो । पहिलो प्युनिक युद्ध २३ वर्ष चलेको थियो । दोस्रो प्युनिक युद्ध (रोम-कार्थेज युद्ध) हनिबल (Hannibal) युद्ध हो । हनिबल कार्थेजका सेनानायक थिए र उनैको नामबाट यो युद्धको नाम पनि हनिबल युद्ध हुन गएको हो । यो युद्ध १७ वर्ष चलेको थियो । तेस्रो प्युनिक युद्ध ट्युनिसिया (Tunisia) मा भएको थियो र यसले कार्थेज सभ्यतालाई नै ध्वस्त पारेको थियो । यी तीनओटै युद्धमा रोमको विजय भएको थियो । तेस्रो युद्धपछि

५० हजार कार्थेजका नागरिकहरूलाई रोमनहरूले दास बनाएका थिए । यी युद्धमा असङ्ख्यक मानिसले ज्यान गुमाएका थिए ।

प्राचीन रोमको समाजमा  पेट्रिसियन (Patrician) र प्लेबियन (Plebian) गरी दुई वर्गहरू थिए । पेट्रिसियन (Patrician) विशेषाधिकार प्राप्त वर्ग थियो भने प्लेबियन (Plebian) विशेषाधिकारविहीन वर्ग थियो ।

सम्राट् रोमन साम्राज्यको उच्च पदस्थ व्यक्ति थिए र उनले सिनेट र एसेम्ली (Senate and Assembly) को सहयोगमा शासन चलाउने गर्दथे । ई.पू. ५०९ मा गणतन्त्रको स्थापना भएपछि देशका शासन व्यवस्थाको जिम्मेवारी कन्सुल (Consul) लाई दिइयो । कन्सुल जनप्रतिनिधिहरूको संस्था थियो । तर बिस्तारै यो साम्राज्यमा निरङ्कुश शासक र राजतन्तको समेत उदय भयो ।

अगस्ट सिजर रोमन साम्राज्यका प्रभावशाली सम्राट् थिए । उनको शासनकाललाई रोमको इतिहासमा स्वर्णयुग भनेर चिनिन्छ । यो साम्राज्यलाई १४ ओटा प्रान्तहरूमा विभाजन गरि हरेक प्रान्तको शासन चलाउनका लागि सैनिक अधिकारीहरूमध्येबाट प्रशासक नियुक्त गरिन्थ्यो । सीमाको सुरक्षा गर्ने जिम्मा पनि यिनीहरूकै हुन्थ्यो । नागरिक सेवा (Civil Service) को छुट्टै सचिवालयको स्थापना गरिएको थियो र यसको प्रमुखको नियुक्ति रोमन सम्राट्बाट हुने गर्दथ्यो ।



अगस्टस सिजरको शालिक

रोममा विशेषाधिकार प्राप्त पाट्रिसियन वर्गको बोलवाला थियो । अतः समान अधिकारको माग गर्दै प्लेबियन वर्गले लामो समयसम्म आन्दोलन/सङ्घर्ष गर्‍यो ।

अन्त्यमा लिखित रूपमा प्रकाशित गरियो । यिनै लिखित कानुनहरूको संहिताहरूलाई "बाह्र बुँदे संहिता" (Code of Twelve Tables) भनिन्छ ।

**(छ) आधुनिक विश्वलाई प्राचीन रोमको सभ्यताको महत्त्वपूर्ण योगदान**

- ल्याटिन भाषाले युरोपभरि नै आफ्नो प्रभाव फैलाउन सक्यो ।
- प्रजातन्त्र, गणतन्त्र, स्वतन्त्रता, नागरिक्ता आदि जस्ता अवधारणाहरूको विकास रोमन साम्राज्यबाट भएको हो ।
- हालको विश्वमा निर्वाचनको थालनी र निर्वाचन पद्धतिको विकास रोमबाट नै भएको हो ।
- ग्रिस सभ्यताको विश्वव्यापीकरणमा रोमन सभ्यताकै योगदान रहेको छ ।

## अभ्यास

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) ग्रिस सभ्यतालाई अर्को कुन नामले चिनिन्छ ?

(ख) ग्रिक सभ्यता कति वर्षसम्म कायम रहेको थियो ?

(ग) हेरोडट्सलाई किन इतिहासका पिता भनिएको होला ?

(घ) रोम सहरका संस्थापक को थिए ?

(ङ) रोमन सभ्यतासँग प्रतिस्पर्धा गर्ने समकालीन सभ्यता कुन थियो ?

(च) कसको शासनकाललाई रोमको इतिहासमा स्वर्णयुग भनेर चिनिन्छ ?

**२. तलका प्रश्नको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) प्राचीन ग्रिस नगर राज्यहरूका मानिसहरूले कसरी यातायात सञ्चालन गर्दर्थ र यातायातले ग्रिस नगरराज्यहरूको विकासमा कसरी सहयोग पुगेको थियो ?

(ख) प्राचीन ग्रिसमा कस्तो शासन पद्धति थियो ? छोटकरीमा चर्चा गर्नुहोस् ।

(ग) प्राचीन ग्रिसको दर्शन र साहित्यको चर्चा गर्नुहोस् ।

(घ) रोमको सभ्यतालाई किन ग्रिस सभ्यताको निरन्तरता भनिएको हो ?

(ङ) गणतन्त्र भनेको कस्तो शासन व्यवस्था हो ? यसका फाइदाहरू लेख्नुहोस् ।

(च) प्राचीन रोमन समाजमा कुन कुन वर्गका मानिसहरू बस्दथे ? उनीहरूको सामाजिक तथा आर्थिक अवस्थाको सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

(छ) बाह्र बुँदे संहिता (Code of Twelve Tables) को सङ्क्षेपमा परिचय दिनुहोस् ।

**३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) प्राचीन ग्रिस साम्राज्यका प्रमुख नगर राज्यहरू कुन कुन थिए ? तीमध्ये तपाईंलाई कुन नगरराज्यको शासन व्यवस्था मन पर्‍यो ? सो राज्यमा अभ्यास गरिने शासन व्यवस्थाका विशेषताहरूका आधारमा लेख्नुहोस् ।

(ख) वर्तमान युगलाई प्राचीन ग्रिस सभ्यताले के कसरी प्रभाव पारेको छ ? चर्चा गर्नुहोस् ।

(ग) रोम-कार्थेज युद्धलाई किन प्युनिक युद्ध भनिएको हो ? यो युद्धका चरणहरूको व्याख्या गर्नुहोस् ।

(घ) रोममा प्रचलित शासन पद्धति र वर्तमान नेपालको राजनीतिक पद्धतिबिच कस्तो सम्बन्ध छ ?

# पाठ- २ वैदिक सभ्यता

## (क) परिचय



वेदको नामबाट वैदिक सभ्यताको नाम राखिएको हो । विश्वमा चार वेदहरू छन् र ती वेदहरूमा ऋग्वेद सबैभन्दा पुरानो हो । अतः ऋग्वेद कालीन युगलाई पूर्ववैदिक युग मानिन्छ । आजभन्दा झन्डै पाँच हजार वर्ष अगाडि हालको युरोप, मध्य एसिया र भारतीय उपमहाद्वीपमा यो सभ्यताको विकास र विस्तार भएको थियो । यो सभ्यतामा “ॐ”लाई संसारको सार र उत्पत्तिको आधार मानिन्छ । त्यो समाज वर्णाश्रम व्यवस्थामा आधारित भएकाले ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार वर्णहरूको अस्तित्व थियो ।

## (ख) जीवन पद्धति



यज्ञ कार्य

वैदिक समाजमा घरमूलीले परिवारको प्रमुख हुन्थ्यो । त्यस बेलाको खानामा मसलाको अत्यधिक प्रयोग गरिन्थ्यो । मानिसहरूले सोमरस पिउन मन पराउँथे । दुध, दही, मही तथा घिउ आदि पनि पेय पदार्थ तथा खानाको रूपमा प्रयोग हुन्थे । मानिसहरूमा धर्मप्रति विश्वास थियो र देवीदेवता र प्रकृतिको पूजा आराधना गर्दथे ।

महिलाबिना पुरुषले गरेका यज्ञकार्यहरू फलित हुँदैनन् भन्ने विश्वास थियो । अत्त पूजाआजामा पुरुषका साथमा महिलाको पनि सहभागिता हुन्थ्यो । पितृ उद्धार र परलोक सुधार गर्नका लागि तीर्थव्रत र यज्ञयज्ञादि समेत गरिन्थे ।

**(ग) शिक्षा र साहित्य**

शिक्षा र साहित्यको थालनी र विकासका लागि यो सभ्यतालाई महत्त्वपूर्ण मानिन्छ । लिपिको विकास हुनुभन्दा पहिले नै ऋग्वेदको सिर्जना भइसकेको थियो । त्यसकालमा ज्ञानको आदानप्रदान मौखिक रूपमा गरिन्थ्यो । सुन्ने र सम्झने कुरा त्यसबेलाको शिक्षाका माध्यम थिए । अतः वैदिक कालको शिक्षा र साहित्य श्रुति र स्मृतिमा आधारित थियो ।

(घ) **आर्थिक अवस्था**

कृषि, पशुपालन, उद्योग तथा व्यापार आदि वैदिक कालका आर्थिक क्रियाकलापहरू थिए । अन्न, सागपात, कन्दमूल, आदिको उत्पादन गरिन्थ्यो र गाई, भैँसी, कुकुर, बाख्रा आदि पशुहरूको पालन गरिन्थ्यो । खनिज प्रशोधन, उनी धागो बनाउने, भाँडा तथाा हतियार निर्माण आदि यस कालका उद्योग थिए । मानिसहरू आफ्नो उत्पादन बेच्नका लागि विभिन्न स्थानहरूमा जाने गर्दथे । त्यस बेलाको व्यापारमा वस्तुले वस्तु साट्ने गरिन्थ्यो । वस्तुले वस्तु साट्ने व्यापारको प्रणालीलाई वस्तु विनिमय प्रणाली (Barter System) भनिन्छ ।

**(ङ) समाजमा महिलाको स्थान**

वैदिक समाजमा नारीहरू सम्मानित तथा उच्च मानिन्थे । उनीहरूले शैक्षिक क्षेत्रमा समेत प्रगति गरेका र योगदान दिएका थिए । मदालसा, अरुन्धती, अपाला, घोषा आदि वैदिक कालका केही विदूषीहरू हुन् । शृङ्गार सामग्रीहरूको उत्पादन र प्रयोग नारीले गर्दथे । धर्मकर्म, कृषि, व्यापार आदिमा समेत नारीहरूको सहभागिता हुन्थ्यो । वैदिका समाजमा सती प्रथा थिएन । महिलाहरूलाई धेरै पटकसम्म विवाह गर्ने छुट समेत थियो । सम्पत्तिमा महिलाको पनि हक लाग्दथ्यो ।

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) के को नामबाट वैदिक सभ्यताको नाम रहन गएको हो ?

(ख) वैदिक समाजमा परिवारको मूलीले के काम गर्दथ्यो ?

(ग) श्रुति र स्मृति भनेको के हो ?

**२. तलका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् :**

(क) वैदिक सभ्यता भनेको कस्तो सभ्यता हो ? छोटकरीमा परिचय दिनुहोस् ।

(ख) वैदिककाल कसरी श्रुति र स्मृतिको काल थियो ? स्पष्ट पार्नुहोस् ।

## एकाइ - चार    विश्वका क्रान्ति

## पाठ : १    रुसी क्रान्ति

### पृष्ठभूमि

सन् १९१७ मा रुसको आफ्नै विशेषता छन् । रुसको क्रान्तिमा समाजका सबै वर्गको सहभागिता रहेको थियो । रुसको आन्दोलनमा सामन्त, पुँजीपति, सेना र किसान सबैले सक्रियतासाथ भाग लिएका थिए । त्यसैले भनिन्छ, कार्ल मार्क्सका सिद्धान्तहरूको सर्वप्रथम व्यवहारिक प्रयोग रुसमा गरियो । रुसी क्रान्तिको प्रमुख उद्देश्य जारको निरङ्कुश शासनको अन्त गरी समाजवादी शासन व्यवस्था प्रारम्भ गऱ्यो । संसारमा रुसी क्रान्तिको महत्त्वपूर्ण स्थान छ ।

### १. आर्थिक कारण

- सन् १९१७ भन्दा पहिले रुस पिछडिएको कृषि प्रधान देश थियो । १५ करोड किसान र एक लाख ३० हजार जति जमिनदार थिए । किसान र मजदुरहरूको स्थिति ज्यादै दयनीय थियो ।
- सन् १८६१ मा भएको क्रिमियायुद्धपश्चात् किसानहरूले जग्गा त पाए तर यति चर्को व्याज लाग्यो कि उनीहरूले प्राप्त गरेको जग्गा राख्न सकेनन् ।
- कारखानामा काम गर्ने मजदुरको अवस्था झन् नराम्रो थियो । उनीहरूले ज्यादै कम ज्याला पाउँथे ।

### २. सामाजिक कारण

- रुसी क्रान्तिभन्दा पहिले रुसको समाज तीन वर्गमा विभाजित थियो । प्रथम श्रेणीमा कुलीन सामन्त थिए । यिनीहरूलाई राज्यका तर्फबाट विभिन्न अधिकार र सहुलियत दिइएको थियो । दोस्रो श्रेणीमा व्यापारी, साना जमिनदार र पुँजीपति थिए । यिनीहरू पनि निम्न वर्गका मानिसहरूको शोषण गर्नमा कम थिएनन् । तेस्रो श्रेणीमा  किसान, मजदुर र अर्धदास कृषक थिए । यिनीहरूलाई कुनै राजनीतिक र सामाजिक अधिकार थिएन ।

- रुसमा जारको निरङ्कुश शासन र उनका पृष्ठपोषक सामन्त जमिनदार र पुँजीपतिहरूको विरोधमा क्रान्ति पैदा भयो, यस क्रान्तिलाई निम्न वर्गका किसान, मजदुर र सैनिकहरूले ठुलो बलिदान र योगदान दिएर सफल बनाए ।

## ३. निरङ्कुश शासन

- रुसमा जारशाहीको निरङ्कुश शासन चलिरहेको थियो । रुसमा पनि चर्च व्यवस्था राजाको दैवी अधिकार र निरङ्कुशताको समर्थक थियो । त्यसै प्रशासन र सेनाका उच्च अधिकारी वर्ग, कुलीन र सामन्त राजाको निरङ्कुशताका पृष्ठपोषक थिए । अन्तिम जार शासक निकोलस द्वितीयमा उन्की रानी अलेक्सान्द्रा र दरवारीया साधु रासपुटिनको विशेष प्रभाव थियो । उनीहरू सम्राटलाई निरङ्कुश बन्न प्रेरित गर्दथे ।
- समाचार पत्र, विद्यालय र राजनीतिक सङ्घ संस्था दमनकारी नीतिको चक्कीमा पिसिएका थिए । जनताको जिउधनको सुरक्षा थिएन । सानोतिनो अपराधमा पनि मृत्युदण्ड दिइन्थ्यो ।

## ४. सर्वहाराको समस्या

रुसमा भएको औद्योगिक विकासको फलस्वरूप ग्रामीण क्षेत्रका कैयौँ भूमिहीन किसानहरू रोजगारका खोजीमा सहरतर्फ आइदिए । कारखानाहरूको अवस्था र सहरी जीवनको जटिलताले उनीहरूलाई कठिन पर्ने मजदुरी मिल्थ्यो । अशिक्षा र अज्ञानताले गर्दा मजदुरी गर्दा मजदुर तथा किसान वर्गमा सङ्गठनको अभाव थियो । तर सहरमा पुगेपछि उनीहरू बिस्तारै क्रान्तिकारी विचारबाट प्रभावित भए । र उनीहरूमा दृढ विश्वास पैदा भयो कि शोषण एवम् अत्याचारको अन्त क्रान्तिद्वारा मात्र हुने छ ।

## ५. पश्चिमी युरोपको उदारवादको प्रभाव

पश्चिमी युरोपमा प्रचलित उदारवादी शासन व्यवस्थाको रुसका जनसाधारणमा गहिरो प्रभाव पर्‍यो । उनीहरूले पनि मौलिक हक, गाँसबासको व्यवस्था र संसद्को माध्यमद्वारा शासनमा जनसहभागिताको माग गर्दै थिए । जारको प्रशासनको कडा नियन्त्रणका बाबजुद प्रगतिशील विचारधाराका प्रकाशनहरू

रुस भित्रिएका थिए । तिनको अध्ययनबाट रुसी जनतामा क्रान्तिकारी परिवर्तनको आकाङ्क्षा पैदा भयो । Maxim Gorky, Dostoevsky, Leo Tolstoy आदिका उत्कृष्ट साहित्यिक रचनाहरूले रुसी युवाहरूमा जागरण पैदा गरेको थियो ।

## ६. असफल क्रान्ति

सन् १८७० देखि नै रुसमा जारशाही निरङ्कुशताको विरोधमा आन्दोलन चलिरहेको थियो । आन्दोलनकारीले सन् १८८१ मा बम प्रहार गरि जार अलेक्ज्यान्डर द्वितीयको हत्या गरेका थिए । यसैबिच १९०४-०५ ई. मा भएको युद्धमा जापानबाट रुस नराम्रोसँग पराजित भयो । यस पराजयले रुसका जार निकोलस द्वितीयको बदनाम भयो । युद्धले गर्दा रुसको अर्थव्यवस्था चौपट भयो । हजारौं कारखाना बन्द भए, लाखौँ श्रमिक बेरोजगार भए । सर्वत्र जनमा असन्तोष फैलियो । सन् १९०५ मा रुसमा क्रान्ति भयो तर यस पटकको क्रान्तिलाई जारले दबाए । त्यसपछि उनले जनतालाई केही अधिकार दिएको देखाउन रुसमा संसद् (Duma) को स्थापना गरे । तर संसद्मा कुलीन सामन्त र पुँजीपतिहरू मात्र चुनिएर आउन सक्ने व्यवस्था मिलाइएको थियो । Duma जारको इसारा चल्दथ्यो । यसको माध्यमबाट न जनताले शासन व्यवस्थामा सहभागी हुने अवसर पाए न त उनीहरूको आवाज सुनियो । यसर्थ रुसीवासीहरू जारको निरङ्कुश सत्तालाई नै समाप्त पार्न प्रतिबद्ध भए ।

## ७. लेलिनको योगदान

रुसमा किसान तथा मजदुर वर्गमा असन्तोष बढिरहेको थियो, समाजवादीहरूले त्यसको लाभ उठाए । रुसी क्रान्तिताका रुसका समाजवादीहरू दुई दलमा विभाजित थिए - विकासवादी मोन्सेभिक र क्रान्तिकारी बोल्सेभिक प्रारम्भमा मोन्सेभिकहरूले सफलता पाए पनि पछि बोल्सेभिकहरू अगाडि बढे जसको नेतृत्व लेनिनले गरेका थिए । लेनिनको व्यक्तित्व, वक्तृत्वकला र सङ्गठन क्षमता उच्चकोटीको थियो । क्रान्ति हुँदा लेनिन बाहिर थिए । सन् १९१७ को अप्रिलमा रुस आई



असन्तुष्ट किसान र मजदुरको नेतृत्व समाले । क्रान्तिलाई सफल बनाउन सशक्त नेतृत्व प्रदान गरे ।

## ८. प्रथम विश्वयुद्धको प्रभाव

प्रथम विश्वयुद्धमा रुस मित्रराष्ट्रका तर्फबाट भाग लिएको थियो । रुसको सेना विशाल त थियो तर सेनाका अधिकारी वर्ग भ्रष्ट र विलासी थिए । सेनामा अनुशासनको कमी थियो । सैनिक सङ्गठन अव्यवस्थित थियो । युद्धले गर्दा देशमा दैनिक आवश्यकताका वस्तुहरूको अभाव थियो । असामान्य मूल्य वृद्धि थियो । जनतालाई अकाल र भोकमरीबाट बचाउन जार प्रशासनले कुनै तत्परता देखाएन । सर्वत्र अशान्ति र असन्तोष फैलियो । आन्दोलन र हडतालहरू हुन थाले । युद्धबाट पराजित भई फर्केका निरास सैनिकहरूले पनि आन्दोलनकारी प्रति सहानुभूति दर्साए जसले आन्दोलनकारीको उत्साह झन् बढ्यो ।

## ९. तत्कालीन कारण - पेट्रोग्राडको हडताल

एकपछि अर्को घटनाले रुसमा क्रान्तिको पृष्ठभूमि तयार भइसकेको थियो । फेब्रुअरी १९१७ मा पेट्रोग्राडका मजदुरहरूले आम हडताल गरेर क्रान्तिको आह्वान गरे । यसै वर्षको मार्चसम्म हडताल र आन्दोलनले उग्ररूप लियो । सेनाले आन्दोलन दबाउन सेना पठायो, गोली चलाउन इन्कार गरी जनतालाई साथ दियो । किसान, मजदुर र सैनिकहरूको सहयोगबाट क्रान्तिकारी सोभियतहरू स्थापना गरिए । रुसको संसद् (Duma) ले अस्थायी सुधारहरूको घोषणा गऱ्यो । निकोलस द्वितीयलाई सपरिवार बन्दी बनाइयो । उनलाई राजगद्दी त्याग्न विवश पारियो । यसरी रुसमा राजतन्त्रको समाप्त भयो ।

**क्रान्तिकालका घटनाहरू**

सन् १९१७ मा रुसमा दुइओटा क्रान्ति भए ।

**(क) फेब्रुअरी क्रान्ति**

मार्च महिनामा जार शासन समाप्त गरियो र जर्ज ल्योभको नेतृत्वमा अस्थायी सरकार बन्यो । उक्त सरकारले उदारवादी नीतिको अवलम्बन गरि जनताका आधारभूत स्वतन्त्रको घोषणा गऱ्यो तर जनताहरू व्यक्तिगत स्वतन्त्रताको ग्यारेन्टी चाहन्थ्ये, जमिनदारका सम्पत्ति खोसेर किसानलाइ बाँड्न र उद्योग कलकारखानालाई राष्ट्रियकरण गर्न चाहन्थ्ये । तर उक्त सरकारले यस्ता मूलभूत कार्य गर्न नसकेपछि रुसका सैनिक र समाजवादी मिलेर विभिन्न सोभियतहरू खडा गरि राज्यभर आन्दोलन गर्न थाले र यसले क्रान्तिको रूप लियो ।

**(ख) अक्टोबर क्रान्ति**

रुसको सबैभन्दा ठुलो र सुसङ्गठित राजनीतिक सङ्गठन बोल्सेभिक पार्टी नै थियो । अन्यायी र अस्थायी सरकारलाई अन्त गर्न बोल्सेभिकहरूले पहिले जनताको समर्थन प्राप्त गर्ने प्रयास गरे । मजदुरहरूलाई कारखानामा स्थायित्व दिने वचन दिए । किसानहरूलाई जमिनदारको जमिन खोसेर दिने वचन दिए । अतः सबै मानिसहरू बोल्सेभिकहरूको पक्ष लिए ।

रुसका सोभियतहरूमा उनीहरूको प्रभाव बढ्दै गयो । बोल्सेभिकहरू रोटी, जमिन र शान्तिको नारा दिइरहेका थिए । उनीहरूलाई जनता र सेनाले साथ दिइरहेका थिए । देशभर हडताल हुन थाले, सेना विद्रोह भयो । अक्टोबर महिनामा रुसभर सोभियतहरू मिलेर पेट्रोग्राड नगरमा एउटा वृहत् सभा गरे । बोल्सेभिकहरूको शक्ति देखेर केरेन्स्की पलायन भए । त्यसपछि बोल्सेभिकहरूका नेता लेनिनको नेतृत्वमा रुसमा कम्युनिस्ट पार्टीको शासन कायम भयो । यसलाई अक्टोबर क्रान्ति भनिन्छ ।

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) Serfs को थिए ?

(ख) रुसी विधानसभाको नाम उल्लेख गर्नुहोस् ।

(ग) निकोलस द्वितीयको परिचय एक वाक्यमा लेख्नुहोस् ।

(घ) बोल्सेभिक भन्नाले के बुझ्नुहुन्छ ?

(ङ) केरेन्स्कीको परिचय दिनुहोस् ।

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) रुसी क्रान्तिका कारणहरूको सूची बनाउनुहोस् र कुनै एक कारणको छोटकरीमा वर्णन गर्नुहोस् ।

(ख) जार शासन निरङ्कुश शासन प्रणाली थियो । पुष्टि गर्नुहोस् ।

(ग) रुसी क्रान्तिको तत्कालीन कारण छोटकरीमा वर्णन गर्नुहोस् ।

(घ) रुसी क्रान्तिमा लेनिनको योगदानको चर्चा  गर्नुहोस् ।

(ङ) रुसी क्रान्तिका प्रमुख घटनाहरूलाई छोटकरीमा वर्णन गर्नुहोस् ।

**३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) जार निकोलस द्वितीयको कमजोर चरित्रका कारण रुसी राज्यक्रान्तिको कारण थियो । विश्लेषण गर्नुहोस् ।


(ख) रुसको राज्यक्रान्ति बिसौँ शताब्दीको महत्त्वपूर्ण घटना मानिन्छ, किन ? प्रस्ट पार्नुहोस् ।

# पाठ - २ रुसी क्रान्तिका परिणामहरू

## पृष्ठभूमि

सन् १९१७ को रुसी क्रान्ति विश्वका दलित जातिहरूको विजयी थियो । रुसको क्रान्ति नै पहिलो क्रान्ति थियो जसमा मजदुरहरूले किसानहरू र सैनिकहरूसँग मिलेर शासनको विरुद्ध विद्रोह गरे । यसमा सर्वहारावर्गले विजय प्राप्त गरे । यस क्रान्तिले दलितवर्गलाई चेतनशील बनायो भने मजदुरवर्गलाई उनीहरूको शक्तिको आभास तुल्यायो ।

रुसी क्रान्तिको मुख्य उद्देश्य दलितवर्गलाई शोषणबाट मुक्त गराउनु थियो । रुसी क्रान्तिबाट प्रभावित भएर अरू औद्योगिक देशका मजदुरहरू पनि सङ्गठित हुन थाले । तिनै सङ्घर्षहरूको परिणामस्वरूप नै उनीहरूले कैयौँ सुविधाहरू प्राप्त गरे । रुसको क्रान्ति साम्राज्यवादको विरुद्ध थियो । मानव जीवनका हरेक पक्षमा परिवर्तन ल्याउने लक्ष्य राखेको रुसी क्रान्तिको आफ्नै महत्त्व छ ।



## सर्वहारावर्गको अधिनायकत्व स्थापना

रुसी क्रान्तिले निरङ्कुश राजतन्त्रबाट शासन सत्ता खोसेर निम्नस्तरका किसान, मजदुर एवम् सर्वहारा वर्गलाई शासनको अधिकार उपलब्ध गरायो । शासन व्यवस्थामा सर्वहारा वर्गको नियन्त्रण कायम नभएसम्म यस वर्गको हित हुने छैन भन्ने कार्ल मार्क्सद्वारा प्रतिपादित सिद्धान्तलाई यस क्रान्तिले व्यावहारिक रूपमा प्रयोग गर्ने अवसर उपलब्ध गरायो । यस मान्यताको आलोचना गर्ने व्यक्तिहरूलाई घोर दमनको नीति लिइयो । सर्वहारा वर्गको नाममा कम्यूनिष्ट नेताहरू निरङ्कुश हुन गए ।

## वर्गविहीन समाजको स्थापना

क्रान्तिभन्दा पहिले रुसमा कुलीन सामन्त, मध्यमवर्ग, किसान, मजदुर आदि अनेक वर्ग थिए । समाजमा सामाजिक विषमता र शोषण विद्यमान थियो । यस क्रान्तिले विभिन्न वर्गहरूको उन्मूलन गरी वर्गविहीन समाजको स्थापना गरेर शोषणका आधारहरूलाई नै समाप्त पार्नेतिर कदम बढायो ।

## आर्थिक उन्नति/समानताको स्थापना

रुसी क्रान्तिपश्चात् रुसको आर्थिक अवस्थामा निकै सुधार भयो । कृषि तथा उद्योगका क्षेत्रमा रुसले अभूतपूर्व सफलता प्राप्त गऱ्यो । आधुनिक कृषि, औजार तथा प्रविधिको प्रयोगबाट कृषि उत्पादनमा वृद्धि भयो । औद्योगिक विकासले गर्दा बेरोजगारी समस्या समाधान भयो । भूमि, खानी, जङ्गल, जलस्रोत जस्ता प्राकृतिक स्रोतहरू तथा उद्योग, वाणिज्य व्यापारलगायत सबै आर्थिक क्रियाकलाप राज्यको नियन्त्रणमा आए । यसप्रकार धन आर्जन गर्ने सम्पूर्ण साधनहरू सरकारले नियन्त्रणमा लिएकाले श्रमिक वर्ग शोषित हुनुपर्ने अवस्था रहेन । रुसी क्रान्तिले आफ्नो क्षमतानुसार काम गर्ने र आवश्यकतानुसार खान लाउन पाउने कुरालाई मौलिक अधिकारका रूपमा मान्यता दियो ।

## नयाँ समाजको स्थापना

रुसी क्रान्तिपछि स्थापित व्यवस्थाले जाति, वर्ण र वर्गभेदलाई अन्त गऱ्यो । मार्क्सवादी सिद्धान्तमा आधारित समाजको स्थापना गरी नयाँ संस्कृतिको निमार्णमा जोड दिइयो । सन् १९१८ मा निर्माण भएको संविधानले प्रत्येक मानिसलाई काम पाउने र काम गर्ने अधिकार छ भन्ने मान्यता स्तापित गर्यो । जुन व्यक्तिले सम्पत्ति राख्छन् वा बिना श्रम

आम्दानी प्राप्त गर्छन् तिनीहरूलाई भोट दिने र हातहतियार राख्ने अधिकारबाट बञ्चित गरियो ।

## साम्यवादको प्रचार/प्रसार

रुसी क्रान्तिपछि साम्यवादको प्रचार/प्रसार जोडतोडले हुन थाल्यो । विश्वका अनेक देशहरूका मजदुरहरू सोभियत रुसको बोल्सेभिक आन्दोलनबाट प्रभावित भए । रुसको साम्यवादी व्यवस्थाबाट उत्साहित भएर सन् १९४९ मा चीनमा पनि साम्यवादी शासन व्यवस्था स्थापना भयो । चेकोस्लोभाकिया, अल्वानिया, रुमानिया, हङ्गेरी, पोल्यान्ड तथा पुर्बी जर्मनी लगायतका यूरोपियन मुलुकहरूमा साम्यवादी शासन व्यवस्था लागु भयो । सोभियत रुसको विखण्डन हुन अघि लगभग आधा युरोप, एकतिहाई एसियाली राष्ट्रहरूमा साम्यवादी व्यवस्था र सरकार अस्तित्वमा थिए ।

## अन्य देशको आन्तरिक नीतिमा प्रभाव

रुसको क्रान्तिपश्चात् साम्यवादी सिद्धान्तको प्रचार/प्रसारबाट विश्वका अन्य गैर साम्यवादी मुलुकहरूको आन्तरिक नीतिमा समेत प्रभाव पर्न गयो । ती देशहरूले रुसमा जस्तै किसान र मजदुरले विद्रोह गर्लान् भन्ने डरले किसान र मजदुरलाई अधिकाधिक सुविधा दिन थालियो । मजदुर सङ्गठनलाई मान्यता प्रदान गरियो । कतिपय मुलुकमा बेरोजगार भत्ताको समेत प्रबन्ध गरियो । कारखानासम्बन्धी कानुन बनाएर मजदुरहरूका लागि स्वास्थ्य सेवा, दुर्घटना बिमा र न्यूनतम ज्याला आदि जस्ता सुविधा निर्धारण गरियो । ती गैरसाम्यवादी मुलुकहरूले पनि समाजवादी अर्थव्यवस्थाका महत्त्वपूर्ण पक्षलाई अपनाए । आवधिक योजनाहरू तयार गरी लागु गर्ने नीति अंगिकार गरे ।

## धार्मिक परिवर्तन

रुसी क्रान्ति अघि रुसमा अन्धविश्वास, अज्ञानता फैलाउनुमा सबैभन्दा ठुलो हात चर्चहरूको थियो । उनीहरूले मानिसलाई नराम्रो र गलत कुराहरूको शिक्षा दिएका थिए । चर्चले क्रान्तिताका क्रान्ति विरोधीलाई साथ दिएको थियो । चर्चको सबै सम्पत्ति खोसियो, धार्मिक संस्थाहरू माथि पूर्ण प्रतिबन्ध लगाइयो । सन् १९१८ को एक घोषणा मार्फत चर्चलाई राज्यसँग अलग बनाइयो । चर्चको सम्पत्ति जफत गरियो । चर्चलाई सङ्ग्रहालय वा सरकारी भवनमा परिणत गरियो । सरकारले धर्म विरोधी प्रचारप्रसारका

लागि प्रोत्साहन गऱ्यो । अनेकौं पादरीहरूलाई दण्डित गरियो । मानिसहरू आफ्नो इच्छाअनुसार कुनै धर्मको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न सक्दथे ।

## अन्तर्राष्ट्रिय सम्बन्धमा प्रभाव

रुसको बोल्सेभिक क्रान्तिपश्चात् सोभियत रुसको आर्थिक स्थिति बलियो हुनुका साथै त्यसको सैनिक शक्तिमा पनि निमै वृद्धि भयो । सोभियत रुसको उदयपछि सम्पूर्ण विश्व दुई खेमामा विभाजित भयो । विशेषगरि द्वितीय विश्वयुद्धपश्चात् विश्वमा साम्यवादी र गैरसाम्यवादी राष्ट्रहरू दुई परस्पर विरोधी खेमामा विभाजित भए । साम्यवादी राष्ट्रहरूले अन्तर्राष्ट्रिय स्तरमा साम्यवाद प्रचारको जोडदार अभियान चलाए भने गैरसाम्यवादी राष्ट्रहरू यसको प्रभाव रोक्न तल्लीन भए । यसैको परिणामस्वरूप NATO र Warshaw Pact जस्ता सैनिक गुटको निर्माण भयो । विश्वमा शीतयुद्ध (Cold War) र हतियारको होडबाजी प्रारम्भ भयो ।

उल्लिखित परिणामका अतिरिक्त रुसी समाजमा औद्योगिकीकरण, सामूहिक खेती प्रणालीले रुसीहरूको जीवनस्तर उकासिनु रुसी क्रान्तिका परिणाम हुन् । देशमा प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य गरियो । प्रत्येक जातिको संस्कृतिको विकास, दुई भाषिक शिक्षाको विकास, देशमा सङ्ग्रहालय निर्माण पनि रुसी क्रान्तिका परिणाम हुन् ।

जारको शासनकालमा महिलाहरूलाई कुनै पनि अधिकार थिएन । उनीहरूका लागि सरकारी र व्यक्तिगत संस्थाहरू कुनै पनि किसिमको जागिर दिइँदैनथ्यो । अक्टोबर क्रान्तिको कारणले उनीहरू त्यस्तो अवस्थाबाट स्वतन्त्र भए । सबै क्षेत्रमा पुरुषसरहको अधिकार प्राप्त गरे । रुसी महिलाहरूलाई खाली स्वतन्त्रता मात्र प्राप्त नभई उनीहरूलाई शासनमा पुरुषले सरह भाग लिने अधिकार प्राप्त भयो । रुसमा सन्तान बढाउने कुरालाई जोड दिइयो । वेश्यावृत्तिलाई कानुनी अपराध घोषित गरियो ।

यसप्रकार रुसी क्रान्तिले विश्वका सम्पूर्ण दलित तथा शोषित जातिहरूलाई अन्याय र अत्याचार विरुद्ध सङ्घर्ष गर्न प्रेरणा प्रदान गरेको थियो । रुसी नेताले अक्टोबर क्रान्तिपछि मार्क्सवादी चिन्तनको प्रयोग गर्न राम्रो मौका पाए ।

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) वर्गविहीन समाजको परिचय एक वाक्यमा लेख्नुहोस् ।

(ख) तपाइँलाई रुसी क्रान्तिको सबैभन्दा राम्रो परिणाम कुन लाग्छ ? कारणसहित उल्लेख गर्नुहोस् ।

(ग) NATO को पूरा अर्थ लेख्नुहोस् ।

(घ) धार्मिक सुधारको कुनै एक परिणाम उल्लेख गर्नुहोस् ।

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) रुसी क्रान्तिका परिणामका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(ग) रुसी क्रान्तिपछि रुसी समाजको धार्मिक अवस्था छोटकरीमा वर्णन गर्नुहोस् ।

(ग) रुसी क्रान्तिले पारेको अन्तर्राष्ट्रिय प्रभावको मूल्याङ्कन गर्नुहोस् ।

(घ) छोटकरीमा टिप्पणी गर्नुहोस् :

(अ) NATO / Warshaw Pact

(आ) समाजवादी अर्थव्यवस्था

**३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) रुसी क्रान्तिले रुसभित्र मात्र होइन बाह्य क्षेत्रमा पनि प्रभाव पार्‍यो । उदाहरणसहित पुष्टि गर्नुहोस् ।

# पाठ - ३ भारतीय स्वतन्त्रता सङ्ग्राम (सन् १८८५-१९४७)

## पृष्ठभूमि

औद्योगिक क्रान्तिले विश्वको राजनीतिमा पनि प्रभाव नपारी छोडेन । एसियाली मुलुक भारत यसको अपवाद रहन सकेन । औद्योगिक क्रान्तिपश्चात् बेलायतलगायत अन्य युरोपेली राष्ट्रका व्यापारीहरू अफ्रिकन र एसियन मुलुकमा व्यापार गर्नका लागि प्रवेश गरे । यसै क्रममा अङ्ग्रेज व्यापारीहरू व्यापारका लागि भारत प्रवेश गरेका थिए । अङ्ग्रेज व्यापारीहरूले भारतमा स्थानीय राजारजौटाहरूमा 'फुटाउ र राज गर' नीतिबाट राजनीतिमा हस्तक्षेप गर्न थाले । यही हस्तक्षेपले गर्दा स्वतन्त्र भारत अङ्ग्रेजको उपनिवेशमा परिणत भयो । यस उपनिवेशबाट मुक्त हुन भारतीयहरूले अनेक सङ्घर्ष गरे ।

उन्नाइसौँ शताब्दीको अन्त्यतिर भारतमा नवजागृति भारतीयहरूमा राष्ट्रियताको लहर उत्पन्न भयो । उनीहरूमा उत्पन्न राष्ट्रिय जागरण नै भारतीय स्वतन्त्रता सङ्ग्रामको प्रमुख कारण थियो ।

### भारतीय स्वतन्त्रताका कारणहरू

- राष्ट्रिय एकता
- शिक्षाको प्रचार
- धार्मिक एवम् सामाजिक सुधार आन्दोलन
- भारतीयहरूको आर्थिक शोषण एवम् दुर्व्यवहार
- राष्ट्रि भावनाको प्रचार
- साहित्यको विकास
- राजनीतिक दलको स्थापना
- अङ्ग्रेजको नीति

### राष्ट्रिय एकता

भारतीय स्वतन्त्रता सङ्ग्रामको मुख्य कारण राष्ट्रिय एकता नै थियो । भारत मुगल शासनकालको अन्तिम समयतिर ससाना राज्यहरूमा विभाजित थियो । यी राज्यका शासकहरू एकअर्कासँग युद्ध मात्र गर्थे । यिनीहरूको आपसी सङ्घर्षको फाइदा अङ्ग्रेजले

उठाए र भारतमा आफ्नो साम्राज्य स्थापना गर्न सफल भएका थिए । यस घटनाबाट भारतीय नेताहरूले ठुलो पाठ सिकेका थिए । राष्ट्रिय भावना र एकताको प्रचारप्रसार गर्ने, जनतालाई एकताको भावना जागृत गर्न भारतीय नेताहरूले ठुलो भूमिका खेलेका थिए ।

आन्दोलनको सिलसिलामा एक अर्काको आलोचना भएका नगरिकन नि:स्वार्थ भावनाले उनीहरूमा राष्ट्रिय एकताको भावनाले पनि भारतीय राष्ट्रिय आन्दोलन सफल भएको हो ।

## शिक्षाको प्रचार

भारतमा इस्ट इन्डिया कम्पनी सरकार खडा भएपछि सरकारले अङ्ग्रेजी व्यापारको उन्नति तथा आफ्नै साम्राज्यको स्थापनामा तल्लिन रह्यो । पछि आफ्नो शक्ति सुदृढ भएपछि शिक्षाको प्रचार प्रसार तथा सामाजिक उन्नतितर्फ पनि सरकार ध्यान दिन बाध्य भयो । पश्चिमी ढाँचामा अङ्ग्रेजहरूले भारतमा स्कुल, कलेज तथा विश्वविद्यालयहरू खोले । अङ्ग्रेजी माध्यमद्वारा शिक्षा दिन थाले । नयाँ किसिमको शिक्षाले समाजमा सुधार ल्याउन तथा राष्ट्रमा नवजागरण प्रारम्भ गर्न ठुलो मदत मिल्यो । अठारौँ शताब्दीको फ्रान्सको 'स्तन्त्रता, समानता र भ्रातृत्व' को आदर्श सिद्धान्तलाई भारतवासीले बुझ्ने, पढ्ने मौका पाए । फलस्वरूप अङ्ग्रेजी पढेका विद्वान्हरूले देशको दुर्दशालाई राम्ररी बुझ्ने र राजनीतिक स्वतन्त्रता ल्याउन प्रयत्न गर्न थाले ।

## धार्मिक एवम् सामाजिक सुधार आन्दोलन

उन्नाइसौँ शताब्दीमा भारतमा धार्मिक सुधार आन्दोलन प्रारम्भ भयो । धार्मिक र सामाजिक सुधारहरूमा राजा राममोहन राय, देवेन्द्रनाथ टैगोर, केशवचन्द्र सेन, ईश्वरचन्द्र विद्यासागर, स्वामी दयानन्द सरस्वती, रामकृष्ण परमहंश एवम् स्वामी विवेकानन्द जस्ता दार्शनिक एवम् सुधारकहरूले भारतको प्राचीन वैभवलाई जनसाधारणमा राष्ट्रिय चेतनालाई नवस्फूर्ति प्रदान गरे । त्यस्तै शिखहरूले 'चिफ खाल्सा दिवान' तथा 'गुरुद्वारा प्रबन्धक कमिटी' खडा गरी देशमा सामाजिक तथा शैक्षिक सुधार गरेका थिए ।

पछि गएर धार्मिक तथा सामाजिक सुधार आन्दोलन राजनीतिक क्षेत्रमा फैलियो । यस आन्दोलनले भारतीय राष्ट्रवादको उदयमा सहयोग गऱ्यो । त्यस्तै पश्चिमी विचारकहरू मेक्समुलर, वर्क, मिलले स्वतन्त्रता, राष्ट्रियता र स्वशासनसम्बन्धी विचारधाराले पनि भारतीय जनतामा राष्ट्रवादको भावना जागृत गर्नमा मदत गऱ्यो ।

भारतमा नवजागरण ल्याउनका लागि जसरी हिन्दु सुधारकहरूले काम गरेका थिए । त्यस्तै मुस्लिम सुधारकहरू पनि गरेका थिए । गुलाम मुहम्मद तथा सर सैयद अहमद खाँनले अलिगढमा एङ्ग्लो ओरियन्टल कलेजको स्थापना गरेका थिए । सैयदले अनेक पुस्तक तथा समाचारपत्र निकाली राष्ट्रिय जागरणमा मदत गरेका थिए ।

## भारतीयहरूको आर्थिक शोषण एवम् दुर्व्यवहार

भारतको आर्थिक शोषण भएकाले जनसाधारणको स्थिति दयनीय थियो । अङ्ग्रेजहरूको अत्याचार र व्यवहारले गर्दा भारतीयहरूमा राष्ट्रिय भावना जागृत हुन थालेको थियो । भारतबाट कच्चा पदार्थ बेलायत पठाइन्थ्यो र बेलायतबाट तयारी सामान भारत पैठारी गरिन्थ्यो । बेलायतमा निर्मित सामानमा नाम मात्रको भन्सार कर लगाइएकाले भारतीय उद्योगपतिहरू बेलायतमा उत्पादित भएका वस्तुको प्रतिस्पर्धामा आउन सक्दैन थिए । त्यस्तै अङ्ग्रेजहरू भारतीयलाई अर्धहब्सी र दास सम्झन्थे । भारतीयहरूलाई निम्न कोटीको काम लगाइन्थ्यो । भारतीय लोकसेवाको परीक्षा बेलायतमा हुन्थ्यो । बहुसङ्ख्यक भारतीयहरू सरकारी सेवाबाट बञ्चित रहन्थे । कथंकदाचित लोकसेवाबाट सिफारिस भएर सरकारी सेवामा प्रवेश गरेपनि भारतीयहरूलाई विनाकारण सेवामुक्त गरिन्थ्यो । अङ्ग्रेजहरूको भारतीय राष्ट्रसेवकप्रतिको दुर्व्यवहारविरुद्ध देशव्यापी आन्दोलन चलाएका थिए ।

## राष्ट्रिय भावनाको प्रचार


देशभक्तहरूले अङ्ग्रेजहरूको विरुद्ध एक एवम् नयाँ शक्तिको प्रयोग गर्न सुरु गरेका थिए । सन् १८७६ सम्म अनेक 'सभाहरू' खडा गरिए । यी सभाहरूमार्फत जनतामा राष्ट्रिय जागृति उत्पन्न गराइयो । कलकत्ताबाट प्रकाशित हुने 'हिन्दु प्याट्रियट', 'अमृत बजार' एवम् लाहोरको 'ट्रिब्युन' जस्ता पत्रिकाले जनतामा जागृति उत्पन्न गराउन ठुलो मदत गरेका थिए ।

## साहित्यको विकास

शिक्षाको प्रचार तथा धार्मिक सुधारका आन्दोलनका कारण बङ्गाली, हिन्दी, मराठी, गुजराती आदि अनेक भाषाहरूमा साहित्यको रचना भयो । उपयोगी अङ्ग्रेजी पुस्तकहरूको पनि भारतीय भाषाहरूमा अनुवाद हुन थाल्यो । बकिमचन्द्र चट्टोपाध्याय जस्ता बङ्गाली उपन्यासकारका कृतिहरूमा राष्ट्रिय भावना तथा देशभक्तिको प्रचुरता पाइन्छ । गद्य तथा पद्यका अनेक पुस्तकहरूको माध्यमबाट साहित्यकारहरूले भारतको नवजागरणमा ठुलो मदत गरेका थिए ।

## राजनीतिक दलको स्थापना

सन् १८८५ मा शिक्षित भारतीयहरूलाई एउटा ठाउँमा ल्याई सरकारलाई विभिन्न सुझाव दिन र वैधानिक तरिकाले सरकारसँग माग पेस गर्न राष्ट्रिय कङ्ग्रेसको स्थापना भयो । राष्ट्रिय कङ्ग्रेसको स्थापना अवकाश प्राप्त अङ्ग्रेज कर्मचारी एलन ओक्टाभियन ह्युम (Allan Octavain Hume) को उपज थियो । ह्युमले कलकत्ता विश्वविद्यालयका स्नातकहरूको नाम खुलापत्र लेखी यस्तो सङ्गठनको आवश्यकता भएको कुरा व्यक्त गरेका थिए । उनकै सल्लाहअनुसार भारतीय युवाहरूले भारतीय राष्ट्रिय सङ्घको स्थापना गरे ।




यस सङ्घले पछि भारतीय कङ्ग्रेसको रूप लियो । सुरुमा भारतीय राष्ट्रिय कङ्ग्रेसले सरकारसँग प्रस्ताव र प्रार्थनापत्र चढाउने गर्थ्यो । फिरोज शाह मेहता, दादाभाइ नौरजी आडि यस संस्थामा थिए । उनीहरू नरम नीतिका थिए । बाल गङ्गाधार तिलकको प्रवेश सँगै राष्ट्रिय कङ्ग्रेसको नीति मै परिवर्तन भयो । तिलकको भनाइमा - स्वतन्त्रता हाम्रो जन्मसिद्ध अधिकार हो र हामी यसलाई लिएर छाड्छौँ । उनको यो नीति सँगै कङ्ग्रेसको माध्यमबाट भारतीय युवाहरूलाई अङ्ग्रेज साम्राज्यविरुद्ध आन्दोलन गर्न सजिलो भयो ।

### अङ्ग्रेजको गलत नीति

सन् १८८३ मा सर सी.पी. इलवर्टले एक कानुन बनाएका थिए । यस कानुनबमोजिम भारतीय न्यायाधीशहरूले युरोपियनहरूको विरुद्ध मुद्दा छिन्न पाउने भएका थिए । यसअघि भारतीय न्यायाधीश वा मजिस्ट्रेटले युरोपियनहरूको विरुद्ध मुद्दा छिन्न पाउँदैनथे । न्याय सम्पादनमा भएको यो विभेद अन्त्यका लागि इलवर्ट विल ल्याइएको थियो तर अङ्ग्रेजहरूले यस बिलको व्यापक विरोध गरे । बेलायतले विल पास गरेन । यस्तो पक्षपातपूर्ण न्यायव्यवस्थाको अन्त्य गर्न आन्दोलन गर्नु आवश्यक थियो ।

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) भारतीय स्वतन्त्रता सङ्ग्राममा राष्ट्रिय जागरणका कुनै दुई कारणहरू उल्लेख गर्नुहोस् ।

(ख) 'इल्बर्ट विल' को परिचय एक वाक्यमा लेख्नुहोस् ।

(ग) तपाईं एलन ओक्टाभियन ह्यूमको योगदानलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(घ) सैयद अहमद खान को हुन् ?

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) भारतीय स्वतन्त्रता सङ्ग्राममा सामाजिक तथा धार्मिक सुधारले कसरी सहयोग पुऱ्यायो ? छोटकरीमा टिप्पणी गर्नुहोस् ।

(ख) भारतीय स्वतन्त्रता सङ्ग्रामको एक कारण आर्थिक पक्ष हो, कसरी ? छोटकरीमा वर्णन गर्नुहोस् ।

(ग) भारतीय स्वतन्त्रता सङ्ग्राममा साहित्यकार एवम् दार्शनिकहरूको भूमिका मूल्याङ्कन गर्नुहोस् ।


(घ) टिप्पणी गर्नुहोस् :

(अ) भारतीय राष्ट्रिय कङ्ग्रेस (आ) इल्बर्ट बिल

## पाठ - ४ भारतीय स्वतन्त्रता सङ्ग्रामका परिणामहरू

### पृष्ठभूमि

भारतीय स्वतन्त्रता सङ्ग्राम वा राष्ट्रिय आन्दोलनका विभिन्न ऐतिहासिक चरणहरू रहेका छन् । सन् १८८५ देखि १९४७ मा विभिन्न घटनाहरू भएका छन् । मूलतः भारतीय नेताहरूको प्रकृति र त्यहाँ भएका राष्ट्रिय जागरणसम्बन्धी गतिविधि आदिका आधारमा भारतीय स्वतन्त्रता सङ्ग्रामलाई तीन चरणमा विभाजित गर्न सकिन्छ । उदारवादी युग (१८८५ -१९०६), उग्रवादी युग (१९०६-१९१८) र गान्धी युग (१९१८-१९४७) ।



उदारवादी युगका नेताहरू भारतमा विरुद्धरूपमा वैधानिक, न्यायिक र आर्थिक मागहरू राख्थे । अङ्ग्रेज सरकार उदारवादीहरूका मागप्रति कुनै सहानुभूमि थिएन । उग्रवादी युगमा भारतीय नेताहरूले बुझेका थिए - अङ्ग्रेजहरू विन्तिभाव वा अनुनय विनयबाट झुक्नेवाला छैन । त्यसै हुनाले यस युगका नेताहरूले हिंसात्मक उपायद्वारा देशमा आमूल परिवर्तन ल्याउन कम्मर कसेका थिए ।

प्रथम विश्वयुद्धपश्चात्को भारतीय राजनीतिलाई गान्धी युग भनिन्छ । यो युग भारत स्वतन्त्र नहुन्जेलसम्मको अविधिलाई मानिन्छ । महात्मा गान्धी प्रथम विश्वयुद्धसम्म अङ्ग्रेजका भक्त थिए । यिनलाई युद्धपश्चात् अङ्ग्रेजहरू भारतीयको मागप्रति विचार गर्ने छ भन्ने लागेको थियो । सन् १९१९ को रोलेट एक्टको विरोध स्वरूप देशव्यापी हडताल भएपछि विभिन्न घटनाहरू भए । तर ती सबै घटनाहरूलाई बेलायतले दबायो, बेवास्ता गऱ्यो । यसैबिच सन् १९३९ मा दोस्रो विश्वयुद्ध भयो । १४ जुलाइ १९४२ मा कङ्ग्रेस पार्टीले भारत छोड आन्दोलन (Quit India Movement) प्रस्ताव पारित गऱ्यो ।

तत्पश्चात् भारतीय नेताहरू गर वा मर (Do or Die) को स्थितिमा रहे । देशव्यापी आन्दोलन भयो । कैयौँ स्थानमा समानान्तर सरकार स्थापना भए ।

## एटलीको घोषणा

दोस्रो विश्वयुद्धपश्चात् बेलायतमा चुनाव भयो, चर्चिलको सरकार समाप्त भयो । Labour Party का एटलीले नयाँ सरकार गठन गरे । एटलीको सरकारले भारतीय नेताहरूसँग नयाँ सम्झौता गर्ने निर्णय गऱ्यो । सबै प्रान्तहरूको शासन तिनीहरूबाट नै चलाउन दिने कुरा घोषणा भयो । देशमा निर्वाचन भयो, कङ्ग्रेसले आठ प्रान्तमा विजय प्राप्त गऱ्यो । सिन्धमा मुस्लिम लिगको मन्त्रीमण्डल बन्यो ।

## माउन्टवेटन योजना

सन् १९४८ सम्ममा भारतीय नेताहरूलाई सहज ढङ्गले सत्ता हस्तान्तरण गर्न ब्रिटिस सरकारले भायसराय लार्ड वेवेललाई फिर्ता बोलाइ लर्ड माउन्टवेटनलाई नियुक्त गऱ्यो । भारतको समस्या समाधान गर्न ४ जुलाई १९४७ मा माउन्टवेटनले आफ्नो योजना प्रस्तुत गरे । जसअनुसार - भारतको निर्माण जनताको इच्छाअनुसार गर्ने सरकारलाई भारतको शासन सुम्पने, संविधानसभाको कार्यमा कुनै किसिमको बाधा उपस्थिति नगराउने, मुसलमान बाहुल्य भएको क्षेत्र सङ्घबाट अलग हुनसक्ने लगायतका योजनाहरू थिए जसले स्वतन्त्र भारत निर्माणमा सहयोग पुगेको थियो ।

## India Independent Act:

१ जुलाई १९४७ मा ब्रिटिश पार्लियामेन्टले India Independent Act पारित गऱ्यो । बेलायती संसद्मा भारतसम्बन्धी त्यो Act अन्तिम थियो । त्यो Act अनुसार - १५ अगस्त १९४७ देखि भारत र पाकिस्तान दुई राज्य हुने भए । पश्चिम पञ्जाव, सिन्ध, उत्तर पश्चिम सीमा प्रान्त, ब्रिटिस बेलुचिस्तान तथा पुर्बी बङ्गाल पाकिस्तानलाई छोडेर सबै प्रान्त स्वतन्त्र भारत बन्ने भए । पाकिस्तान र हिन्दुस्थानमा एक/एक गवर्नर रहने भए । हरेक संविधानसभाले आफ्नो इच्छाअनुसार आफ्नो संविधान बनाउन सक्ने भयो । भारतका लागि सचिवको कार्यालय खारेज भयो । स्थानीय राज्यहरूको हकमा शक्ति प्रदान गरेपछि ब्रिटिस राजमुकुट राजसत्ता नरहने भयो ।

सन् १९४७ अगस्त १४ देखि १८ सम्म दिल्लीमा संविधानसभाको बैठक बस्यो । त्यसले भारतीय स्वतन्त्रताको घोषणा गर्नुका साथै भारतलाई ब्रिटिस राष्ट्रमण्डलको एक स्वतन्त्र सदस्य तुल्याएको थियो । यसरी १५ अगस्त १९४७ मा नवीन भारतको जन्म भएको थियो । स्वतन्त्र भारतको नयाँ इतिहास प्रारम्भ भयो ।



## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) भारतीय स्वतन्त्रता सङ्ग्रामका चरणहरू उल्लेख गर्नुहोस् ।

(ख) उदारवादी युग किन सफल हुन सकेन ? एक वाक्यमा कारण लेख्नुहोस् ।

(ग) एटलीको घोषणाको कुनै एक विशेषता लेख्नुहोस् ।

(घ) विन्सटन चर्चिल को थिए ?

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) भारतीय स्वतन्त्रता सङ्ग्रामका चरणहरू उल्लेख गर्दै गान्धी युगको छोटकरी वर्णन गर्नुहोस् ।

(ख) भारत छोड आन्दोलन (Quit India Movement) को छोटो परिचय दिनुहोस् ।

(ग) माउन्टवेटन योजनाका विशेषताहरू प्रस्तुत गर्नुहोस् ।


**३. तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् :**

(क) Quit India Movement Act स्वतन्त्र भारतको आधारशिला हो । विश्लेषण गर्नुहोस् ।

## पाठ - ५ चीनको जनवादी क्रान्ति

### पृष्ठभूमि

सन् १९१८ मा पेचिङ विश्वविद्यालयमा साम्यवाद अध्ययन संस्थाको स्थापना भएको थियो । तत्पश्चात् चीनमा साम्यवादी आन्दोलन प्रारम्भ भएको थियो । खासगरी ४ मे १९१९ मा भएको मई आन्दोलन चीनको आधुनिक इतिहासमा निकै महत्त्व राख्छ । यस आन्दोलनले चीनलाई आधुनिकताको बाटोमा अग्रसर गराउन उल्लेखनीय योगदान दिएको थियो । चीनको साम्यवादको व्यापक रूपमा प्रचारप्रसार भयो । यस आन्दोलनपछि चीनमा मार्क्सवादको व्यापक रूपमा अध्ययनअध्यापन हुन थाल्यो । सन् १९३५ मा कम्युनिस्ट पार्टीको नेता चुनिए । १ अक्टोबर १९४९ मा माओत्सेतुङ चीनको प्रथम राष्ट्रपति र चाओ अनलाए प्रथम प्रधानमन्त्री भए ।




### भर्सेलिज सन्धिमा चीनको अपमान

प्रथम विश्वयुद्धमा चीनले मित्रराष्ट्रको तर्फबाट युद्धमा भाग लिएको थियो । यस युद्धमा मित्रराष्ट्र विजयी भएपनि युद्धपछि चीनले अपेक्षा गरेको कुनै कुरा पाउन सकेन । विश्वयुद्धपश्चात् पेचिङमा भएको सम्मेलनमा चिनियाँ प्रतिनिधिहरूले चीनलाई विदेशी प्रभावबाट मुक्त गरियोस्, विदेशी फौजलाई चीनबाट फिर्ता बोलाइयोस् जस्ता माग राखेका थिए । यी सबै मागहरू अस्वीकार गरियो, चीनको राष्ट्रिय स्वाभिमानमा ठुलो

धक्का लाग्यो । चीनको सान्तुङ प्रान्त जर्मनबाट खोसेर जापानलाई दिइयो । भर्सेलिज सन्धिको सम्मेलनमा गरेको यस्तो निर्णयलाई चीनले ठुलो अपमान सम्झियो । यसको प्रतिकार गर्न देशव्यापी रूपमा आन्दोलन भयो ।

## युवाहरूमा राजनीतिक चेतना

प्रथम विश्वयुद्धपश्चात् चिनिया युवा, खासगरी विद्यार्थीहरूमा राजनीतिक चेतना र राष्ट्रप्रेमको भावना तीव्र रूपमा बढिरहेको थियो । खासगरी पेचिङ विश्वविद्यालयका कुलपति साइ यान पाई (Tsai Yuan Pei) ले विद्यार्थीलाई आन्दोलनका निम्ति आह्वान गरे । अनेक चिनियाँ बुद्धिजीवीहरूले पनि आन्दोलनका निम्ति विद्यार्थीहरूलाई उत्साहित गरे ।

## कन्फ्युसियसवादको अस्वीकृति

चिनियाँ क्रान्ति परम्परागत रूपमा चिनियाँ समाजमा जरो गाडेर रहेको कन्फ्युसियसवादलाई अस्वीकार गर्नका निम्ति भएको थियो । कन्फ्युसियसवाद र गणतन्त्रवाद एकअर्काका परस्पर विरोधी सिद्धान्त थिए । गणतन्त्रको स्थापनाका निम्ति कन्फ्युसियसवादलाई अस्वीकार गर्न आवश्यक थियो । कन्फ्युसियसवादले कानुनी राज्य र समानताको सिद्धान्तलाई स्वीकार गर्दैनथ्यो । त्यसैले चिनियाँ आकाशमा पुरानो सामानको रूपमा राखिएको कन्फ्युसियसवादको पसललाई नष्ट गर भन्ने नारा गुञ्जायमान हुन थाल्यो ।

## नयाँ सांस्कृतिक आन्दोलन

युरोपमा पुनर्जागरणले जुन परिवर्तन ल्याएको थियो त्यही चीनमा नयाँ सांस्कृतिक आन्दोलनले ल्याएको थियो । यस आन्दोलनले चीनमा पुरानो साहित्यको ठाउँमा सर्वसाधारणले बुझ्ने भाषामा लेखिएको साहित्यको सृजनामा जोड दिएको थियो । यस आन्दोलनले प्राचीन परम्परा र मान्यतामा आधारित संस्कृतिलाई नयाँ रूप दिन खोजेको थियो । यसले मानिसको मूल्य र मान्यतालाई प्रतिष्ठापित गरेको थियो । यो मानवतावादी आन्दोलन थियो । यस आन्दोलनले चीनका सांस्कृति परम्परामाथि ऐतिहासिक आलोचना र नयाँ अनुसन्धान पद्धतिको प्रयोग गर्न अभिप्रेरित गरेको थियो ।

### पत्रिपत्रिकाको व्यापक प्रकाशन

चीनमा जनतालाई जागरुक बनाउन अनेक आन्दोलन तथा सङ्गठनहरू स्थापना गरिएका थिए । यस्तै एउटा आन्दोलनलाई नयाँ ज्वार (New Tide) भनिन्थ्यो । यस आन्दोलनले चीनका विविध क्षेत्रमा परिवर्तन ल्याउन चिनियाँ जनतालाई अभिप्रेरित गरेको थियो । तत्कालीन चीनमा व्यापकरूपमा प्रकाशित पत्रपत्रिकाहरूले पनि युवाहरूलाई परिवर्तनका निम्ति आन्दोलित गरेको थियो । 'नयाँ युवा', 'साप्ताहिक समीक्षा', 'स्याङ्च्याङ समीक्षा' नामका पत्रिकाले महत्त्वपूर्ण भूमिका खेलेका थिए । स्याङच्याङ समीक्षाको सम्पादक माओचतुङ थिए ।

उल्लिखित घटनाका अतिरिक्त राजनीतिक तथा सामाजिक सङ्घ संस्थाहरूले पनि जागृत समाजको निर्माणमा सहयोग गरेका थिए । साथै १९४५ देखि १९४९ सम्म भएको चीनको गृहयुद्ध जसमा गृहयुद्ध रोक्ने अमेरिकी प्रयासको असफलता, क्वोमिनताङको आतङ्क, जनमुक्ति सेनाको अनुशासन, अमेरिकी विरोधी भावना जस्ता घटनाले पनि चिनियाँ जनवादी क्रान्तिको सफलतामा सहयोग पुऱ्याएको थियो ।

### चिनियाँ जनवादी क्रान्तिका परिणामहरू

### पेचिङ सम्मेलन

चीनको मई आन्दोलन र गृहयुद्धमा साम्यवादीहरूको सफलता र क्वोमिनताङ दलको पराजय हुने निश्चित भएपछि आगामी सरकारको भावी नीति सम्बन्धमा सन् २९ सेप्टेम्बर १९४९ मा पेचिङमा जनराजनीति सल्लाहकार सम्मेलन भयो । सम्मेलनले केन्द्रीय जनसरकारको मौलिक कानुनलाई स्वीकृत गऱ्यो  केन्द्रीय जनसरकारको निर्वाचन, माओ चतुङबाट गणतन्त्रको घोषणा जन-प्रजातान्त्रिक अधिनायकवादको सिद्धान्तलाई स्वीकार गऱ्यो ।

### केन्द्रीय जनसरकारको निर्वाचन

जनराजनीति परिषद्ले कम्युनिस्ट पार्टीका अध्यक्ष माओ चतुङलाई केन्द्रीय जनसरकारको अध्यक्षमा निर्वाचित गऱ्यो । चाओ अनलाएलाई राज्य प्रशासकीय परिषद्का अध्यक्ष वा प्रधानमन्त्री नियुक्ति गऱ्यो ।

साम्यवादी चीनको सैनिक प्रशासन सञ्चालन गर्न जनक्रान्तिकारी सैनिक परिषद्को गठन गरिएको थियो । चीनका विभिन्न प्रान्तहरूको प्रशासन साम्यवादी सेना नायकद्वारा सञ्चालित थिए । यी सबैलाई एकसूत्रमा बाँध्न माओ चतुङले नेतृत्व गरे ।


**माओत्सेतुङबाट गणतन्त्रको घोषणा :**

१ अक्टोबर १९४९ मा दिनको ३:०० बजे थेनआनमेन चोकमा

जम्मा भएका ३० लाख जनसमुदायका माझ उभिएर माओत्सेतुङले चीनमा लोकगणतन्त्र राज्य स्थापना भएको घोषणा गरे ।

उक्त घोषणामा **माओले भने** - ***"हाम्रो राष्ट्र आजदेखि शान्तिप्रिय र स्वतन्त्रता प्रेमीको राष्ट्र भएको छ । बहादुरीका साथ काम गरेर यसले आफ्नै सभ्यता र खुसीका साथै विश्वशान्ति र स्वतन्त्रताको पनि विकास गरेको छ । अब हाम्रो राष्ट्रको कहिले अपमान हुने छैन । यसका निम्ति हामी उभिएका छौं । हाम्रो आन्दोलनले संसारभरिका मानिसहरूको सहानुभूति र खुसी प्राप्त गरेको छ ।हाम्रा मित्रहरू संसारभरि छन् ।"***

चीनको नयाँ जनगणतान्त्रिक सरकारका अनेकौं अप्ठ्याराहरू थिए । सामाजिक कुरीति तथा भ्रष्टाचारलाई समाप्त पार्न सन् १९५१ अक्टोबरमा पाँच आन्दोलन विरोधीविरुद्ध अभियान प्रारम्भ भयो । कर छल्ने, घुस लिने, सरकारी ठेक्कामा ठग्ने, आर्थिक गुप्तचरको चोरी, राष्ट्रिय सम्पत्तिको चोरी जस्ता पाँच अपराध गर्नेलाई मृत्युदण्ड दिने घोषणा गरियो । यसले गर्दा आर्थिक कुरीतिहरूमा नियन्त्रण गर्न सजिलो भयो ।



## अन्तर्राष्ट्रिय सहयोग

जनगणतन्त्र घोषणा गरेको वर्षमा नै अध्यक्ष माओ चतुङले सोभियत रुसको भ्रमण गरेर त्यहाँका तत्कालीन राष्ट्रपति जोसेफ स्टालिनलाई भेट गरे । सोभियत रुसले चीनको आधुनिकीकरणका निम्ति ठुलो यान्त्रिक तथा प्राविधिक सहयोग गरेको थियो ।

## प्रथम पञ्चवर्षीय योजना


सन् १९५३ मा चीनले प्रथम पञ्चवर्षीय योजना लागु गऱ्यो । चीको जनगणतान्त्रिक सरकारले कृषि सहकारितामा विशेष जोड दिएको थियो । प्रधानमन्त्री चाओ अनलाएले पिछडिएका व्यक्तिगत कृषिलाई सहकारी कृषिमा परिवर्तन गर्न किसानहरूलाई आव्हान गरेका थिए । प्रथम पञ्चवर्षीय याजना लागु भएको तीन वर्ष पनि नपुग्दै चीनमा सम्पूर्ण कृषक परिवार तीन प्रतिशत किसानहरू सहकारी अभियानमा सामेल भयो ।

## चीनको आधुनिकीकरण

चीनको आधुनिकीकरणमा चिनियाँ राष्ट्रपति माओत्सेतुङ तथा तेङ झाओफिङको विशेष योगदान रहेको छ । चीनको राष्ट्रपति भएपछि तेङ झाओफिङले आधुनिकीकरणका निमित्त अनेकौं सुधारवादी आर्थिक नीति अङ्गीकार गरे । उत्पादन शक्तिको स्वतन्त्रतामा जोड दिए ।

सन् १८४० को प्रथम अफिम युद्धपछि हङकङ बेलायतको अधीनमा थियो । ३० जुन १९९७ मा बेलायतले चीनलाई हङकङका साथै कोलोन प्रायद्वीप र न्यु टेरिटोरी हस्तान्तरण गरियो । त्यस्तै सन् १५५७ मा मकाउ पोर्चुगललाई प्रयोग गर्न दिइएको थियो । २० डिसेम्बर १९९९ मा पोर्चोगिजले मकाउ चीनलाई फर्काएका थिए । यी दुई घटनाले चीनमा विदेशी साम्राज्यको अन्त्य भएको थियो ।





## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) 'मई आन्दोलन' भन्नाले के बुझ्नुहुन्छ ?

(ख) माओ चतुङ कहिले राष्ट्रपति भए ?

(ग) 'क्वोमिनताङ आतङ्क' को परिचय एक वाक्यमा लेख्नुहोस् ।

(घ) बेलायतले हङकङ कहिले चीनलाई हस्तान्तरण गऱ्यो ?

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) भर्सेलिज सन्धि चिनियाँ जनवादी क्रान्तिको आधारशिला हो । पुष्टि गर्नुहोस् ।

(ख) चीनको कम्युनिस्ट पार्टीको सफलतामा माओ चतुङको योगदानको चर्चा गर्नुहोस् ।

(ग) चीनको गृहयुद्धले पनि जनवादी क्रान्तिको सफलतामा सहयोग पुऱ्यायो, कसरी ? विश्लेषण गर्नुहोस् ।

(घ) कन्फ्यूसियसवादलाई चिनियाँ युवाले अस्वीकार गर्नुको कारण प्रस्ट पार्नुहोस् ।

**३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**


(क) तेङ भ्काओफिङ आधुनिक चीनका मार्गदर्शक हुन् । मूल्याङ्कन गर्नुहोस् ।

एकाइ - पाँच **विश्वयुद्ध**

पाठ - १ **द्वितीय विश्वयुद्ध**

## पृष्ठभूमि

प्रथम विश्वयुद्ध (१९१४- १९१८) को डरलाग्दो रूप र मानव सभ्यताको कलङ्क ठानियो । अब यस्तो कुनै पनि युद्ध नहोला भनी कल्पना गरियो । तर यो युद्धको करिब २१ वर्षपछि विश्वले अर्को युद्धको सामना गर्नुपर्‍यो जुन पहिलो विश्वयुद्धभन्दा ज्यादै डरलाग्दो, विनाशकारी र व्यापक थियो । हामीले दोस्रो विश्वयुद्धका कारण विवेचना गर्‍यौं भने यो युद्ध मानव सभ्यताको इतिहासमा कुनै आकस्मिक घटना भने होइन ।




## भर्सेलिज सन्धिको दुष्परिणाम

प्रथम विश्वयुद्धपछि विजेता राष्ट्रहरूले पराजित राष्ट्रहरूसँग फ्रान्सका नगरहरू पेरिस र भर्सेलिजमा विभिन्न सन्धिहरू गरे । भर्सेलिज सन्धि जर्मनीका लागि ज्यादै प्रतिशोधात्मक, कठोर र अपमानजनक थियो । यो सन्धिको आधारमा जर्मनीलाई सबै प्रकारबाट दबाइएको थियो । यो सन्धिले पहिलो विश्वयुद्धका लागि जर्मनीलाई दोषी ठहर्‍याइयो । सन्धिका सर्तहरू यति कठोर थिए कि सन्धिका अन्य देशहरूले जर्मनी

कम्तिमा ६० वर्षसम्म सम्हालिन सक्दैन भन्ने सोचेका थिए । त्यसकारण,जर्मनीका लागि भर्सेलिज सन्धिको विरोध गर्नु राष्ट्रिय धर्म बन्न गयो । निराशा, घोर अपमान आदिबाट उत्पन्न प्रतिक्रियाका कारण हिटलरको नेतृत्वमा नाजीहरू, अर्थात राष्ट्रिय समाजवादी दलको गठन भयो । हिटलरले जर्मनलाई अपमानजनक सन्धिको बदला लिनुपर्छ भन्ने भावना जागृत गर्न थाले । सन् १९३३ मा हिटलर सत्तामा आएपछि जर्मनीले भर्सेलिज सन्धिको अवहेलना गर्दै सैनिकवाद अपनायो । सैन्य शक्तिमा वृद्धि गऱ्यो ।

## सैनिक गुटबन्दी

प्रथम विश्वयुद्धभन्दा पहिले जस्तै युरोपेली राष्ट्र फेरि सैनिक गुटबन्दी गर्न थाले । इटाली, जर्मनी र जापान फासीवादमा विश्वास गर्थे र साम्यवादका कट्टर विरोधी थिए । जर्मनी, इटाली र जापान मिलेर एक सैनिक गुट कायम गरेर जसलाई Rome-Berlin-Tokyo Axis भनियो । यो गुट भर्सेलिज सन्धिको विरोधी र अधिनायकवादको समर्थक थियो ।

अर्कोतर्फ जर्मनीमा हिटलरको उदय भएपछि फ्रान्स झन तर्सियो । उसले आफ्नो गुट बनायो जसमा फ्रान्स, रुमानिया, चेकोस्लोभाकिया र युगोस्लोभिया सम्मिलित थिए । सुरुमा बेलायत यो गुटबन्दीदेखि परिरहे पनि अन्तमा उसले फ्रान्सँग साँठगाँठ गऱ्यो । यसप्रकार सन् १९३७ सम्म युरोप दुई स्पष्ट विरोधी गुटहरूमा विभाजित भयो । यसको परिणाम - राजनीतिक वातावरण दूषित भयो, राष्ट्रहरू बिच पारस्परिक मतभेद र घृणा बढ्दै गयो । यसले युद्धको रूप लियो ।

## आर्थिक मन्दी

प्रथम विश्व युद्धपछिको आर्थिक मन्दी पनि द्वितीय विश्वयुद्धके प्रमुख कारण बन्यो । उद्योगधन्दा नष्ट भएकाले व्यापार मन्द भयो, बेरोजगारी सङ्ख्या निकै वृद्धि भयो । एकातिर बेरोजगारी र आर्थिक मन्दीले गर्दा मानिसहरूले यति कष्ट झेल्नुपऱ्यो कि विभिन्न मुलुकका करोडौँ वासिन्दाहरू भावी अधिनायकहरूले गरेको वाचाहरू चाख लिएर सुन्न थाले । मन्दीको फस्वरूप फासिस्ट शासकहरूबिच शक्तिशाली बन्न तछाडमछाड हुन थाल्यो । यस्तो आर्थिक स्थितिबाट मुक्ति पाउने एकमात्र विकल्प युद्ध हुन सक्छ भन्ने मानसिकता बोकेर मानिसहरू विनाशका निम्ति तयार भए ।

## तुष्टीकरणको नीति

भर्सेलिज सन्धिपश्चात् फ्रान्सले जर्मनी प्रति कठोर नीति अपनायो तर बेलायतले ऊप्रति उदार नीति उदार नीति अपनायो । कारण, सोभियत रुसको साम्यवादी प्रसार रोक्न सशक्त जर्मनीले सक्छ भन्ने बेलायती धारणा थियो । वास्तवमा, बेलायत जर्मनी र रुसलाई जुधाउन चाहेको थियो । त्यसैले बेलायतले जर्मनीलाई नचिढ्याउने नीति लियो । बेलायतले हिटलरभन्दा रुसी साम्यवाद बढी खतरनाक ठान्यो र जर्मनीप्रति बेलायतको यो उदार नीतिलाई तुष्टीकरण नीति (Policy of Appeasement) भनिएको हो । तुष्टीकरणको नीतिबाट हिटलरको महत्त्वाकाङ्क्षालाई प्रोत्साहन मिल्यो ।

## तानाशाहीको उदय

प्रथम विश्वयुद्धपछि तानाशाही शक्तिहरूको उदय भयो । बोल्सेभिक क्रान्तिपछि सोभियत रुसमा मजदुर र किसानको शासन स्थापित भयो । इटाली र जर्मनीमा पनि अधिनायकवादको उदय भयो । तानाशाही





महत्त्वाकाङ्क्षी थिए । रुसमा अधिनायकवादको स्थापनापछि साम्यवादीको विस्तार हुन थाल्यो । हिटलर पनि युरोपमा सबैभन्दा शक्तिशाली देश बनाउन बनाउन चाहन्थे । मुसोलिनी प्राचीन रोमको सपना देख्न थाले । यस्तो स्थितिमा दोस्रो विश्वयुद्ध निश्चित हुन गयो ।

## राष्ट्रसङ्घको असफलता

प्रथम विश्वयुद्धपछि अमेरिकी राष्ट्रपति उड्रो विल्सनको प्रयासमा राष्ट्रसङ्घको स्थापना भएको थियो । यसको प्रमुख उद्देश्य - विश्व शान्ति कायम गर्नु थियो । तर यो संस्था आफ्नो उद्देश्यमा सफल हुन सकेन । अमेरिका स्वयम्ले यस संस्थाको सदस्यता लिएन । यसका सदस्य राष्ट्रहरूको निहित स्वार्थ थियो । युरोपका शक्तिशाली राष्ट्रहरू, बेलायत, फ्रान्स र रुसको आआफ्नै स्वार्थ थियो । राष्ट्रसङ्घमा उनीहरूको मनोमानी थियो । राष्ट्रसङ्घले त्यसप्रकारको स्वेच्छाकारितामाथि कुनै प्रकारको कारवाही गर्न सकेन, रोक्न सकेन ।

## शस्त्रीकरणको होडबाजी

पहिलो विश्वयुद्ध सकिएपछि निःशस्त्रीकरणका लागि प्रयासहरू नभएका होइनन् जस्तै, सन् १९३२ मा जेनेभामा निःशस्त्रीकरण सम्मेलन गरियो तर उपलब्धि केही भएन । सन् १९३३ मा हिटलर सत्तामा आएपछि उनले सैन्यशक्ति बढाउन थाले, सैनिक बजेटमा प्रशस्त वृद्धि गरे, सेनाको सङ्ख्या बढाएर हातहतियारले सुसज्जित पार्न थाले, इटली, बेलायत, फ्रान्स, रुस आदि देशहरू पनि सैनिक तयारी जोडतोडले गरिरहेका थिए । इटालियन तानाशाह मुसोलिनी  'युद्ध बिना कुनै राष्ट्र जीवित रहन सक्दैन' भन्थे । यसप्रकार युरोपेली राष्ट्रहरूले व्यापक रूपमा शस्त्रीकरण गरेर दोस्रो विश्वयुद्धलाई निम्त्याए ।

## पोल्यान्डमाथि आक्रमण

यसप्रकार एकपछि अर्को घटनाले विश्वयुद्धका विस्फोटक वातावरण तयार भइसकेको थियो । त्यसमा आगो सल्काउने एयटा झिल्काको मात्र आवश्यकता थियो । यसैबिच हिटलरले पोल्यान्डसँग डेन्जिग नगर जर्मनीलाई फिर्ता गरियोस् र पोलिस कोरिडोर भएर जर्मनीलाई सडक र रेलमार्ग बनाउन दिइयोस् भनेर क्षेत्राधिकारसहित माग गरे । पोल्यान्डले ती क्षेत्रमा आफ्नो अधिकार त्यागेर जर्मनीका माग पूरा गर्न चाहेन । बेलायत र फ्रान्सले समस्यालाई शान्तिपूर्ण ढङ्गले सुल्झाउन र पोल्यान्डमाथिको आक्रमण बन्द गर्न चेतावनी दिए । तर हिटलरले त्यसतर्फ कुनै ध्यान दिएनन् । सेप्टेम्बर १९३९ ई. मा जर्मनीले पोल्यान्डमाथि बम वर्षा गरि युद्ध प्रारम्भ गऱ्यो ।

यसप्रकार जर्मनीले पोल्यान्डमाथि आक्रमण गरेपछि द्वितीय विश्वयुद्ध सुरु भयो ।

दोस्रो विश्वयुद्धका प्रमुख घटनाहरू :

- १ सेप्टेम्बर १९३९ मा जर्मनद्वारा पोल्यान्डमाथि आक्रमण
- ३ सेप्टेम्बर १९३९ मा बेलायत र फ्रान्सद्वारा जर्मनी विरुद्ध युद्धको घोषणा
- सन् १९४० सम्मको जुनसम्म जर्मनीबाट नर्वे, बेल्जियम, हल्यान्डमा अधिकार
- २२ जुन १९४१ मा जर्मनीद्वारा रुसमाथि आक्रमण
- ७ डिसेम्बर १९४१ म जापानले पर्ल हार्वरमा अमेरिकी जहाजमाथि आक्रमण
- ८ डिसेम्बर १९४१ म अमेरिका पनि युद्धमा सामेल हुने घोषणा
- ३ अप्रिल १९४३ मा इटलीद्वारा आत्मसमर्पण
- १२ अप्रिल १९४५ मा अमेरिकी राष्ट्रपति F.D. Roosevelt को निधन
- ३० अप्रिल १९४५ मा हिटलरद्वारा आत्महत्या
- ६ अगष्ट १९४५ मा अमेरिकाद्वारा हिरोसिमा, जापानमा एटम बम प्रहार
- ९ अगष्ट १९४५ मा अमेरिकाद्वारा जापानी सहर नागासाकीमा एटम बम प्रहार
- १४ अगष्ट १९४५ मा जापानबाट आत्मसमर्पण
- २ सेप्टेम्बर १९४५ मा जापान र अमेरिकाबीच युद्ध अन्त्य गर्ने सन्धिमा हस्ताक्षर

यसप्रकार पूरा ६ वर्ष चलेर दोस्रो विश्वयुद्धको अन्त्य भयो ।

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) भर्सेलिज सन्धिको परिचय एक वाक्यमा लेख्नुहोस् ।

(ख) बोल्सेभिक क्रान्ति भन्नाले के बुझ्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(ग) द्वितीय विश्व युद्धको सुरु कहिले भयो ? पूरा मिति लेख्नुहोस् ।

(घ) तुष्टिकरणको नीति भन्नाले के बुझ्नुहुन्छ ?

(ङ) पर्ल हार्वर घटनालाई एक वाक्यमा प्रस्ट पार्नुहोस् ।

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) तपाईंको विचारमा कुनचाहिँ कारणलाई दोस्रो विश्वयुद्धको प्रमुख कारक पक्ष मान्नुहुन्छ ? छोटकरीमा आफ्ना विचारहरू उल्लेख गर्नुहोस् ।

(ख) आर्थिक मन्दीले कसरी विश्वयुद्धको वातावरण तयार पाऱ्यो ? चर्चा गर्नुहोस् ।

(ग) दोस्रो विश्वयुद्धका कुनै पाँचओटा प्रमुख घटनाक्रमलाई समयरेखामा देखाउनुहोस् ।

(घ) दोस्रो विश्वयुद्धको तत्कालीन कारण छोटकरीमा वर्णन गर्नुहोस् ।

(ङ) छोटो परिचय दिनुहोस् :

(अ) हिटलर (आ) मुसोलिनी (इ) हिरोसिमा

(उ) राष्ट्रसङ्घ (The League of Nations)

३. **लामो उत्तर दिनुहोस् :**

(क) राष्ट्रसङ्घको कमजोरीले दोस्रो विश्वयुद्ध भएको हो । यस वाक्यांशलाई पुष्टि गर्नुहोस् ।

(ख) भर्सेलिज सन्धिले दोस्रो विश्वयुद्धको विजारोपण गरेको हो, कसरी ? विश्लेषण गर्नुहोस् ।

# पाठ - २ दोस्रो विश्वयुद्धका परिणामहरू

## पृष्ठभूमि

भनिन्छ दोस्रो विश्वयुद्ध अनपेक्षित थिएन, यो पूर्व तयारीबमोजिम नै भएको हो । इतिहासकारहरूका अनुसार दोस्रो विश्वयुद्ध विभिन्न दृष्टिकोणले विश्लेषण गर्दा यो हिटलरको व्यक्तिगत युद्ध थियो । युद्धको तयारी, समयको छनोट एवम् योजना सबै उनैले बनाएका हुन् । ५२ राष्ट्रहरू प्रत्यक्ष अप्रत्यक्ष रूपमा युद्धमा सामेल भएका थिए ।

**दोस्रो विश्वयुद्धका परिणामहरू**

- अपार जनधनको क्षति
- राष्ट्रिय आन्दोलनको विकास
- साम्यवादको विस्तार
- सैनिक गुटबन्दी र शीतयुद्ध
- विश्व राजनीतिमा परिवर्तन
- अन्तराष्ट्रिय सहयोगमा वृद्धि
- संयुक्त राष्ट्रसंघको स्थापना

## अपार जनधनको क्षति

मानव सभ्यताको इतिहासमा मानिएका आफ्नै कारणले दोस्रो विश्वयुद्धमा जित जनधनको क्षति कहिल्यै भएन । यस युद्धमा मित्रराष्ट्र र धुरीराष्ट्रका पक्षका १ करोड ४६ लाख सैनिक मारिए । करिब १ करोड जित नागरिकको भएको अनुमान गरिन्छ । ३ करोड ४० लाख जित घाइते र अपाङ्ग भए ।

युद्धमा ११९२ खर्ब डलर प्रत्यक्ष रूपले धन खर्च भएको थियो । रुस, जापान, जर्मनीलगायतका राष्ट्रका अधिकांश ठुला सहर क्षत विक्षत भए ।

## राष्ट्रिय आन्दोलनको विकास

दोस्रो विश्वयुद्धपछि औपनिवेशिक दासतामा रहेका अफ्रो-एसियन राष्ट्रहरू धमाधम स्वतन्त्र हुन थाले । युद्धले गर्दा बेलायत, फ्रान्स जस्ता युरोपेली राष्ट्रहरूको उपनिवेश अन्त्य भयो । बेलायतको उपनिवेश रहेका भारत, पाकिस्तान, श्रीलङ्कालगायतका एसियन राष्ट्रहरू स्वतन्त्र भए । त्यसैगरि अन्य युरोपेली राष्ट्रहरूको अधीनमा रहेका अफ्रिकन राष्ट्रहरू स्वतन्त्र भए । यसप्रकार दोस्रो विश्वयुद्धको परिणाम स्वरूप उपनिवेशवादको अन्त्य भयो ।

## साम्यवादको प्रचार

दोस्रो विश्वयुद्धभन्दा अघि सोभियत सङ्घमा मात्र साम्यवादी शासक थियो । विश्वयुद्धपश्चात् पोल्यान्ड, अल्वानिया, हङ्गेरी, पुर्बी जर्मनी जस्ता राष्ट्रहरूमा साम्यवादी शासन स्थापित भयो ।

## सैनिक गुटबन्दी र शीतयुद्ध

दोस्रो विश्वयुद्धपश्चात् विश्व फेरि सैनिक गुटबन्दीमा विभाजित भयो । एउटा सैनिक गुटको नेतृत्व अमेरिकाले गऱ्यो र अर्को गुटको नेतृत्व रुसले गऱ्यो । साम्यवादी प्रचारप्रसार रोक्न अमेरिका, क्यानडा र पश्चिमी युरोपेली मुलुकहरू मिलेर North Atlantic Treaty Organization अर्थात् NATO को स्थापना गरे । यस सङ्गठनको स्थापना सन् १९४९ मा भएको थियो । त्यस्तै, रुसको नेतृत्वमा पुर्बी युरोपका साम्यवादी मुलुकहरू मिलेर वार्सा सन्धि (Warsaw Pact) नामको सङ्गठन खोले । यसको मुख्य उद्देश्य साम्यवादी देशहरूलाई सुरक्षा प्रदान गर्नु थियो ।

यसप्रकार, दोस्रो विश्वयुद्धपछि विश्वमा साम्यवादी र साम्यवाद विरोधी दुई प्रभावशाली सैनिक गुट देखियो । यी दुई गुटले एकअर्काको विरोधमा व्यापक प्रचारवाजी गरे । यही वाकयुद्धलाई राजनीति भाषामा शीतयुद्ध (Cold-War) भनियो ।

## विश्व राजनीतिमा परिवर्तन

विश्वयुद्धभन्दा अघि भनिन्थ्यो - बेलायतको साम्राज्यमा कहिल्यै सूर्य अस्ताउँदैनथे । विश्वका पुर्बी र पश्चिमी गोलार्द्धमा उसका उपनिवेशहरू थिए । युद्धपश्चात् उपनिवेशहरू स्वतन्त्र भए । युद्धका बेलामा अमेरिकाले युद्ध सामग्री र खाधान्न आपूर्ति

गरि प्रशस्त धन कमायो । सैनिक क्षमतामा वृद्धि गरी अमेरिका विश्वको सर्वोच्च शक्तिशाली राष्ट्र बन्न सफल भयो । त्यसैगरी साम्यवादी मुलुक सोभियत सङ्घ पनि ठुला उद्योगहरू खोलेर प्रशस्त मात्रामा उत्पादन बढायो । यसप्रकार अमेरिका र रुस विश्व राजनीतिमा प्रमुख बन्न पुगे ।

## अन्तर्राष्ट्रिय सहयोगमा वृद्धि

दोस्रो विश्वयुद्धले अन्तर्राष्ट्रिय सहयोगको भावनाको ठुलो विकास भयो । खाद्याभाव, अविकसित देशहरूको विकास, महामारीहरूको रोकथाम जस्ता समस्यालाई सुल्झाउन संसारका विकसित देशले अविकसित देशहरूलाई सहायताका लागि पुँजी सहयोग प्रदान गरे । साम्यवादी देशहरूलाई आर्थिक सुविधा प्रदान गर्न COMECON i.e. Council of Mutual Economic Assistance को स्थापना गरियो । त्यस्तै NATO का सदस्य राष्ट्रहरूलाई आर्थिक सहयोग गर्न Marshall Plan को कार्यान्वयन गरियो ।

## संयुक्त राष्ट्र सङ्घको स्थापना

UNITED NATIONS

विश्व शान्तिको प्रमुल उद्देश्यले द्वितीय विश्वयुद्धपश्चात् २४ अक्टोबर १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो । समस्याको शान्तिपूर्ण समाधान गर्न अन्तर्राष्ट्रिय सहयोगको अभिवृद्धिमा UNO को ठुलो योगदान रहेको छ । अविकसित राष्ट्रहरूको आर्थिक विकासमा UNO को भूमिका प्रशंसनीय रहेको छ ।

## अभ्यास

**१ . तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) उपनिवेशको परिचय दिनुहोस् ।

(ख) शीतयुद्धको परिभाषा दिनुहोस् ।

(ग) तपाईंको विचारमा दोस्रो विश्वयुद्धको सबैभन्दा सकारात्मक परिणाम के हो ? कारणसहित उल्लेख गर्नुहोस् ।

(घ) संयुक्त रायट्रसङ्घको स्थापना कहिले भयो ? मिति लेख्नुहोस् ।

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) दोस्रो विश्वयुद्धपछिका राजनीतिक र आर्थिक परिणामहरूको सूची तयार पारी छोटकरीमा वर्णन गर्नुहोस् ।

(ख) दोस्रो विश्वयुद्ध र राष्ट्रिय आन्दोलनको विकासबिचको सम्बन्ध प्रस्ट पार्नुहोस् ।

(ग) छोटो टिप्पणी गर्नुहोस् :

(अ) NATO र Warsaw Pact

(आ_ Marshall Plan र COMECON

**३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) दोस्रो विश्वयुद्धले नराम्रा मात्र होइन राम्रा कुराहरूको जन्म दियो । पुष्टि गर्नुहोस् ।

(ख) तपाईं दोस्रो विश्वयुद्धपश्चात्को विश्व राजनीतिलाई मूल्याङ्कन गर्नुहुन्छ ? विश्लेषण गर्नुहोस् ।

एकाइ - छ **विश्वव्यापी सङ्गठनको अवधारणा**

पाठ : १ **संयुक्त राष्ट्रसङ्घ (The UNO)**

## अवधारणा

विश्वयुद्धहरू खासगरी प्रथम विश्वयुद्धपश्चात् सबै जनमानस तथा राष्ट्रहरूले शान्ति, स्थायित्व र सुरक्षाको आवश्यकता महसुस गर्न थाले । अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्न सामुहिक उत्तरदायित्त्वको व्यवस्था गर्नका लागि राजनीतिक प्रकृतिको विश्वव्यापी अन्तर्राष्ट्रिय सङ्गठनको आवश्यकता महसुस गरियो ।

प्रथम विश्वयुद्धको परिणामको रूपमा राष्ट्रसङ्घ (The League of Nations) को स्थापना (१० जनवरी १९२०) भएको थियो । अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्ने, अन्तर्राष्ट्रिय सहयोग गर्ने जस्ता प्रमुख उद्देश्यले स्थापित यो संस्था सफल हुन नसकेकाले दोस्रो विश्वयुद्धको सुरुआत हुन पुग्यो ।

## पृष्ठभूमि

राष्ट्रसङ्घको असफलतापश्चात् एक दरिलो उन्तर्राष्ट्रिय संस्थाको खाँचो महसुस भएको सिलसिलामा विभिन्न घोषणा र सम्मेलन भए । यस्ता घोषणा र सम्मेलनहरूमा १२ जुन १९४१ मा १४ राष्ट्रहरूद्वारा गरिएको अन्तरसम्बन्ध घोषणा, १४ अगस्त १९४१ मा भएको एटलान्टिक चार्टर घोषणापत्रलगायतका छन् ।

## एटलान्टिक चार्टर : १९४१

अमेरिकी तत्कालीन राष्ट्रपति F.D. Roosevelt र बेलायतका तत्कालीन प्रधानमन्त्री Winston Churchill बिच एटलान्टिक महासागरमा एक पानीजहाजमा भेटघाट र कुराकानी भयो । यस भेटमा युद्ध समाप्त गर्ने सङ्कल्पसहित तत्पश्चात् हुनसक्ने परिस्थितिबारेमा छलफल गरियो । १४ अगस्तका दिन एटलान्टिक महासागरबाट घोषणा

गरिएकाले यसलाई एटलान्टिक चार्टर भनिन्छ । विश्व शान्तिका लागि आठ सिद्धान्तहरू उल्लेख गरिएका थिए ।



दोस्रो विश्वयुद्धपछि अन्तर्राष्ट्रिय शान्तिलाई चिरस्थायी बनाउन एटलान्टिक चार्टरको महत्त्वपूर्ण भूमिका छ । चार्टरका सिद्धान्त र मान्यताका आधारमा संयुक्त राष्ट्रसङ्घको स्थापना भएको हो ।

संयुक्त राष्ट्रसङ्घको स्थापना हुनुभन्दा अघि एवम् यसको स्थापनामा सहयोग पुऱ्याएका विभिन्न सम्मेलन-हरू यी हुन् :

- अन्तरसम्बन्ध घोषणा, १९४१
- एटलान्टिक चार्टर, १९४१
- संयुक्त राष्ट्रसंघको घोषणा, १९४२
- मास्को घोषणा, १९४३
- तेहरान घोषणा, १९४३
- डम्बर्टन- ओक्स घोषणा, १९४४
- ब्रेटनउड्स सम्झौता, १९४४
- याल्टा सम्मेलन, १९४५
- सान-फ्रान्सिस्को सम्मेलन, १९४५

## सानफ्रान्सिस्को सम्मेलन, १९४५

सन् १९४५ को अप्रिल २५ अमेरिकाको सानफ्रान्सिस्कोमा एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरियो । यस सम्मेनमा ५० राष्ट्रहरूले भाग लिएका थिए । २५ अप्रिलदेखि २६ जुनसम्म चलेको यस सम्मेलनले संयुक्त राष्ट्रसङ्घको बडापत्र (Charter) पारित गरेको थियो ।

**संयुक्त राष्ट्रसङ्घसम्बन्धी केही जानकारी**

- संयुक्त राष्ट्रसङ्घमा हाल १९३ सदस्य रहेका छन् ।
- संयुक्त राष्ट्रसङ्घको बडापत्रमा १११ धारा छन् ।
- संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालय न्यूयोर्कमा रहेको छ ।
- संयुक्त राष्ट्रसङ्घमा ६ वटा भाषाहरू- अंग्रेजी, फ्रेञ्च, रसियन, स्पेनिस, चिनीया र अरेबिकलाई आधिकारिक मान्यता छ ।

५१ राष्ट्रहरूले (पोल्यान्ड पछि सहभागी भएको) २६ जुन १९४५ मा UN Chater मा हस्ताक्षर गरेका थिए । यसप्रकार संयुक्त राष्ट्रसङ्घको स्थापना विधिवत रूपमा २४ अक्टोबर १९४५ मा भएको थियो ।

**संयुक्त राष्ट्रसङ्घको संरचना**

- संयुक्त राष्ट्रका निम्नलिखित प्रमुख अङ्गहरू रहेका छन् :
- महासभा (General Assembly)
- संरचना : सबै सदस्य राष्ट्र सहभागी हुने, वार्षिक रूपमा प्रत्येक वर्ष सेप्टेम्बरको तेस्रो हप्ताबाट प्रधान कार्यालयमा सुरु हुने

**संयुक्त राष्ट्रसङ्घका उद्देश्यहरू**

- अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा कायम राख्ने
- सदस्य राष्ट्रहरूका बिच मैत्रीपूर्ण सम्बन्ध विकसित गर्ने तथा विश्वशान्ति मजबुत पार्न समुचित कदम उठाउने
- अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानवीय समस्या समाधान गर्ने तथा जाति, लिङ्ग, भाषा र धर्ममा भेदभाव नराखी सबैको मौलिक हक एवम् मानवअधिकारप्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्नमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने
- यी सामुदायिक उद्देश्यहरू प्राप्तिका लागि गरिने राष्ट्रहरूका लागि कारवाहीमा समन्वय ल्याउन केन्द्रको रूपमा सङ्घलाई सङ्गठित गर्ने

**प्रमुख कार्यहरू :** आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रको अनुगमन गर्नु, अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्नु, नयाँ सदस्यता प्रदान गर्नु, अस्थायी सदस्यको निर्वाचन गर्नु संयुक्त राष्ट्रसङ्घका प्रमुख कार्य हुन् ।





**सुरक्षा परिषद्**

**संरचना :** १५ सदस्यहरू ५- (चीन, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, फ्रान्स र रुस) स्थायी सदस्य र १० सदस्य भौगोलिक क्षेत्रको आधारमा दुई वर्षका लागि निर्वाचित हुने

**प्रमुख कार्य :** UNO को सिद्धान्तअनुसार शान्ति सुरक्षा कायम गर्नु, विवादको शान्तिपूर्ण समाधान गर्नु, नयाँ सदस्य राष्ट्रको सिफारिस गर्नु र शान्तिसेना परिचालनको सिफारिस गर्नु

सुरक्षा परिषद्मा स्थायी सदस्यलाई VETO Power को अधिकार रहेको छ ।



**अन्तर्राष्ट्रिय न्यायालय**

**संरचना :** १५ न्यायाधीश (एकै देशबाट दुई न्यायाधीश चुनिन सक्दैनन्, न्यायाधीशको कार्यकाल ९ वर्ष)

**प्रमुख कार्य :** सदस्य राष्ट्रहरू बिच उत्पन्न विवादको समाधान गर्न, UN लगायत विशिष्टीकृत संस्थालाई सल्लाह दिनु

## आर्थिक तथा सामाजिक परिषद्

**संरचना :** ५४ सदस्य राष्ट्र (भौगोलिक क्षेत्रको आधारमा विभिन्न महादेशबाट UN महासभाबाट ३ वर्षका लागि निर्वाचित हुने)

**प्रमुख कार्य :**

- अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य एवम् मानवअधिकारको निरिक्षण गर्नु र यिनको पालनामा सिफारिस गर्नु, अभिवृद्धि गर्नु
- UN विशिष्टिकृत संस्थाका गतिविधिमा परामर्श दिनु र समन्वय गर्नु

## जिम्मा जमानी परिषद्

**संरचना :** सुरक्षा परिषदका स्थायी सदस्यहरू र महासभाबाट निर्वाचित अन्य सदस्यहरू

**प्रमुख कार्य :** दोस्रो विश्वयुद्धपछि स्वतन्त्र भएका राष्ट्रहरू र स्वेच्छाले छुट्टिएका राष्ट्र वा क्षेत्रहरूको राजनीतिक, सामाजिक, आर्थिक तथा शैक्षिक उत्थानका लागि कार्य गर्नु । तर हाल UN को यो अङ्ग सक्रिय छैन ।

## सचिवालय

- UN को प्रमुख प्रशासनिक अङ्ग हो ।
- महासचिव सचिवालयको प्रमुख हुने व्यवस्था छ ।
- महासचिवको नियुक्ति महासभाबाट सुरक्षा परिषदको सिफारिसमा पाँच वर्षका लागि हुने छ ।
- मानवअधिकार, निशस्त्रीकरण तथा दिगो विकास सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार पार्नु, विभिन्न प्रतिवेदनको प्रकाशन तथा वितरणलगायतका प्रशासनिक कार्य गर्नु सचिवलायका प्रमुख कार्य हुन् ।






उल्लिखित संयुक्त राष्ट्रसङ्घका प्रमुख अङ्ग बाहेक UN सँग विशेष सन्धिको आधारमा आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय सङ्गठनहरू रहेका छन् जसलाई विशिष्टीकृत संस्था (Specialized Agency) भनिन्छ । यी विशिष्टीकृत संस्थाले महासभा र आर्थिक तथा सामाजिक परिषद् अन्तर्गत रहेर आफ्ना कार्य सञ्चालन गर्छन् । ILO, FAO, UNESCO, WHO, IMF लगायतका विशिष्टीकृत संस्थाले UN लाई आफ्नो उद्देश्य प्राप्तिमा योगदान पुऱ्याएका छन् ।

बहुराष्ट्रिय लगानी प्रत्याभूति, जलवायु परिवर्तन, खाद्य सङ्कट न्यूनीकरण, अन्तर्राष्ट्रिय आर्थिक सहयोगलगायतका क्षेत्रमा UN विशिष्टीकृत संस्थाको महत्त्वपूर्ण योगदान रहेको छ ।

## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) संयुक्त राष्ट्रसङ्घको स्थापना कहिले भयो ? पूरा मिति लेख्नुहोस् ।

(ख) संयुक्त राष्ट्रसङ्घमा हाल कति सदस्य रहेका छन् ?

(ग) संयुक्त राष्ट्रसङ्घका संस्थापक सदस्य सङ्ख्या कति थियो ?

(घ) संयुक्त राष्ट्रसङ्घका वर्तमान महासचिवको नाम उल्लेख गर्नुहोस् ।

(ङ) राष्ट्रसङ्घीय विशिष्टीकृत संस्था भन्नाले के बुझ्नुहुन्छ ?

## २. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) संयुक्त राष्ट्रसङ्घको स्थापनामा एटलान्टिक चार्टरको भूमिका छोटकरीमा वर्णन गर्नुहोस् ।

(ख) संयुक्त राष्ट्रसङ्घको महासभाका कार्यहरू छोटकरीमा वर्णन गर्नुहोस् ।

(ग) राष्ट्रसङ्घीय सुरक्षा परिषद्लाई किन कार्यकारिणी अङ्ग मानिन्छ ? छोटकरीमा प्रस्तुत गर्नुहोस् ।

(घ) संयुक्त राष्ट्रसङ्घीय सचिवालयका कार्यहरूको सूची तयार पार्नुहोस् ।

(ङ) जिम्मा जमानी परिषद् किन सक्रिय छैन ? पुष्टि गर्नुहोस् ।

(च) राष्ट्रसङ्घीय विशिष्टीकृत संस्थाहरूको कार्य छोटकरीमा वर्णन गर्नुहोस् ।

## ३. तलका प्रश्नहरूको लामोउत्तर दिनुहोस् :

(क) संयुक्त राष्ट्रसङ्घ स्थापनाको पृष्ठभूमिको विश्लेषण गर्नुहोस् ।

(ख) राष्ट्रसङ्घीय महासभा र सुरक्षा परिषद्का कार्यहरूको अन्तरसम्बन्ध विवेचना गर्नुहोस् ।

(ग) संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

# पाठ - २ संयुक्त राष्ट्रसङ्घ र नेपाल

## पृष्ठभूमि

संयुक्त राष्ट्रसङ्घको स्थापना दोस्रो विश्वयुद्धको महत्त्पूर्ण परिणाम मानिन्छ । संयुक्त राष्ट्रसङ्घमा हाल १९३ राष्ट्रहरू सदस्य रहेका छन् । संयुक्त राष्ट्रसङ्घलाई राष्ट्रसङ्घ (The League of Nations) को अत्तराधिकारी संस्था मानिन्छ । संयुक्त राष्ट्रसङ्घको स्थापनापश्चात् कुनै विध्वंशकारी युद्ध नहुनु, ५१ सदस्य संस्थापक भएको यस संस्थामा हाल १९३ सदस्य रहनु आफैँमा उपलब्धि मान्न सकिन्छ ।

वातावरण संरक्षण, जनसङ्ख्या नियन्त्रण, क्षेत्रीय सहयोग, शान्ति स्थापना, शरणार्थी समस्या समाधान, स्वशासन र स्व-आस्था, द्वन्द्व समाधान, प्राकृतिक प्रकोप न्यूनीकरण, मानवअधिकार जस्ता महत्त्वपूर्ण क्षेत्र वा विषयलाई UN का उपलब्धिका रूपमा लिन सकिन्छ ।

**संयुक्त राष्ट्रसङ्घका विविध क्षेत्रका उपलब्धिलाई यसरी हेर्न सकिन्छ :**

- उपनिवेशवाद विरुद्धका उपलब्धि
- अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्ने कार्यमा गरिएका उपलब्धिहरू
- आर्थिक तथा सामाजिक क्षेत्रमा सहयोग वृद्धि गर्ने कार्यमा गरिएका उपलब्धिहरू
- मानवअधिकारको स्थापनाको लागि गरेका उपलब्धिहरू
- अन्तर्राष्ट्रिय कानुनको संहिताकरण तथा क्रमबद्ध विकासका कार्यमा गरेका उपलब्धि
- वातावरण संरक्षण गर्ने कार्यमा भएका उपलब्धि

संयुक्त राष्ट्रसङ्घले उपनिवेशवाद विरुद्ध औपनिवेशिक राष्ट्र तथा जनतालाई स्वतन्त्रता प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । जिम्मा-जमानी परिषद्बाट भएका कार्यहरू, स्वतन्त्रता प्रदान गर्ने सम्बन्धी घोषणा सन् १९६० मा पारित गरिनु महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

त्यस्तै राष्ट्रसङ्घीय महासभाले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्ने कार्यहरूमा धेरै उपलब्धि भएका छन् । सन् १९५७ मा शान्तिपूर्ण र असल छिमेकीपनसम्बन्धी प्रस्ताव, सन् १९६५ को अहस्तक्षेप विषयक घोषणापत्र, सन् १९८१ को आणविक विपत्तिको रोकथाम विषयक घोषणापत्र महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । त्यस्तै कङ्गो, साइप्रस, कोरिया, भारत-पाक जस्ता समस्यामा शान्तिसेना, पर्यवेक्षक समूह पठाई उल्लेखनीय कार्य गरेको छ ।

संयुक्त राष्ट्रसङ्घीय महासभाले विभिन्न विकास कार्यक्रमहरू पारित गरेको छ । जस्तै : विश्व खाद्य कार्यक्रम, राष्ट्रसङ्घीय बालकोष, स्वयंसेवा कार्यक्रमको स्थापना एवम् सञ्चालन महत्त्वपूर्ण उपलब्धि हुन् ।

मनवअधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, जातीय भेदभाव उन्मूलन विषयको अन्तर्राष्ट्रिय सन्धि, रङ्गभेद अपराधको दमन तथा सजायको अन्तर्राष्ट्रिय सन्धि, मानवअधिकारको स्थापनालाई मानवअधिकारको क्षेत्रमा भएका महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

राष्ट्रसङ्घीय पर्यावरण विकास कार्यक्रम, रियो दि जेनेरियो सम्मेलन आदि वातावरण क्षेत्रका महत्त्वपूर्ण उपलब्धि हुन् ।

**संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका**



नेपाल एक सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र राष्ट्र हो । १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्यता लिएको हो । नेपालको परराष्ट्र नीति नै संयुक्त राष्ट्रसङ्घको बडापत्रमा आधारित छ । विश्वशान्ति, असंगलनता जस्ता आधारभूत मान्यताबाट नेपालको परराष्ट्र नीति र विश्व सम्बन्ध परिचालित छ ।

शान्ति स्थापना गर्ने सम्बन्धमा, जातीय विभेद, रङ्गभेद तथा उपनिवेशवादको अन्त्य गर्ने, एक राष्ट्रले अर्को राष्ट्रलाई शोषण, दमन र थिचोमिचो, अमानवीय व्यवहार गरेको

विरुद्धमा संयुक्त राष्ट्रसङ्घका विभिन्न निकाय र अङ्गमा रही नेपालले आफ्नो आवाज उठाएको छ ।

राष्ट्रसङ्घीय शान्ति अभियानमा नेपाली सेनाको महत्त्वपूर्ण भूमिका रहेको छ । सन् १९५८ देखि हालसम्म विभिन्न राष्ट्रहरूमा शान्ति स्थापना कार्यमा नेपाली सेनाले संयुक्त राष्ट्रसङ्घलाई सहयोग पुऱ्याएको छ ।

नेपाल जातीय भेद, रङ्गभेद विरुद्धको विषयका विभिन्न समितिमा रहेर कार्य गरेको छ । आणविक हतियारको प्रसारण रोक्ने, त्यसको परिक्षण गर्ने सन्धिमा नेपालले हस्ताक्षर गरेको छ । यसैक्रममा सहारामा परमाणु अस्त्र परीक्षण गर्ने फ्रान्सको योजामा गठित समितिको अध्यक्ष नेपालले खेद प्रस्ताव पारित गराएर शान्तिप्रिय रहेको नमुना प्रस्तुत गरेको छ ।

हङ्गेरी समस्याको जाँचबुझ समितिको अध्यक्ष, महासचिव ड्याग ह्यामररोल्जको जहाज दुर्घटना जाँचबुझ आयोगको अध्यक्ष भई महत्त्वपूर्ण भूमिका निभाएको थियो ।

भू-परिवेष्ठित राष्ट्रहरूको पारवहन हकको न्यायनेचित माग र सामूहिक मागका लागि संयुक्त राष्ट्रसङ्घमा आवाज उठाएको थियो ।

नेपालले संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रममा सन् १९८४-८६ सम्म सदस्य रही विश्व वातावरणसम्बन्धी नीति, नियम निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

विश्वको जनसङ्ख्या एवम् विकाससम्बन्धी अध्ययन अनुसन्धान गर्ने, प्रतिवेदन तयार पार्ने कायका लागि सन् १९९६ मा Commission on Population and Development मा रही नेपालले सराहनीय कार्य गरेको थियो ।


नेपाल आर्थिक तथा सामाजिक परिषद्अन्तर्गतको मानवअधिकार आयोगमा दुईपटक ( १९९५-९७ र १९९८-२०००) सदस्यको रूपमा कार्य गरी मानवअधिकारको बचाउ, सम्मान विषयमा योगदान रहेको छ ।

नेपालले राष्ट्रसङ्घीय विशिष्टीकृत संस्थाहरूमा रही इमान्दारीपूर्वक कार्य कुशलतापूर्वक कार्य सम्पन्न गरेको छ । FAO, UNESCO, WMO, WHO जस्ता विशिष्टीकृत संस्थामा रही सम्बन्धित क्षेत्रको नीति, विकास योजना, साथै सुधारका कार्यमा नेपालले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

साथै, सन् १९५८ मा राष्ट्रसङ्घीय महासभाको उपाध्यक्ष, १९६९-७० र १९८८-८९ मा दुईपटक सुरक्षा परिषद्मा अस्थायी सदस्य रही कार्य गरिसकेको छ ।

संयुक्त राष्ट्रसङ्घको हरेक वर्ष हुने महासभाको अधिवेशनमा नेपालको सहभागिता रही विश्व शान्ति, भ्रातृत्व र विश्वबन्धुत्वका लागि जायज आवाज उठाउँदै आएको छ । राष्ट्रसङ्घ र विशिष्टीकृत संस्थाबाट आयोजना हुने विभिन्न आर्थिक, सामाजिक, वातावरणीय सम्मेलनमा सहभागी भई यी क्षेत्रको अभिवृद्धिमा नेपालको पूर्ण प्रतिबद्धता रहेको छ ।

संयुक्त राष्ट्रसङ्घले नेपालको आर्थिक, सामाजिक विकास एवम् शान्ति स्थापनार्थ महत्त्वपूर्ण रहेको छ । UN को पहलमा ‘लुम्बिनी विकासका लागि अन्तर्राष्ट्रिय समिति’ को  गठन, बेलाबेलामा UN महासचिवको नेपाल भ्रमण हुनुबाट पनि UN को नेपाललाई हेर्ने दृष्टिकोण पुष्टि गर्छ ।






## अभ्यास

**१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :**

(क) नेपाल कहिले संयुक्त राष्ट्रसङ्घको सदस्य भयो ?

(ख) राष्ट्रसङ्घीय शान्ति सेनाको परिभाषा एक वाक्यमा लेख्नुहोस् ।

(ग) नेपाल कहिले सुरक्षा परिषद्को अस्थायी सदस्य भयो ?

(घ) राष्ट्रसङ्घीय विशिष्टीकृत संस्थाले गर्ने कुनै एक कार्य उल्लेख गर्नुहोस् ।

(ङ) राष्ट्रसङ्घले मानवअधिकारको संरक्षणमा पुऱ्याएको योगदान एक बुँदामा उल्लेख गर्नुहोस् ।

**२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) संयुक्त राष्ट्रसङ्घले आर्थिक, सामाजिक विकासमा पुऱ्याएको योगदान छोटकरीमा वर्णन गर्नुहोस् ।

(ख) संयुक्त राष्ट्रसङ्घले मानवअधिकारको संरक्षण र संवर्धनमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

(ग) संयुक्त राष्ट्रसङ्घको शान्ति अभियानमा नेपालको योगदानको चर्चा गर्नुहोस् ।

(घ) नेपालको विकासमा राष्ट्रसङ्घ र यसका विशिष्टीकृत संस्थाको योगदानको खोजिनीति गर्नुहोस् ।

(ङ) शान्तिसेनामा नेपाली सेनाको भूमिकाको मूल्याङ्कन गर्नुहोस् ।

**३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) संयुक्त राष्ट्रसङ्घ उद्देश्य अनुरूपमा कार्य गर्न के कति सफल भएको छ ? मूल्याङ्कन गर्नुहोस् ।

(ख) तपाईं संयुक्त राष्ट्रसङ्घमा नेपालको योगदानलाई कसरी विश्लेषण गर्नुहुन्छ ? टिप्पणी गर्नुहोस् ।

# एकाइ - सात प्रयोगात्मक क्षेत्र

## पाठ - १ ऐतिहासिक खोज

इतिहास तथ्यपूर्ण र सत्य भएमा मात्र यसले भविष्यको मार्ग निर्देशन गर्दछ । सही प्रमाण र तथ्यहरूले मात्र इतिहासको पुष्टि गर्दछन् । ऐतिहासिक वस्तुहरूको अध्ययन गरेर तथ्यपूर्ण इतिहास खोज्न सकिन्छ । विगतका सत्य तथ्यहरू पत्ता लगाउनका लागि अनुसन्धानको आवश्यकता पर्दछ । अनुसन्धान भनेको खोज हो । अनुसन्धान गर्दा निम्नलिखित प्रक्रिया अपनाउनुपर्दछ :

विषय :

पृष्ठभूमि :

उद्देश्यहरू :

अध्ययन विधि :

प्राप्त जानकारी :

सुझावहरू :

**अनुसन्धान प्रतिवेदनको नमुना**

नौबिस चन्द्रकोटको अध्ययन

पृष्ठभूमि

नौबिस चन्द्रकोट हालको गुल्मी र बाग्लुङ जिल्ला समेट्ने एउटा क्षेत्र हो । नेपाल एकीकरण हुनुभन्दा अगाडि यो एउटा भूरे राज्य थियो र यहाँ राखुका ठकुरीहरूले शासन गर्दथे । यो प्रतिवेदनभित्र नौबिस चन्द्रकोटको बारेमा अध्ययन गर्नुको उद्देश्य, अध्ययन विधि, प्राप्त सूचना तथा सुझावहरू संलग्न गरिएका छन् ।

**उद्देश्य**

मेरो यो अध्ययनका उद्देश्यहरू यसप्रकार थिए:

(क) नौबिस चन्द्रकोटको अवस्थितिको पहिचान गर्ने

(ख) भुरे राज्यको शासन व्यवस्थाका बारेमा जानकारी लिने

(ग) यो राज्यको नेपालमा एकीकरणका विषयमा जानकारी लिने

**अध्ययन विधि**

मैले मेरो अध्ययनलाई पूरा गर्नका लागि निम्नलिखित विधिहरू अवलम्बन गरेको थिएँ:

(क) स्थलगत भ्रमण

(ख) साहित्यिक अध्ययन

(ग) स्थानीय ज्येष्ठ नागरिक तथा जानकारहरूसँग छलफल

**प्राप्त जानकारी**

(क) नौबिस चन्द्रकोट राज्य मध्यकालको भुरे राज्य हो । यो हालका बाग्लुङ र गुल्मी जिल्लाका केही क्षेत्रहरू समेटने गरी विस्तार भएको थियो । यो राज्यको पूर्वमा तोलाकोट र कालीगण्डकी, पश्चिममा दिब्रुङ, उत्तरमा सिन्दूरे र दक्षिणमा रूपाकोट सम्म फैलिएको थियो ।

(ख) किंवदन्तीहरू र ज्येष्ठ नागरिकहरूका भनाइअनुसार राखु (हालको म्याग्दी वा पर्वत) का ठकुरीहरूले यहाँ भुरे राज्य स्थापना गरि केही समय शासन चलाएका थिए । तर पछि चन्द्रकोटकै स्थानीय पौडेल र न्यौपानेहरूले ती राखुका ठकुरीहरूलाई विस्थापित गरी यहींकै थापाहरूलाई राजकाजको जिम्मेवारी दिएका थिए ।

(ग) वि.सं. १८४३ भाद्र २८ गते चन्द्रकोट राज्यलाई नेपाली फौजले एकीकरण गरी यसको शासनको जिम्मा पाल्पालाई दिएको थियो । यो राज्यको एकीकरणका लागि सरदार अमरसिंह रानाको नेतृत्वमा दुई कम्पनी फौज आएको थियो ।

**निष्कर्ष**

नेपालमा यस्ता अनेक ऐतिहासिक र धार्मिक स्थलहरू छन् । त्यस्ता क्षेत्रहरूको संरक्षण गर्नु आवश्यक छ । हाल नेपाल सरकारले गुल्मीमा चन्द्रकोट गाउँ पालिका बनाउनु

सकरात्क कुरा हो । यसको संरक्षण र प्रचारमा सर्वसाधारण र स्थानीय सरकारको ध्यान जानु आवश्यक छ ।

## अभ्यास

(क) आफ्नो क्षेत्रमा उपलब्ध कुनै एक पुरातात्त्विक/ऐतिहासिक/धार्मिक/सांस्कृतिक वस्तुको खोज गरी माथिको प्रक्रिया अपनाएर एउटा प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) वंशावली पनि इतिहासको महत्त्वपूर्ण श्रोत हो । तपाइँले आफ्नो वंशावली निर्माण गर्नुहोस् । यसका लागि आफ्नो वंशको विवरण खोज्नुहोस् ।

**मेरो वंशावली विवरण**

वंश/थर :

उत्पत्ति भएको स्थान :

वंशका सबैभन्दा पुराना मानिसको (मूलव्यक्ति) नाम :

मूलव्यक्ति र उनका सन्तानको पेसा:

बसाइँसराइ भएका स्थानहरू:

बसाइँसराइ गर्नुपर्ने कारण:

हाल रहेको स्थान :

हालको स्थानमा आएका व्यक्ति :

यस स्थानमा आएर बसेका अन्दाजी वर्ष :


यस स्थानमा आउनुपर्नाको कारण :

## पाठ - २ समयरेखा निर्माण र प्रयोग

विभिन्न समयमा घटेका घटनाहरूलाई सहज रूपले अध्ययन मनन गर्नका लागि रेखाको माध्यमले देखाइएको मिति र घटनाहरूको विवरण नै समयरेखा हो । यसमा तिथिमिति अनुसार घटनाहरूलाई क्रम मिलाएर देखाइन्छ । समय रेखा इतिहास अध्ययनको महत्त्वपूर्ण पक्ष हो ।


समय रेखाका विभिन्न किसिमहरू हुन्छन् । त्यसमध्ये विकासान्मुख र परावर्तित समय रेखा बढी प्रचलनमा रहेका छन् ।

**विकासोन्मुख समयरेखा** **संयुक्त राष्ट्र सङ्घ स्थापना**




**स्केल : एक कोठा बराबर १ वर्ष र एक लाइन बराबर १ महिना**

**परावर्तित समयरेखा** **संयुक्त राष्ट्र सङ्घ स्थापना**




**स्केल : एक कोठा बराबर १ वर्ष र एक लाइन बराबर १ महिना**

## अभ्यास

**तल दिइएका मिति र घटनाहरूलाई समय रेखामा देखाउनुहोस् :**

**२००७ सालदेखि २०१७ सालसम्मका शैक्षिक गतिविधिहरू :**

- वि.सं. २००७ सालमा शिक्षा मन्त्रालयको स्थापना
- वि.सं २००८ असोज ६ गतेदेखि कन्या कलेजको स्थापना
- वि.सं. २००९ सालमा सरदार रुद्रराज पाँडेका अध्यक्षतामा राष्ट्रिय शिक्षा बोर्ड र वि.सं. २०१० चैत ९ गते राष्ट्रिय शिक्षा योजना आयोगको गठन
- वि.सं. २०११ सालमा राष्ट्रिय शिक्षक शिक्षण/तालिम केन्द्रको स्थापना
- वि.सं.२०१४ कात्तिक देशभरिका माध्यमिक विद्यालयहरूमा शिक्षणको माध्यम नेपाली हुनुपर्ने नियम ।
- वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना
- वि.सं. २०१३ भदौ २४ गते कलेज अफ एजुकेसनको स्थापना